<u>सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक</u>

<u>प्रस्तावना</u>: सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धी व्यवस्था गरी सो सेवालाई राष्ट्र हित र सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध, राजनीतिक रूपमा तटस्थ, पेशागत रूपमा सक्षम, सुदृढ, सेवामूलक, उत्तरदायी र व्यावसायिक बनाउँदै सुशासनमुखी संयन्त्रको रूपमा विकास गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

परिच्छेद–१

<u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस ऐनको नाम "सङ्घीय निजामती सेवा ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अख्तियारवाला" भन्नाले सङ्घीय निजामती सेवाको पदमा नियुक्ति गर्न अधिकारप्राप्त दफा १६ बमोजिमको अधिकारी सम्झनु पर्छ।

(ख) "कार्यालय प्रमुख" भन्नाले कार्यालयको प्रमुख भई कामकाज गर्न तोकिएको कर्मचारी सम्झनु पर्छ र सो शब्दले विभागीय प्रमुखलाई समेत जनाउँछ ।

(ग) "तलब" भन्नाले निजामती कर्मचारीको तत्कालको तलब रकम (तलब वृद्धि समेत) सम्झनु पर्छ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "निजामती कर्मचारी" भन्नाले सङ्घीय निजामती सेवाको पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ ।

(च) "सङ्घीय निजामती सेवा" भन्नाले दफा ५ बमोजिम गठित सङ्घीय निजामती सेवा सम्झनु पर्छ ।

(छ) "परिवार" भन्नाले निजामती कर्मचारीसँग बस्ने वा निजले पालन पोषण गर्नुपर्ने निजको पति, पत्नी, छोरा, छोरी, बाबु र आमा सम्झनु पर्छ र सो शब्दले विवाहित निजामती कर्मचारीको हकमा निजसँग बस्ने वा निजले पालन पोषण गर्नुपर्ने निजको सासु, ससुरालाई समेत जनाउँछ ।

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ ।

(झ) "विभागीय प्रमुख" भन्नाले तोकिएको अधिकारी सम्झनु पर्छ।

(ञ) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकको कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रूपले बसोबास गर्न पाउने गरी उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डी.भी.), पर्मानेन्ट रेजिडेन्ट भिसा

(पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ।

(ट) "स्थायी पद" भन्नाले निवृत्तिभरण वा योगदानमा आधारित निवृत्तिभरण पाउने र म्याद नतोकिएको सङ्घीय निजामती सेवाको पद सम्झनु पर्छ ।

३. सङ्घीय निजामती सेवा सम्बन्धी केन्द्रीय निकाय: (१) सङ्घीय निजामती सेवाको गठन, सञ्चालन तथा निजामती कर्मचारीको व्यवस्थापनका सम्बन्धमा मन्त्रालयले केन्द्रीय निकायको रूपमा काम गर्नेछ।

(२) सङ्घीय निजामती प्रशासन सम्बन्धी काम गर्दा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित कुनै विषयमा द्विविधा भएमा त्यस्तो विषयमा निर्णय गर्नु पूर्व मन्त्रालयको नीतिगत स्वीकृति लिनु पर्नेछ।

४. सङ्घीय निजामती सेवा सञ्चालनका आधारभूत सिद्धान्तः (१) सङ्घीय निजामती सेवा देहायका आधारभूत सिद्धान्त अनुरूप सञ्चालन हुनेछः-

(क) सङ्घीय निजामती सेवा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीका आधारभूत मूल्य, मान्यता र सिद्धान्तका आधारमा सञ्चालन हुने,

(ख) निजामती कर्मचारीको शुरु नियुक्ति खुला र समावेशी सिद्धान्तको आधारमा प्रतियोगितात्मक परीक्षाद्वारा हुने,

(ग) सङ्घीय निजामती सेवा भ्रष्टाचारमुक्त, व्यावसायिक, जनउत्तरदायी, निष्पक्ष, पारदर्शी, परिणाममुखी, जवाफदेही, स्वच्छ, सक्षम, दक्ष र प्रविधि मैत्री हुने,

(घ) सङ्घीय निजामती सेवा अविच्छिन्न, गैर राजनीतिक र स्थायी सेवाको रूपमा विकास हुने,

(ङ) सङ्घीय निजामती सेवालाई विशेषज्ञ सेवाको रुपमा विकास गरिने,

(च) निजामती कर्मचारीको सरुवा, बढुवा र वृत्ति विकास प्रणाली पारदर्शी, वस्तुनिष्ठ, अनुमानयोग्य र व्यवसायिक क्षमतामा आधारित हुने,

(छ) विभिन्न सङ्घीय ईकाईमा रहने सरकारी सेवाहरुबीच समन्वय र सहकार्यको माध्यमबाट सुमधुर र सहयोगात्मक सम्बन्ध विकास र विस्तार हुने।

(२) उपदफा (१) बमोजिमका आधारभूत सिद्धान्तहरु प्रदेश निजामती सेवा, स्थानीय सेवा तथा अन्य सबै सरकारी सेवामा समेत लागू हुनेछन् ।

परिच्छेद- २

## संघीय निजामती सेवाको गठन

५. संघीय निजामती सेवाको गठन: (१) संघीय निजामती सेवा अन्तर्गत देहाय बमोजिमका सेवाहरू रहनेछन् :-

(क) नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा,

(ख) नेपाल इन्जिनियरिङ्ग सेवा,

(ग) नेपाल कृषि सेवा,

(घ) नेपाल न्याय सेवा,

(ङ) नेपाल परराष्ट्र सेवा,

(च) नेपाल प्रशासन सेवा,

(छ) नेपाल लेखापरीक्षण सेवा,

(ज) नेपाल वन सेवा,

(झ) नेपाल विविध सेवा,

(ञ) नेपाल शिक्षा सेवा, र

(ट) नेपाल सूचना प्रविधि सेवा।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल विविध सेवाको तोकिएका पदमा वहाल रहेका कर्मचारी नेपाल सूचना प्रविधि सेवामा समूहिकृत हुनेछन् ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अधिकृत तेह्रौं तहसम्म नै सेवा विशिष्टीकरण गर्ने प्रयोजनको लागि देहाय बमोजिमका सेवाको समूहीकरण (क्लष्टर) गरिनेछ:-

(क) नेपाल इन्जिनियरिङ्ग सेवा,

(ख) नेपाल कृषि तथा वन सेवा,

(ग) नेपाल न्याय सेवा,

(घ) नेपाल परराष्ट्र सेवा,

(ङ) नेपाल प्रशासन सेवा, र

(च) नेपाल लेखापरीक्षण सेवा ।

(४) उपदफा (३) बमोजिमको सेवामा रहने अधिकृत तेह्रौं तहका पदहरु तोकिए बमोजिम हुनेछन् ।

(५) उपदफा (१) बमोजिमको सेवा अन्तर्गत तोकिए बमोजिमका विभिन्न समूह तथा उपसमूह रहनेछन् ।

(६) उपदफा (१) बमोजिमको सेवामा रहने विभिन्न पदहरूको लागि चा

न्यूनतम योग्यता तोकिए बमोजिम हुनेछ ।

६. श्रेणी र तह: (१) सङ्घीय निजामती सेवामा देहाय बमोजिमका श्रेणी र तह रहनेछन् :-

| क्र.सं. | श्रेणी | तह |
|---|---|---|
| १. | राजपत्राङ्कित विशिष्ट | अधिकृत तेह्रौं |
| २. | राजपत्राङ्कित प्रथम | अधिकृत बाह्रौं |
| | | अधिकृत एघारौं |
| ३. | राजपत्राङ्कित द्वितीय | अधिकृत दशौं |
| | | अधिकृत नवौं |
| ४. | राजपत्राङ्कित तृतीय | अधिकृत आठौं |
| | | अधिकृत सातौं |
| | | अधिकृत छैठौं |
| ५. | राजपत्र अनङ्कित प्रथम | सहायक पाँचौं |
| ६. | राजपत्र अनङ्कित द्वितीय | सहायक चौथो |
| ७. | राजपत्र अनङ्कित तृतीय | सहायक तेस्रो |
| ८. | राजपत्र अनङ्कित चतुर्थ | सहायक दोस्रो |
| ९. | राजपत्र अनङ्कित पाँचौं | सहायक पहिलो |

(२) यो ऐन प्रारम्भ हुँदाका बखत देहायको श्रेणीमा बहाल रहेको निजामती कर्मचा देहायको तहमा कायम भएको मानिनेछ:-

(क) राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव वा सो सरहको पदमा बहाल रहे कर्मचारी अधिकृत तेह्रौं तहमा,

(ख) राजपत्राङ्कित प्रथम श्रेणीको पदमा बहाल रहेको कर्मचारी अधिकृत एघ तहमा,

(ग) राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा बहाल रहेको कर्मचारी अधिकृत न तहमा,

(घ) राजपत्राङ्कित तृतीय श्रेणीको पदमा बहाल रहेको कर्मचारी अधिकृत स तहमा,

(ङ) राजपत्र अनङ्कित प्रथम श्रेणीको पदमा बहाल रहेको कर्मचारी सहायक प तहमा,

(च) राजपत्र अनङ्कित द्वितीय श्रेणीको पदमा बहाल रहेको कर्मचारी सहायक चौथो तहमा,

(छ) राजपत्र अनङ्कित तृतीय श्रेणीको पदमा बहाल रहेको कर्मचारी सहायक तेस्रो तहमा,

(ज) राजपत्र अनङ्कित पाँचौं श्रेणी वा श्रेणी विहिन पदमा बहाल रहेको कर्मचारी सहायक पहिलो तहमा ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्र अनङ्कित तृतीय श्रेणी वा सहायक तेस्रो तहमा कुनै निजामती कर्मचारीको पदाधिकार नरहेमा सो श्रेणी वा तहको पद स्वतः खारेज हुनेछ।

(४) यो ऐन प्रारम्भ हुनु अघि श्रेणी विहीन पदमा बहाल रहेको निजामती कर्मचारी यो ऐन प्रारम्भ भएपछि स्वत: राजपत्र अनङ्कित पाँचौं श्रेणी वा सहायक पहिलो तहमा कायम भएको मानिनेछ।

(५) उपदफा (१) बमोजिमको श्रेणी वा तहमा रहने पदनाम तोकिए बमोजिम हुनेछ।

८. <u>कार्यविवरण र कार्यसम्पादन सम्झौता</u>: (१) सम्बन्धित निकायको कार्यविवरणको आधारमा प्रत्येक निकायले प्रत्येक पदको काम, कर्तव्य, उत्तरदायित्व र अधिकार सहितको कार्यविवरण स्वीकृत गरी लागू गर्नु पर्नेछ ।

तर राजपत्राङ्कित विशिष्ट श्रेणीको पदको कार्यविवरण नेपाल सरकारले स्वीकृत गर्नेछ ।

(२) निजामती कर्मचारीलाई पदस्थापन गर्दा निजको कार्यविवरण समेत उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपलब्ध गराइएको कार्यविवरणको आधारमा योजना, कार्यक्रम, आवधिक लक्ष्य र उत्तरदायित्व समेत निर्धारण गरी राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव, विभागीय प्रमुख, कार्यालय प्रमुख तथा आयोजना प्रमुखसँग वार्षिक रूपमा तोकिए बमोजिम कार्य सम्पादन सम्झौता गरिनेछ ।

(४) उपदफा (३) बमोजिम कार्यसम्पादन सम्झौता गर्दा देहायको पदाधिकारीले देहायको पदाधिकारीसँग गर्नु पर्नेछः-

(क) नेपाल सरकारको मुख्य सचिव र मन्त्रालयको सचिवले विभागीय मन्त्रीसँग,

(ख) राष्ट्रपतिको कार्यालय वा उपराष्ट्रपतिको कार्यालयको सचिवले नेपाल सरकारको मुख्य सचिवसँग,

(ग) संवैधानिक निकायको सचिवले सो निकायको प्रमुखसँग,

(घ) विभागीय प्रमुखले मातहत निकायको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिवसँग,

(ङ) कार्यालय प्रमुख वा आयोजना प्रमुखले विभागीय प्रमुखसँग।

(५) उपदफा (३) बमोजिम कार्यसम्पादन सम्झौता गर्दा अन्य विषयका अतिरिक्त देहायका विषयहरू खुलाउनु पर्नेछः-

(क) कर्मचारीले सम्पादन गर्ने कामको विवरण र समयावधि,

(ख) सम्पादन गर्नुपर्ने कामको त्रैमासिक र वार्षिक लक्ष्य तथा कार्ययोजना,

(ग) उत्तरदायित्व प्रवर्द्धन र सेवा प्रवाहमा सुधार गरी सुशासन कायम गर्ने तथा कार्यालयको समग्र कार्यसम्पादनको स्तर बढाउने विषय,

(घ) कार्यसम्पादनका उपलब्धी सूचक तथा कार्य प्रगति मापनका लागि वस्तुनिष्ठ आधार सहितको अङ्कभार,

(ङ) तोकिएको लक्ष्यभन्दा अतिरिक्त कार्य गरेमा वा अन्य सिर्जनात्मक, नवप्रवर्द्धनात्मक, अनुकरणीय, चुनौतीपूर्ण वा जोखिमपूर्ण कार्य गरेमा थप सुविधा वा प्रोत्साहन गरिने विषय,

(च) नियमित रूपमा प्रगति प्रतिवेदन पेश गर्ने विषय ।

८. सुपरिवेक्षण गर्ने: (१) दफा ७ को उपदफा (३) बमोजिमको कार्य सम्पादन सम्झौता अनुसारको कार्य सम्पादनको प्रगति सम्बन्धमा कार्यसम्पादन सम्झौता गर्ने सम्बन्धित पदाधिकारीले कम्तीमा अर्धवार्षिक र वार्षिक रुपमा सुपरिवेक्षण गर्नु पर्नेछ र यसरी गरिएको सुपरिवेक्षणको आधारमा त्यस्तो कर्मचारीको सम्बन्धमा कार्यसम्पादन टिप्पणी तयार गरी एक प्रति सम्बन्धित कर्मचारीको सुपरिवेक्षकलाई उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित निजामती कर्मचारीको सम्बन्धमा गरिएको कार्यसम्पादन टिप्पणीलाई त्यस्तो कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा आधारको रुपमा लिनु पर्नेछ।

## परिच्छेद-३
## सङ्घीय निजामती सेवाको दरबन्दी तथा पदपूर्ति

९. दरबन्दी सिर्जनाः (१) कुनै सङ्घीय सरकारी कार्यालयको सङ्गठन संरचना वा दरबन्दी सिर्जना गर्न वा त्यस्तो सङ्गठन संरचना वा दरबन्दीमा पुनरावलोकन वा हेरफेर गर्न सम्बन्धित मन्त्रालय वा केन्द्रीयस्तरका निकायले सम्बन्धित विशेषज्ञ समेत रहेको तोकिए बमोजिमको समिति गठन गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गठित समितिले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा सर्वेक्षण गरिने कार्यालयको कार्य प्रकृति, कार्यबोझ, समग्र आर्थिक अवस्था तथा प्रशासनिक खर्चको दायित्व लगायतका विषय विश्लेषण गर्नुको साथै सङ्गठनलाई प्रविधिमैत्री बनाउने र न्यूनतम जनशक्तिबाट अधिकतम प्रतिफल लिने कुरालाई आधार लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गठित समितिले उपदफा (२) बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्दा दरबन्दी सिर्जना, पुनरावलोकन वा हेरफेर गर्नुपर्ने देखेमा सो को कारण र औचित्य समेत खुलाई प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम गठित समितिले उपदफा (३) बमोजिम दरबन्दी सिर्जना, पुनरावलोकन वा हेरफेर गर्ने गरी प्रतिवेदन तयार गर्दा सबै सेवामा रहेका निजामती कर्मचारीको वृत्ति विकासमा यथासम्भव एकरूपता कायम हुने र पदसोपानको अनुपात समेत मिल्ने गरी तयार गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिमको प्रतिवेदन सम्बन्धित मन्त्रालय वा केन्द्रीयस्तरको निकायले नेपाल सरकारको अर्थ मन्त्रालयको सहमति लिई मन्त्रालयमा पठाउनु पर्नेछ र मन्त्रालयले सोको औचित्य समेतको आधारमा मूल्याङ्कन गरी उपयुक्त सङ्गठन संरचना वा दरबन्दी प्रस्ताव गरी स्वीकृतिका लागि तीन महिनाभित्र नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम पेश भएको प्रस्ताव बमोजिम नेपाल सरकारले सङ्गठन संरचना वा दरबन्दी स्वीकृत गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम सङ्गठन संरचना वा दरबन्दी स्वीकृत भएपछि सम्बन्धित मन्त्रालय वा केन्द्रीयस्तरको निकायले राष्ट्रिय किताबखानामा पद दर्ता गरी पदपूर्तिको प्रक्रिया अगाडि बढाउनु पर्नेछ । यसरी राष्ट्रिय किताबखानामा पद दर्ता नगरी त्यस्तो पदमा पदपूर्ति गर्न सकिने छैन ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अस्थायी प्रकृतिका आयोग, समिति, निकाय, सचिवालय, कार्यालय वा आयोजनामा स्थायी दरबन्दी सिर्जना गरिने छैन । त्यस्ता आयोग, समिति, निकाय, सचिवालय, कार्यालय वा आयोजनामा अस्थायी दरबन्दी रहन सक्नेछ ।

(९) उपदफा (८) बमोजिमका निकायको वार्षिक बजेट तथा कार्यक्रम बमोजिम वार्षिक रूपमा आवश्यक पर्ने जनशक्तिको किसिम तथा सङ्ख्या यकिन गरी अस्थायी दरबन्दी सिफारिस गर्न सम्बन्धित मन्त्रालय वा केन्द्रीय स्तरको निकायमा तोकिए बमोजिमको समिति रहनेछ ।

(१०) उपदफा (८) बमोजिमका निकायमा रहेको अस्थायी दरबन्दीमा खटिएका वा काजमा गएका कर्मचारीको पद रिक्त मानी स्थायी पदपूर्ति गर्न पाईने छैन ।

(११) सङ्घीय निजामती सेवाको स्थायी पदमा बहाल रहेको कर्मचारीलाई पुल दरबन्दी वा अन्य कुनै किसिमले कुनै स्थानमा पदाधिकार राखी कुनै निकायमा खटाइएको वा कुटनीतिक नियोग वा अन्य कुनै पदमा नियुक्त गरिएको कारणले मात्र त्यस्तो दरबन्दी रिक्त मानी कुनै पनि तरिकाले पदपूर्ति गर्न पाइने छैन।

तर त्यसरी नियुक्त गरिएको निजामती कर्मचारी त्यसरी नियुक्त गर्दा तोकिएको पदावधिभित्र नै सङ्घीय निजामती सेवाबाट दफा ५६ बमोजिम अनिवार्य अवकाश हुने रहेछ भने सेवा समूह सञ्चालन गर्ने मन्त्रालयमा विशेष दरबन्दी सिर्जना गरी त्यस्तो कर्मचारीको पदाधिकार सो विशेष दरबन्दीमा सारी निजको साविकको पदमा यस ऐन बमोजिम पदपूर्ति गर्न सकिनेछ।

१०. <u>सङ्घीय निजामती सेवाको पदपूर्ति:</u> (१) सङ्घीय निजामती सेवाको रिक्त राजपत्राङ्कित वि
श्रेणीको पद दफा २७ बमोजिम र अन्य पद देहाय बमोजिम पूर्ति गरिनेछ:-

| | श्रेणी | तह | खुला प्रतियोगिताद्वारा | अन्तर तह प्रतियोगिताद्वारा | बढुवाद्वारा |
|---|---|---|---|---|---|
| (क) | राजपत्र अनङ्कित पाँचौं श्रेणी | सहायक पहिलो | १००% | - | - |
| (ख) | राजपत्र अनङ्कित चतुर्थ श्रेणी | सहायक दोस्रो | - | - | - |
| (ग) | राजपत्र अनङ्कित तृतीय श्रेणी | सहायक तेस्रो | - | - | - |
| (घ) | राजपत्र अनङ्कित द्वितीय श्रेणी | सहायक चौथो | ८०% | १०% | १०% |
| (ङ) | राजपत्र अनङ्कित प्रथम श्रेणी | सहायक पाँचौं | | - | १००% |
| (च) | राजपत्राङ्कित तृतीय श्रेणी | अधिकृत सातौं | ७०% | १०% | २०% |
| (छ) | राजपत्राङ्कित द्वितीय श्रेणी | अधिकृत नवौं | १०% | २०% | ७०% |
| (ज) | राजपत्राङ्कित प्रथम श्रेणी | अधिकृत एघारौं | - | - | १००% |

(२) उपदफा (१) को खण्ड (छ) मा उल्लिखित खुला प्रतियोगिताद्वारा पदपूर्ति गरि पदका लागि सम्बन्धित विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको र सङ्घीय निजामती सेव प्रदेश निजामती सेवा, स्थानीय सेवा वा अन्य कुनै सरकारी सेवा वा सङ्गठित संस्था व अन्तर्राष्ट्रिय अन्तर सरकारी संस्थाको अधिकृतस्तरको पदमा कम्तीमा पाँच वर्षको अनुभव प्रा गरेको व्यक्ति उम्मेदवार हुन सक्नेछ ।

<u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनका लागि "सङ्गठित संस्था" भन्नाले देहायका संस्थ सम्झनु पर्छ:-

(क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था,

(ख) प्रचलित कानून बमोजिम स्थापना भएको परिषद्, बोर्ड वा समिति,

(ग) प्रचलित कानून बमोजिम स्थापना भएको शैक्षिक संस्था,

(घ) पब्लिक लिमिटेड कम्पनी, वा

(ङ) प्रचलित कानून बमोजिम दर्ता भएको गैरसरकारी संस्था वा सहकारी संस्था ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित विषयमा विद्यावारिधिको उपाधि प्राप्त गरेको व्यक्ति दुई वर्षभन्दा कम अनुभव भए पनि त्यस्तो पदमा उम्मेदवार हुन सक्नेछ ।

(४) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निकायमा आंशिक रूपमा गरेको काम सम्बन्धी अनुभव सो प्रयोजनका लागि गणना हुने छैन ।

स्पष्टीकरण: यस खण्डको प्रयोजनका लागि "आंशिक रूपमा गरेको काम" भन्नाले प्रति हप्ता चालीस घण्टा भन्दा कम समय गरेको काम सम्झनु पर्छ।

(५) उपदफा (१) वमोजिम अन्तर तह प्रतियोगिताद्वारा पदपूर्ति हुने पदमा सङ्घीय निजामती सेवामा वहाल रहेको वा कर्मचारी समायोजन सम्वन्धी सङ्घीय कानून वमोजिम सरकारी सेवावाट प्रदेश वा स्थानीय तहमा समायोजन भई वा लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगवाट सिफारिस भई प्रदेश निजामती सेवा वा स्थानीय सेवाको एक श्रेणी वा तह मुनीको पदमा वहाल रहेको देहायको कर्मचारी उम्मेदवार हुन सक्नेछः-

(क) सम्वन्धित पदमा वढुवाको लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको,

(ख) दफा २८ को उपदफा (१) वा (२) वमोजिम वढुवाको लागि आवश्यक पर्ने सेवा अवधि पूरा गरेको,

(ग) दफा २९ वा अन्य प्रचलित कानून वमोजिम वढुवाको सम्भाव्य उम्मेदवार हुन नपाउने अवस्था नरहेको।

(६) उपदफा (५) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा वमोजिम प्रदेश निजामती सेवा वा स्थानीय सेवामा वहाल रहेको अधिकृत नवौं वा दशौं तहको कर्मचारीले चाहेमा उपदफा (१) को खण्ड (छ) वमोजिमको पदको लागि अन्तर तह प्रतियोगितामा भाग लिन सक्नेछ।

(७) उपदफा (१) वमोजिम वढुवाद्वारा पूर्ति हुने पदका लागि सम्वन्धित सेवा, समूह वा उपसमूहको एक श्रेणी वा तह मुनिको पदमा बहाल रहेको र बढुवाका लागि आवश्यक न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पूरा गरेको निजामती कर्मचारी सम्भाव्य उम्मेदवार हुन सक्नेछ ।

तर तोकिएको न्यूनतम शैक्षिक योग्यता र बढुवाका लागि आवश्यक पर्ने सेवा अवधि पूरा गरेको राजपत्र अनङ्कित प्रथम श्रेणीको कम्प्युटर अपरेटर नेपाल प्रशासन सेवाको तोकिए

बमोजिमको समूहको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा हुने बढुवाका लागि सम्भाव्य उम्मेदवार हुनेछ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम निजामती सेवाबाट प्रदेश वा स्थानीय तहमा समायोजन भएको र आवश्यक न्यूनतम सेवा अवधि तथा शैक्षिक योग्यता पूरा गरेको कर्मचारी त्यसरी समायोजन हुनु अघि बहाल रहेको सेवा, समूह वा उपसमूहको पद भन्दा एक श्रेणी माथिको पदमा बढुवाका लागि उम्मेदवार हुन सक्नेछ।

तर प्रदेश निजामती सेवा वा स्थानीय सेवाको देहायको तहमा समायोजन भएको कर्मचारी सम्बन्धित प्रदेश निजामती सेवा वा स्थानीय सेवाको देहायको तहमा बढुवा भएमा त्यस्तो कर्मचारी यस ऐन बमोजिम हुने बढुवाका लागि उम्मेदवार हुने छैनः-

(क) राजपत्र अनङ्कित द्वितीय श्रेणीको पदबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएको कर्मचारी छैठौं तह वा सो भन्दा माथिको तहमा,

(ख) राजपत्र अनङ्कित प्रथम श्रेणीको पदबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएको कर्मचारी सातौं तह वा सो भन्दा माथिको तहमा,

(ग) राजपत्राङ्कित तृतीय श्रेणीको पदबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएको कर्मचारी नवौं तह वा सो भन्दा माथिको तहमा,

(घ) राजपत्राङ्कित द्वितीय श्रेणीको पदबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएको कर्मचारी एघारौं तह वा सो भन्दा माथिको तहमा।

(९) कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम सरकारी सेवाबाट प्रदेश वा स्थानीय तहमा समायोजन भएका कर्मचारीको हकमा उपदफा (५) वा (८) को प्रयोजनका लागि समायोजन हुनु पूर्वको सम्बन्धित पदको सेवा अवधि समेत गणना गरिनेछ।

(१०) उपदफा (१) को खण्ड (ङ) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्र अनङ्कित द्वितीय श्रेणीको पदको दरबन्दी नरहेका सेवा, समूह वा उपसमूहको हकमा राजपत्र अनङ्कित प्रथम श्रेणीको पदमा शत प्रतिशत खुला प्रतियोगिताद्वारा पूर्ति गरिनेछ।

(११) यो ऐन प्रारम्भ भएपछि साविकको नेपाल विविध सेवा अन्तर्गतको राजपत्र अनङ्कित प्रथम श्रेणीको कम्प्युटर अपरेटर तथा कम्प्यूटर टेक्निसियन पद र राजपत्र अनङ्कित द्वितीय श्रेणीको सहायक कम्प्युटर अपरेटर पद रिक्त भएमा स्थायी पदपूर्ति गरिने छैन।

(१२) राजपत्र अनङ्कित द्वितीय श्रेणीको सहायक कम्प्युटर अपरेटर पदमा सात वर्ष सेवा अवधि पूरा गरेको र दफा १११ बमोजिमको नकारात्मक सूचीमा नपरेको निजामती कर्मचारीलाई राजपत्र अनङ्कित प्रथम श्रेणीको कम्प्युटर अपरेटर पदमा स्वतः बढुवा गरिनेछ । यसरी बढुवा गर्न एक श्रेणी माथिको पद स्वतः सिर्जना हुनेछ र साविकको पद खारेज हुनेछ।

(१३) मुख्य कार्य गर्ने भनी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका पद बाहेक राजपत्र अनङ्कित पाँचौं श्रेणीको रिक्त पदमा स्थायी पदपूर्ति गरिने छैन र

यसरी मुख्य कार्य गर्ने भनी तोकिएका पद बाहेकका राजपत्र अनङ्कित पाँचौं श्रेणीका अन्य पदबाट सम्पादन हुने काम सेवा करारबाट गराउनु पर्नेछ।

(१४) उपदफा (१३) बमोजिम सेवा करारबाट काम गराउँदा त्यस्तो व्यक्तिका लागि प्रचलित कानून बमोजिम योगदानमा आधारित सामाजिक सुरक्षाको व्यवस्था समेत गर्नु पर्नेछ।

(१५) यस दफा बमोजिम रिक्त पदपूर्तिको लागि माग गर्दा दफा ११६ को उपदफा (४) बमोजिम स्थानीय तहमा खटाउनु पर्ने वा स्थानीय तहबाट फिर्ता हुने कर्मचारीको सङ्ख्या समेत हिसाब गरी मन्त्रालयले आगामी आर्थिक वर्षमा पदपूर्ति गर्नु पर्ने सङ्ख्या यकिन गरी सोको आधारमा गर्नु पर्नेछ।

११. <u>पदपूर्ति सम्बन्धी विशेष व्यवस्था</u>: (१) निजामती सेवालाई समावेशी बनाउन दफा १० को उपदफा (१) बमोजिम खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये उनन्चास प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी त्यसको पचास प्रतिशत पदमा महिलाहरूबीच मात्र र बाँकी पचास प्रतिशत पदमा उपदफा (३) बमोजिमको समूहका उम्मेदवारहरूबीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ ।

(२) उपदफा (१) बमोजिम महिलाहरूबीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गर्नका लागि छुट्याइएको पचास प्रतिशत पदलाई शतप्रतिशत मानी देहायका समूहका महिला उम्मेदवारहरूबीच देहाय बमोजिम छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछः-

| | |
|---|---|
| (क) खस आर्य | -सत्ताइस दशमलव सात प्रतिशत |
| (ख) आदिवासी जनजाति | -पच्चीस दशमलव सात प्रतिशत |
| (ग) मधेसी | -पन्ध्र दशमलव तीन प्रतिशत |
| (घ) दलित | -बाह्र दशमलव सात प्रतिशत |
| (ङ) थारु | -छ दशमलव छ प्रतिशत |
| (च) मुस्लिम | -चार प्रतिशत |
| (छ) पिछडिएको क्षेत्र | -चार प्रतिशत |
| (ज) अपाङ्गता भएका व्यक्ति | -चार प्रतिशत |

<u>स्पष्टीकरण</u> : खण्ड (छ) र उपदफा (३) को खण्ड (छ) को प्रयोजनका लागि "पिछडिएको क्षेत्र" भन्नाले तोकिए बमोजिमका स्थानीय तह सम्झनु पर्छ ।

(३) उपदफा (२) बमोजिमको पद बाहेकको बाँकी पचास प्रतिशत पदलाई शतप्रतिशत मानी देहायका समूहका उम्मेदवारहरूबीच देहाय बमोजिम छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछः-

| | |
|---|---|
| (क) आदिवासी जनजाति | -बत्तीस दशमलव पाँच प्रतिशत |
| (ख) मधेसी | -उन्नाइस प्रतिशत |
| (ग) दलित | -पन्ध्र दशमलव पाँच प्रतिशत |
| (घ) विपन्न खस आर्य | -दश प्रतिशत |

(ङ) थारु -नौ प्रतिशत

(च) मुस्लिम -पाँच प्रतिशत

(छ) पिछडिएको क्षेत्र -पाँच प्रतिशत

(ज) अपाङ्गता भएका व्यक्ति -चार प्रतिशत

<u>स्पष्टीकरण</u> : खण्ड (घ) को प्रयोजनका लागि "विपन्न खस आर्य" भन्नाले प्रच कानून बमोजिम गरिबीको परिचयपत्र प्राप्त खस आर्य समुदायको व्यक्ति र त्यसरी परिच उपलब्ध नगराए सम्मका लागि तोकिए बमोजिम भन्दा कम वार्षिक आय भएको सम्बन्धित स्थानीय तहले सिफारिस गरी पठाएको खस आर्य समुदायको व्यक्ति सम्झनु पर्छ

(४) उपदफा (२) बमोजिम कुनै समूहको महिलाका लागि छुट्याइएको सबै वा के पदमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा वा आवश्यक सङ्ख्यामा उम्मेदवार उत्त हुन नसकेमा त्यस्तो पदमा सोही उपदफा बमोजिम अन्य समूहको महिलाका लागि भए विज्ञापनमा लिखित परीक्षा उत्तीर्ण गरेका तर सिफारिस हुन नसकेका उम्मेदवार मध्ये स भन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई सिफारिस गरी पदपूर्ति गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम कुनै समूहका लागि छुट्याइएको सबै वा केही पद उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा वा आवश्यक सङ्ख्यामा उम्मेदवार उत्तीर्ण हु नसकेमा सोही उपदफा बमोजिम अन्य समूहका लागि भएको विज्ञापनमा लिखित परीक्षा उत्ती गरेका तर सिफारिस हुन नसकेका उम्मेदवार मध्ये सबै भन्दा बढी अङ्क प्राप्त ग उम्मेदवारलाई सिफारिस गरी पदपूर्ति गर्नु पर्नेछ ।

(६) उपदफा (२) वा (३) बमोजिम छुट्याइएको पदमा उपदफा (४) वा (५ बमोजिम समेत पूर्ति हुन नसकेमा त्यस्तो पद अर्को वर्ष हुने सोही समूहको विज्ञापनमा समावेश गरिनेछ र त्यसरी गरिएको विज्ञापनमा समेत पदपूर्ति हुन नसकेमा त्यस्तो पद सोही वर्षको खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गरिनेछ।

तर सो वर्ष खुला प्रतियोगताद्वारा पूर्ति हुने गरी विज्ञापन नभएकोमा त्यस्तो पद अर्को वर्षको खुला प्रतियोगिताद्वारा पूर्ति गर्ने पदमा समावेशी गरी पदपूर्ति गर्नु पर्नेछ।

(७) दफा १० र यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास प्रकृतिको कार्य वा पदका लागि महिलाले मात्र प्रतिस्पर्धा गर्न पाउने गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी पद तोक्न सक्नेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) वा (३) बमोजिम अपाङ्गता भएका व्यक्तिका लागि छुट्याइएको पदमा कुनै खास प्रकृतिको कामका लागि तोकिए बमोजिमका अपाङ्गता भएका व्यक्तिहरूबीच मात्र प्रतिस्पर्धा गर्न पाउने गरी प्रतिस्पर्धात्मक परीक्षाद्वारा पूर्ति गर्न सकिनेछ ।

(९) यस दफा बमोजिमको सुविधा एक व्यक्तिले राजपत्र अनङ्कित पदमा एकपटक र राजपत्राङ्कित पदमा एक पटक मात्र लिन पाउनेछ ।

(१०) उपदफा (२) वा (३) बमोजिमको समूहका लागि छुट्याइएको पदमा उम्मेदवार हुन चाहने व्यक्तिले आफूले बुझाउने दरखास्त फारामसँग आफ सम्बन्धित समूहको व्यक्ति भएको प्रमाणित हुने तोकिए बमोजिमको कागजात पेश गर्नु पर्नेछ।

(११) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो दफा बमोजिम अपाङ्गता भएका व्यक्तिका [illegible] सो समूहबाट प्रतिस्पर्धा गर्न चाहने उम्मेदवारले बुझाउने दरखास्तको साथमा प्रचलित कानून बमोजिमको पूर्ण अशक्त अपाङ्गता, अति अशक्त अपाङ्गता वा मध्यम अशक्त अपाङ्गताको प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ।

(१२) उपदफा (२) को खण्ड (छ) वा उपदफा (३) को खण्ड (छ) बमोजिम छुट्याइएको पदमा नियुक्तिको लागि सिफारिस भएका व्यक्तिलाई सम्भव भएसम्म निजको स्थायी ठेगाना भएको जिल्लामा र त्यस्तो जिल्लामा पद उपलब्ध नभएमा सम्बन्धित प्रदेशमा पदस्थापन गर्नु पर्नेछ र त्यसरी पदस्थापन भएको जिल्ला वा प्रदेशमा कम्तीमा दुई वर्ष सेवा नगरी अन्यत्र सरुवा गरिने छैन।

(१३) नेपाल सरकारले यस दफा बमोजिमको प्रावधान प्रत्येक दश वर्षमा पुनरावलोकन गर्नेछ।

१२. लोक सेवा आयोगको सिफारिसमा नियुक्ति हुने: (१) खुला प्रतियोगिता र अन्तर तह प्रतियोगिताद्वारा पूर्ति हुने पदमा लोक सेवा आयोगको सिफारिसमा नियुक्ति गरिनेछ ।

(२) दफा १० र ११ बमोजिम पदपूर्तिका लागि लोक सेवा आयोगले पदसङ्ख्या निर्धारण गरी विज्ञापन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पदसङ्ख्या निर्धारण गर्दा कुनै विवाद आएमा लोक सेवा आयोगको निर्णय अन्तिम हुनेछ

१३. पदपूर्तिका लागि माग गर्ने: (१) सङ्घीय निजामती सेवाको कुनै पद रिक्त भएमा सम्बन्धित कार्यालयले त्यसरी पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र सोको विवरण आफूभन्दा माथिल्लो निकाय समक्ष पठाउनु पर्नेछ ।

तर अनिवार्य अवकाशका कारण रिक्त हुने पदको हकमा अवकाश हुनुभन्दा छ महिना अगावै विवरण पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण प्राप्त भएपछि सो निकायले सरुवाद्वारा पूर्ति गर्न सकिने भए पूर्ति गर्नु पर्नेछ र सरुवाद्वारा पूर्ति गर्न नसकिने भए राजपत्राङ्कित वा अधिकृतस्तरको पदको हकमा सेवा सञ्चालन गर्ने निकाय मार्फत माग फाराम भरी मन्त्रालयमा पठाउनु पर्नेछ र राजपत्र अनङ्कित वा सहायकस्तरको पदको हकमा पदपूर्तिका लागि पदपूर्ति सम्बन्धी कार्यतालिका बमोजिम निर्धारित समयमा लोक सेवा आयोगमा पठाउन सम्बन्धित कार्यालयलाई लेखी पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम राजपत्र अनङ्कित वा सहायक स्तरको पदमा लोक सेवा आयोगमा माग गर्न लेखी आएपछि सम्बन्धित कार्यालयले लोक सेवा आयोगको पदपूर्ति सम्बन्धी कार्यतालिका बमोजिम निर्धारित समयमा मागको आकृति फाराम भरी लोक सेवा आयोगमा पठाउनु पर्नेछ र सोको जानकारी सम्बन्धित माथिल्लो निकायमा पठाउनु पर्नेछ।

(४) मन्त्रालयले राजपत्राङ्कित वा अधिकृतस्तरको रिक्त पदपूर्तिका लागि लोक सेवा आयोगको पदपूर्ति सम्बन्धी कार्यतालिका बमोजिम निर्धारित समयमा लोक सेवा आयोगमा पुग्ने गरी पदपूर्तिका लागि माग पठाई सेवा सञ्चालन गर्ने निकायलाई समेत जानकारी गराउनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम मन्त्रालयको पदपूर्तिका लागि माग गर्दा उपदफा (
बमोजिम रिक्त हुन आएका पद र सो आर्थिक वर्षभित्र अनिवार्य अवकाश तथा बढुवाबाट रि
हुने पद समेत यकिन गरी माग गर्न सक्नेछ ।

१४. पदपूर्तिमा बन्देज: (१) सङ्घीय निजामती सेवाको पदमा यस ऐनमा व्यवस्था भएदेखि बा
अन्य तरिकाबाट पदपूर्ति गरी नियुक्ति गरिने छैन।

(२) उपदफा (१) विपरीत नियुक्ति गरेमा त्यस्तो नियुक्ति स्वतः बदर हुनेछ र त्य
व्यक्तिले पाएको तलब, भत्ता र अन्य सुविधा नियुक्ति गर्ने अधिकारीबाट असुल उपर गरिनेछ

(३) सङ्घीय निजामती सेवाको कुनै पद सृजना वा रिक्त भएको मितिले एक वर्ष
स्थायी पदपूर्तिको प्रकृया अघि नबढाइएमा त्यस्तो पद स्वतः खारेज हुनेछ। यसरी ख
भएको पद सम्बन्धी विवरण सम्बन्धित निकायले त्यस्तो पद खारेज भएको सात दिन
मन्त्रालय र राष्ट्रिय किताबखानालाई दिनु पर्नेछ। त्यस्तो विवरण प्राप्त भएपछि मन्त्रालय
राष्ट्रिय किताबखानाले सोको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ।

तर लोकसेवा आयोगबाट पदपूर्तिको लागि कारवाही भईरहेको र बढुवाको ला
कारवाही शुरु भई सकेको पद खारेज हुने छैन।

१५. ज्यालादारी वा करारमा नियुक्ति गर्न नपाइने: दफा १० को उपदफा (१३) बमोजिम बाहे
निजामती कर्मचारीले गर्नुपर्ने कामका लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करार
नियुक्ति गर्न पाइने छैन।

१६. नियुक्ति र पदस्थापन: (१) सङ्घीय निजामती सेवाको राजपत्राङ्कित विशिष्ट वा प्रथम श्रेणी
पदमा नेपाल सरकारले र राजपत्राङ्कित द्वितीय वा तृतीय श्रेणीको पदमा सेवा, समूह सञ्चाल
गर्ने मन्त्रालय वा निकायको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव वा सो सरहको अधिकृत
नियुक्ति गर्नेछ ।यसरी गरिएको नियुक्तिको सूचना सेवा, समूह सञ्चालन गर्ने मन्त्रालयले नेपा
राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) सङ्घीय निजामती सेवाको राजपत्र अनङ्कित पदमा विभागीय प्रमुख वा राजपत्राङ्कि
श्रेणीको कार्यालय प्रमुखले नियुक्ति गर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम नियुक्ति गर्दा बढुवाद्वारा सिफारिस भएक
निजामती कर्मचारीको हकमा दफा ३७ बमोजिम ज्येष्ठता कायम हुने गरी र अन्तर त
प्रतियोगिताद्वारा सिफारिस भएको निजामती कर्मचारीको हकमा लोक सेवा आयोगबाट सिफारिस
भएको भोलिपल्टको मितिबाट ज्येष्ठता कायम हुने गरी गर्नु पर्नेछ।

(४) खुला प्रतियोगिताद्वारा सिफारिस भई नियुक्ति पाएको निजामती कर्मचारीको हकम
हाजिर भएको मितिबाट ज्येष्ठता लागू हुनेछ।

(५) सङ्घीय निजामती सेवाको रिक्त पदमा नयाँ नियुक्तिद्वारा वा सरुवा गरी पदपूर्ति
गर्दा जुन पदको दरबन्दी हो सोही पदका कर्मचारीबाट मात्र पदपूर्ति गर्नु पर्नेछ।

१७. व्यक्तिगत विवरण: (१) सङ्घीय निजामती सेवामा नियुक्ति भएका कर्मचारीले नियुक्ति भएको तीस
दिनभित्र तोकिएको ढाँचामा आफ्नो व्यक्तिगत विवरण (सिटरोल) तयार गरी कार्यरत कार्यालयम
पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको व्यक्तिगत विवरण सम्बन्धित कार्यालय प्रमुखले प्राप्त गरेको सात दिनभित्र प्रमाणित गरी आवश्यक कागजात सहित राष्ट्रिय किताबखानामा पठाउनु पर्नेछ।

(३) राष्ट्रिय किताबखानाले व्यक्तिगत विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र दर्ता गरी सम्बन्धित कर्मचारीलाई सङ्केत नम्बर उपलब्ध गराउनु पर्नेछ। त्यस्तो सङ्केत नम्बर त्यस्ता कर्मचारीको सरूवा, बढुवा लगायत पत्राचारमा प्रयोग गरिनेछ।

(४) कर्मचारीको व्यक्तिगत विवरण दुरुस्त राख्न लगाउने जिम्मेवारी सम्बन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखको हुनेछ ।

(५) आफ्नो व्यक्तिगत विवरण अद्यावधिक गर्ने गराउने दायित्व सम्बन्धित कर्मचारीको हुनेछ ।

(६) यस दफा बमोजिम राखिएको अभिलेख सरकारी वा अदालती प्रयोजनका लागि मात्र उपयोग गर्न सकिनेछ।

तर सम्बन्धित कर्मचारीले वा अशक्त भएको वा मृत्यु भएको कर्मचारीको हकवालाले माग गरेका बखत त्यस्तो अभिलेखमा रहेको विवरण उपलब्ध गराउनु पर्नेछ।

१८. उम्मेदवार हुनका लागि योग्यता: (१) देहायको योग्यता भएको नेपाली नागरिक सङ्घीय निजामती सेवाको पदमा उम्मेदवार हुन सक्नेछ:-

(क) राजपत्र अनङ्कित वा सहायक तहको पदमा अठार वर्ष उमेर पूरा भएको,

(ख) राजपत्राङ्कित वा अधिकृत तहको पदमा एक्काइस वर्ष उमेर पूरा भएको,

(ग) पुरुष उम्मेदवारको हकमा पैंतीस वर्ष र महिला उम्मेदवारको हकमा चालीस वर्ष उमेर पूरा नभएको,

तर,

(१) भूतपूर्व सैनिक वा प्रहरी नियुक्ति हुने भनी तोकिएको सङ्घीय निजामती सेवाको पदमा चालीस वर्ष ननाघेको व्यक्ति उम्मेदवार हुन सक्नेछ ।

(२) सङ्घीय निजामती सेवाका स्थायी कर्मचारी, कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका कर्मचारी वा लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई प्रदेश निजामती सेवा वा स्थानीय सेवामा स्थायी नियुक्ति भएका कर्मचारीलाई उमेरको हद लाग्ने छैन।

(३) अधिकृत नवौं तहको पदका लागि हुने खुला प्रतियोगितामा चालीस वर्षसम्म उम्मेदवार हुन सकिनेछ ।

(४) पूर्ण अशक्त अपाङ्गता, अति अशक्त अपाङ्गता वा मध्यम अपाङ्गता भएको व्यक्ति चालीस वर्षसम्म उम्मेदवा सक्नेछ।

(५) यस ऐन बमोजिम अन्तर तह प्रतियोगिता वा बढुवाक उम्मेदवार हुन उमेरको हद लाग्ने छैन ।

(घ) तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको ।

(२) देहायको व्यक्ति सङ्घीय निजामती सेवाको पदमा उम्मेदवार हुन सक्ने छैन

(क) भ्रष्टाचार, किर्ते, राष्ट्रहित विरुद्धको अपराध, लागू औषध क सम्पत्ति शुद्धीकरण, पुरातात्विक वस्तु बेचबिखन, मानव बेच अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, बहुविवाह वा नैतिक देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिए

(ख) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी स सेवाबाट बर्खास्त गरिएको,

(ग) विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको ।

१९. <u>पदाधिकार र जिम्मेवारी</u>: (१) देहायको अवस्थामा निजामती कर्मचारीको आफ्नो पद म पदाधिकार कायम रहनेछ :-

(क) आफ्नो पदमा कामकाज गरिरहँदासम्म,

(ख) अर्को पदमा सरुवा भई कार्यभार सम्हाल्न पाइने म्यादसम्म,

(ग) विदामा रहेको अवधिभर,

(घ) निलम्बनमा रहेको अवधिभर,

(ङ) अर्को पदमा कायम मुकायम भई काम गरेको अवधिभर,

(च) काजमा खटिएको अवधिभर ।

(२) देहायको अवस्थामा बाहेक कुनै निजामती कर्मचारीलाई जिम्मेवारी नदिई दिनभन्दा बढी अवधिसम्म राख सकिने छैन:-

(क) विदामा रहेकोमा,

(ख) निलम्बन भएकोमा,

(ग) सेवा समूह अनुसारको पद वा दरबन्दी नभई फाजिलमा परेकोमा।

(३) उपदफा (२) विपरीत कुनै निजामती कर्मचारीलाई पदीय जिम्मेवारी नदिई रा जिम्मेवारी दिई काममा लगाउनु पर्ने दायित्व भएको पदाधिकारीलाई विभागीय कारवाही हुनेछ

२०. <u>शपथग्रहण</u>: सङ्घीय निजामती सेवाको राजपत्र अनङ्कित वा राजपत्राङ्कित पदमा पहिलो प नियुक्ति भई आफ्नो कार्यभार सम्हाल्नु अघि प्रत्येक निजामती कर्मचारीले तोकिए बमो शपथ ग्रहण गर्नु पर्नेछ।

२१. <u>परीक्षणकाल</u> : (१) सङ्घीय निजामती सेवाको पदमा नियुक्ति गर्दा एक वर्ष परीक्षणकालमा र गरी गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको परीक्षणकालमा निजको काम सन्तोषजनक नभएमा निजको नियुक्ति बदर गर्न सकिनेछ ।

(३) परीक्षणकालमा नियुक्ति बदर नगरिएका निजामती कर्मचारीको नियुक्ति परीक्षणकाल समाप्त भएपछि स्वतः सदर भएको मानिनेछ ।

तर सङ्घीय निजामती सेवा, प्रदेश निजामती सेवा वा स्थानीय सेवामा एक पटक परीक्षणकाल पूरा गरेको कर्मचारीलाई पुनः परीक्षणकालमा राखिने छैन ।

२२. <u>राजपत्राङ्कित विशिष्ट श्रेणीका कर्मचारीको पदावधि</u> (१) देहायका निजामती कर्मचारीको पदावधि देहाय वमोजिम हुनेछः-

(क) नेपाल सरकारको मुख्य सचिव वा सो सरहको कर्मचारीको तीन वर्ष,

(ख) सचिवको पाँच वर्ष।

<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनका लागि "सचिव" भन्नाले अधिकृत तेहौं तहको जुनसुकै पदमा रहेको निजामती कर्मचारी सम्झनु पर्छ ।

(२) उपदफा (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सचिवले सो पदमा रहँदा दफा ७ को उपदफा (३) वमोजिमको कार्यसम्पादन सम्झौता वमोजिम नतिजा हासिल हुने गरी कार्य सम्पादन गर्न नसकेको वा आफ्नो पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेको सम्बन्धमा नेपाल सरकारको मुख्य सचिवले तीन पटक चेतावनी दिंदा समेत नतिजा आउने गरी कार्य सम्पादन गर्न नसकेमा नेपाल सरकारले त्यस्तो सचिवको अनिवार्य अवकाश हुन बाँकी रहेको सेवा अवधि थप गरी निजको सेवा अन्त गर्न सक्नेछ।

तर यसरी सेवा अन्त गर्नु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ।

२३. <u>कायम मुकायम र निमित्त</u> : (१) विभागीय प्रमुख वा कार्यालय प्रमुखको पद रिक्त भएमा वा त्यस्तो पदमा वहालवाला कर्मचारी पन्ध्र दिनभन्दा वढी समयसम्म विदामा वसेमा, विदा स्वीकृत नगराई सात दिनभन्दा बढी अवधि कार्यालयमा अनुपस्थित भएमा वा प्रचलित कानून वमोजिम निलम्बनमा रहेमा सो पदमा तत्काल काम चलाउनका लागि समान श्रेणी वा तहको वा बढुवाका लागि सम्भाव्य उम्मेदवार भइसकेको एक श्रेणी वा तह मुनिको वरिष्ठतम् निजामती कर्मचारीलाई वढीमा छ महिनाका लागि कायम मुकायम मुकरर गर्न सकिनेछ ।

(२) उपदफा (१) वमोजिम कुनै पदमा कायम मुकायम मुकरर गरिसकेपछि सोही वा अन्य कर्मचारीलाई पुनः सोही पदमा कायम मुकायम मुकरर गर्न सकिने छैन ।

(३) उपदफा (१) वा (२) विपरीत कुनै निजामती कर्मचारीलाई कायम मुकायम मुकरर गरेमा निजले सो पदमा रहँदा खाइपाई आएको तलव, भत्ता र अन्य सुविधा वापतको रकम कायम मुकायम मुकरर गर्ने पदाधिकारीवाट असुल उपर गरिनेछ ।

(४) कुनै कार्यालयको प्रमुख कुनै कारणले कार्यालयमा अनुपस्थित भएमा त्यस्तो कार्यालयमा कार्यरत निजामती कर्मचारीमध्ये वरिष्ठतम् कर्मचारीले निजको निमित्त जनाई दैनिक कार्य सञ्चालन गर्नु पर्नेछ ।

स्पष्टीकरण: [illegible] प्रयोजनका लागि नीतिगत कार्य भन्नाले [illegible] प्रकृतिको कार्य र प्रचलित कानूनमा [illegible] भनी तोकिएका कार्य [illegible] त्यस्तो प्रकृति [illegible] सामान्य प्रशासनिक कार्य सम्झनु पर्छ ।

## परिच्छेद-४

## सरुवा र काज

२४. सरुवा गर्ने अधिकार: (१) निजामती कर्मचारीलाई देहायको अधिकारीले सरुवा गर्न सक्नेछ:

(क) राजपत्राङ्कित विशिष्ट श्रेणीका कर्मचारीलाई नेपाल सरकारले,

(ख) एक मन्त्रालय वा केन्द्रीयस्तरको निकाय वा अन्तर्गतको विभाग [illegible] कार्यालयको राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीलाई अर्को मन्त्रालय [illegible] केन्द्रीयस्तरको निकाय वा अन्तर्गतको विभाग वा कार्यालयमा [illegible] सरकारको मुख्यसचिवले,

(ग) एक मन्त्रालय वा केन्द्रीयस्तरको निकाय वा अन्तर्गतको विभाग [illegible] कार्यालयको राजपत्राङ्कित द्वितीय श्रेणीसम्मको कर्मचारीलाई अर्को मन्त्रालय [illegible] वा केन्द्रीयस्तरको निकाय वा अन्तर्गतको विभाग वा कार्यालय [illegible] मन्त्रालयको सचिवले,

(घ) कुनै मन्त्रालय वा केन्द्रीयस्तरको निकाय वा अन्तर्गतको विभाग [illegible] कार्यालयको राजपत्राङ्कित प्रथम श्रेणी सम्मको कर्मचारीलाई सोही मन्त्रालय [illegible] वा केन्द्रीयस्तरको निकाय वा अन्तर्गतको विभाग वा कार्यालयमा सम्बन्धित मन्त्रालय वा केन्द्रीयस्तरको निकायको सचिवले,

(ङ) खण्ड (क), (ख), (ग) वा (घ) मा उल्लेख भए बाहेक अन्य प[illegible] तोकिएको अधिकारीले ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको पदको स[illegible] देहाय बमोजिम हुनेछ:-

(क) नेपाल न्याय सेवाको राजपत्राङ्कित कर्मचारीको सरुवा गर्दा न्याय [illegible] आयोगको सिफारिसको आधारमा गर्नु पर्ने,

(ख) नेपाल परराष्ट्र सेवाको कर्मचारीलाई परराष्ट्र मन्त्रालयले सरुवा गर्ने,

(ग) नेपाल प्रशासन सेवाको लेखा समूहको कर्मचारीलाई महालेखा नियन्त्रक [illegible] सरुवा गर्ने।

(३) निजामती कर्मचारीलाई सरुवा गर्दा तोकिए बमोजिम चक्रीय प्रणाली अवलम्बन गरिनेछ। यसरी सरुवा गर्दा कर्मचारीको दरबन्दी भएसम्म सबै भौगोलिक क्षेत्रको अनु[illegible] दिलाउने, पूर्वानुमानयोग्य र पारदर्शी हुने गरी तोकिए बमोजिमको आधार र प्राथमिक[illegible] बमोजिम गरिनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सबै भौगोलिक क्षेत्रमा पद नभएका सेवा, समूह र श्रेणी वा तहका कर्मचारीहरूलाई पद भएका क्षेत्रमा वस्तुगत मापदण्ड बनाएर सरुवा गर्न सकिनेछ ।

(५) राजपत्राङ्कित विशिष्ट वा प्रथम श्रेणीका निजामती कर्मचारीलाई आवश्यकता अनुसार र अन्य निजामती कर्मचारीलाई दुई वर्ष पूरा भए पछि अर्को कार्यालयमा सरुवा गर्न सकिनेछ।

तर नेपाल परराष्ट्र सेवा अन्तर्गतका निजामती कर्मचारीलाई वैदेशिक नियोगमा गरिने सरुवा सम्बन्धी व्यवस्था सेवा समूह सम्बन्धी नियममा व्यवस्था भए बमोजिम हुनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा राजपत्र अनङ्कित कर्मचारीलाई सरुवा गर्ने अधिकार प्राप्त अधिकारी भन्दा एक श्रेणी वा तह माथिको अधिकारीको सहमति लिई र राजपत्राङ्कित कर्मचारीलाई मन्त्रालयको सहमति लिई सरुवा गर्न सकिनेछः-

(क) कुनै स्थानमा कार्यरत निजामती कर्मचारी अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने देखिएको कुरा नेपाल सरकारद्वारा तोकिएको मेडिकल बोर्डले सिफारिस गरेमा,

(ख) कुनै निजामती कर्मचारीलाई निजको काम कारवाही, व्यवहार र आचरणको कारण कार्यरत कार्यालयमा राखी राख्न उपयुक्त नभएको पर्याप्त आधार र कारण भएमा,

(ग) सङ्घीय निजामती सेवाको कुनै दरवन्दी कटौती भई सो दरवन्दीमा कार्यरत निजामती कर्मचारी फाजिलमा परेमा।

(७) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अध्ययन विदामा रहेको, स्वतः निलम्वनमा रहेको, छ महिनाभन्दा बढी अवधिसम्म अन्य कुनै विदामा रहेको, तीन महिनाभन्दा बढी अवधि अन्यत्र काजमा खटिएको वा कुनै खास कामका लागि वा कुनै खास आयोजना कार्यान्वयन गर्नका लागि खटाईएको निजामती कर्मचारीको हकमा पदाधिकार रहेको सम्वन्धित मन्त्रालय वा केन्द्रीयस्तरको निकायले मन्त्रालयको सहमति लिई सो अवधिभरका लागि विशेष पद सिर्जना गरी सम्वन्धित मन्त्रालय वा केन्द्रीयस्तरको निकायमा सरुवा गरी पदाधिकार सार्न सक्नेछ।

तर यसरी विशेष पद सिर्जना गरी पदाधिकार सारिएको कारणले मात्र त्यस्तो पद दफा १० को प्रयोजनको लागि रिक्त मानिने छैन।

(८) उपदफा (६) र (७) बमोजिम सरुवा गरिएकोमा त्यसरी सरुवा गर्नु परेको कारण खुलाई सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।

(९) यस ऐन बमोजिम निजामती कर्मचारीको सरुवा वा पदस्थापन गर्दा हाल सरुवा वा पदस्थापन गरिएको निकाय तथा सो निकायमा उपदफा (५) बमोजिमको अवधि पूरा भए पछि तोकिए बमोजिमको आधारमा सरुवा हुने अर्को निकाय समेत खुलाई पत्र दिन सकिनेछ।

(१०) दफा ७ को उपदफा (३) बमोजिम कार्यसम्पादन सम्झौता गरिएका विभागीय प्रमुख, आयोजना प्रमुख वा कार्यालय प्रमुखलाई आर्थिक वर्ष पूरा नहुँदै सरुवा गर्नु परेमा

निजको सम्झौता बमोजिमको काम प्रगति अवस्था र सरुवा गर्नुपर्नाको वस्तुगत कारण स
खोली मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(११) कुनै संवैधानिक निकायमा बहाल रहेका कुनै विशिष्टिकृत कामको विशेषज्ञ कायम भएका वा विशेष गोपनीयता कायम गर्नुपर्ने प्रकृतिका काममा संलग्न निजाम कर्मचारीलाई त्यस्तो निकायबाट अन्यत्र सरुवा गर्दा सम्बन्धित निकायसँग परामर्श गरी सरु गर्नु पर्नेछ।

(१२) उपदफा (११) को प्रयोजनको लागि संवैधानिक निकायले त्यस्तो निकाय बहाल रहेका कूल कर्मचारीको पन्ध्र प्रतिशतमा नबढ्ने गरी विशिष्टिकृत कामको विशेषज्ञ भएका वा विशेष गोपनीयता कायम गर्नु पर्ने कर्मचारीको विवरण आर्थिक वर्ष शुरु भएको ए महिनाभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

(१३) यस दफा विपरीत मन्त्रालयबाट भएको सरुवा नेपाल सरकारले र अन्य निका वा अधिकारीबाट भएको सरुवा मन्त्रालयले बदर गर्नेछ।

(१४) यस दफा विपरीत सरुवा गर्ने अधिकारीलाई विभागीय कारवाही हुनेछ।

(१५) यस दफा बमोजिम सरुवा हुने कर्मचारीले बाटोको म्याद बाहेक पन्ध्र दिनभित्र बरबुझारथ गरी खटिएको कार्यालयमा हाजिर हुन रमाना लिनु पर्नेछ।

(१६) उपदफा (१५) बमोजिम रमाना दिई पठाउनु सम्बन्धित कार्यालय प्रमुखको जिम्मेवारी हुनेछ।

(१७) उपदफा (१५) वा (१६) विपरीत रमाना नदिने वा हाजिर हुन नजाने कर्मचारीलाई विभागीय कारवाही गरिनेछ।

(१८) उपदफा (१५) बमोजिमको अवधिभित्र रमाना नदिई निज सरुवा भइसकेको कार्यालयबाट तलब भत्ता भुक्तानी दिएमा रमाना दिनु पर्ने म्याद भन्दा बढी अवधिको त्यस्ता निजामती कर्मचारीले खाएको तलब भत्ता समेत त्यसरी रमाना नदिई तलबभत्ता खुवाउने कार्यालय प्रमुख र लेखा प्रमुखबाट असुल उपर गरिनेछ।

(१९) यस ऐन बमोजिम सरुवा वा पदस्थापन भएको कर्मचारीलाई सरुवा वा पदस्थापन भएको कार्यालय वा निकायले हाजिर गराउनु पर्नेछ र सरुवा वा पदस्थापन भएको निजामती कर्मचारीलाई हाजिर नगराउने निजामती कर्मचारीलाई विभागीय कारवाही हुनेछ।

(२०) सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२५. <u>काज सम्बन्धी व्यवस्थाः</u> (१) निजामती कर्मचारीको विशिष्ट ज्ञान, सीप, योग्यता र अनुभवको उपयोग गर्न आवश्यक परेको अवस्थामा निज कार्यरत मन्त्रालय, सचिवालय वा आयोग अन्तर्गतको कार्यालयमा एक आर्थिक वर्षमा बढीमा तीन महिनाका लागि मात्र काज खटाउन सकिनेछ।

तर निर्वाचन, लेखापरीक्षण, परीक्षा सञ्चालन, तथ्याङ्क सङ्कलन, तालिम, नापी टोली, सर्वेक्षण, कुनै घटनाको जाँचबुझ वा छानबिन, महामारी वा सङ्क्रामक रोग नियन्त्रण, विपद् व्यवस्थापन लगायतका काम र अस्थायी प्रकृतिका आयोग वा समितिको काम गर्न कुनै

निजामती कर्मचारीलाई मन्त्रालयको सहमति लिई बढीमा एक वर्षसम्म काजमा खटाउन सकिनेछ।

(२) कुनै निजामती कर्मचारीलाई सङ्घीय निजामती सेवाको पद नभएको निकाय वा नेपाल सरकारको आयोजनाका लागि स्वीकृत अस्थायी दरबन्दीमा काज खटाउँदा राजपत्र अनङ्कित कर्मचारीको हकमा सम्बन्धित केन्द्रीय निकायको र राजपत्राङ्कित कर्मचारीको हकमा मन्त्रालयको सहमति लिई बढीमा एक आर्थिक वर्षका लागि काज खटाउन सकिनेछ।

(३) उपदफा (१) र (२) बमोजिम कुनै मन्त्रालय, सचिवालय वा आयोगको निजामती कर्मचारीलाई अर्को मन्त्रालय, सचिवालय वा आयोग अन्तर्गत काजमा खटाउनुपर्ने भएमा काज खटिने निकायको माग र कर्मचारीको पदाधिकार रहेको निकायको सहमतिमा मन्त्रालयबाट खटाउन सकिनेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निजामती कर्मचारीलाई प्रदेश वा स्थानीय तहको माग बमोजिम प्रदेश निजामती सेवा वा प्रदेशस्तरीय स्थानीय सेवाको समान श्रेणी वा तहको मिल्दो रिक्त पदमा एक पटकमा बढीमा दुईवर्षका लागि खटिएको तहबाटै तलब भत्ता खाने गरी काज खटाउन सकिनेछ ।

(५) यस दफा बमोजिमको काजको अवधि समाप्त हुनासाथ सम्बन्धित कार्यालय प्रमुखले त्यस्तो निजामती कर्मचारीको पदाधिकार रहेको कार्यालयमा हाजिर हुन रमाना दिई पठाउनु पर्नेछ । काज अवधि समाप्त भएपछि पदाधिकार रहेको निकायमा हाजिर हुन नजाने निजामती कर्मचारीलाई त्यस्तो अवधिको तलब भत्ता भुक्तानी गरिने छैन। त्यस्तो निजामती कर्मचारीलाई तलब भत्ता भुक्तानी गरेमा त्यसरी भुक्तानी गर्ने सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखबाट त्यस्तो रकम असूल उपर गरिनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि निजामती कर्मचारीलाई विभागीय प्रमुख वा कार्यालय प्रमुखको पदमा पदाधिकार राखी अन्यत्र निकाय वा आयोजनामा काज खटाइने छैन ।

(७) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय निजामती सेवाको कुनै सेवा, समूह, उपसमूह वा श्रेणीको दरबन्दीमा अन्य सेवा, समूह, उपसमूह वा श्रेणीको कर्मचारी वा प्रदेश वा स्थानीय तहको सेवाका कर्मचारीलाई काजमा खटाइने छैन।

(८) यस दफा विपरीत मन्त्रालयबाट खटाइएको काज नेपाल सरकारले र अन्य निकाय वा अधिकारीबाट खटाइएको काज मन्त्रालयले बदर गर्न सक्नेछ र त्यसरी काज खटाउने अधिकारीलाई विभागीय कारबाही हुनेछ।

## परिच्छेद-५

## बढुवा

२६. बढुवा समिति: (१) नेपाल न्याय सेवा बाहेक सङ्घीय निजामती सेवाको राजपत्राङ्कित विशिष्ट, प्रथम र द्वितीय श्रेणीको पदमा बढुवाका लागि सिफारिस गर्ने देहाय बमोजिमका बढुवा समिति रहनेछन् :-

(क) लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको लोकसेवा आयोगको वरिष्ठ सदस्य - अध्यक्ष

(ख) लोक सेवा आयोगको अध्यक्षले तोकेको सो आयोगको सदस्य - सदस्य

(ग) नेपाल सरकारको मुख्य सचिव - सदस्य

(घ) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(ङ) सचिव, मन्त्रालय - सदस्य-सचिव

(२) अधिकृत सातौं तहको पदमा बढुवाको लागि सिफारिस गर्न देहाय बमोजिमको बढुवा समिति रहनेछ :-

(क) लोक सेवा आयोगको अध्यक्षले तोकेको सो आयोगको सदस्य - अध्यक्ष

(ख) सचिव, मन्त्रालय - सदस्य

(ग) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(घ) सचिव, लोकसेवा आयोग - सदस्य

(ङ) सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालय वा निकायको सचिव वा निजले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत - सदस्य-सचिव

(३) बढुवा समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) उपदफा (१) को खण्ड (ङ) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयमा कायम मुकायम वा निमित्त सचिव रहेको अवस्थामा नेपाल सरकारको मुख्य सचिवले तोकेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवले सो बढुवा समितिको सदस्य-सचिव भई कामकाज गर्नेछ ।

(५) राजपत्र अनङ्कित पदमा बढुवाका लागि सिफारिस गर्न तोकिए बमोजिमको बढुवा समिति रहनेछ ।

(६) उपदफा (१) बमोजिमको बढुवा समितिको सचिवालय मन्त्रालयमा, उपदफा (२) बमोजिमको बढुवा समितिको सचिवालय सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालय वा निकायमा र उपदफा (५) बमोजिमको बढुवा समितिको सचिवालय तोकिएको निकायमा रहनेछ।

(७) बढुवा समितिले बढुवा सिफारिस गर्दा अपनाउने कार्यविधि बढुवा समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(८) बढुवा समितिले बढुवाको लागि आवेदन गर्ने सम्भाव्य उम्मेदवारहरूको सम्बन्धमा यस ऐन बमोजिमका विषयहरूको मूल्याङ्कन गरी आवेदन फाराम र आवश्यक कागजात प्राप्त गरेको मितिले साठी दिनभित्र बढुवाको नतिजा प्रकाशन गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिम सूचना प्रकाशन गर्दा बढुवाका लागि आवेदन संख्या सबै सम्भाव्य उम्मेदवारको ज्येष्ठताक्रम प्रकाशन गर्नु पर्नेछ।

२७. <u>राजपत्राङ्कित विशिष्ट श्रेणीमा बढुवा</u>: (१) नेपाल सरकारको मुख्य सचिव वा सो सरहको पदमा बहालवाला अधिकृत तेह्रौं तहका निजामती कर्मचारीमध्येबाट नेपाल सरकारले ज्येष्ठता तथा कार्यदक्षताको आधारमा छनौट गरी बढुवा गर्नेछ।

(२) अधिकृत तेह्रौं तहको पदमा बढुवा गर्दा पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसतमा पन्चानब्बे प्रतिशत वा सोभन्दा बढी अङ्क प्राप्त गरेका, दफा १११ बमोजिमको नकारात्मक सूचीमा नपरेका र सम्बन्धित सेवाको अधिकृत बाह्रौं तहको पदमा सबैभन्दा बढी सेवा अवधि भएका निजामती कर्मचारीलाई बढुवा समितिको सिफारिसमा नेपाल सरकारले बढुवा गर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका सेवाका अधिकृत तेह्रौं तहको पदमा देहाय बमोजिमका कर्मचारीहरूबाट बढुवा गरिनेछः-

(क) नेपाल इन्जिनियरिङ सेवाको पदमा नेपाल इन्जिनियरिङ सेवा र नेपाल सूचना प्रविधि सेवाका अधिकृत बाह्रौं तहका कर्मचारी,

(ख) नेपाल कृषि तथा वन सेवाको पदमा नेपाल कृषि सेवा र नेपाल वन सेवाका अधिकृत बाह्रौं तहका कर्मचारी, र

(ग) नेपाल प्रशासन सेवाको पदमा नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, नेपाल प्रशासन सेवा, नेपाल विविध सेवा र नेपाल शिक्षा सेवाका अधिकृत बाह्रौं तहका कर्मचारी ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अधिकृत बाह्रौं तहका कर्मचारी उपलब्ध नभएमा अधिकृत एघारौं तहमा कम्तीमा पाँच वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरु मध्येबाट सो उपदफा बमोजिमको आधारमा अधिकृत तेह्रौं तहको पदमा बढुवा गर्न सकिनेछ।

(५) उपदफा (२), (३) र (४) को प्रयोजनको लागि अधिकृत बाह्रौं र अधिकृत एघारौं तहको गरी पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनलाई आधार लिनु पर्नेछ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको पदबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवाको एघारौं तहको पदमा समायोजन भएका कर्मचारी समेत अधिकृत तेह्रौं तहको पदमा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुनेछ।

(७) यस दफा बमोजिम अधिकृत तेह्रौं तहको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन राजपत्राङ्कित प्रथम श्रेणीका कर्मचारीले नेपाल सरकारले तोकेको नब्बे कार्यदिनको उच्चस्तरीय व्यवस्थापन तालीम समेत उत्तीर्ण गरेको हुनु पर्नेछ।

(८) नेपाल सरकारको मुख्य सचिव वा सो सरहको पद वा अधिकृत तेह्रौं तहको पदमा बहाल रहेको निजामती कर्मचारी उमेर वा पदावधिको कारणले अनिवार्य अवकाश भई पद रिक्त हुने भएमा त्यसरी पद रिक्त हुनु भन्दा कम्तीमा पन्ध्र दिन अगावै र अन्य कारणले त्यस्तो पद रिक्त भएमा रिक्त भएको पन्ध्र दिनभित्र बढुवा समितिले सिफारिस गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिम बढुवा समितिले सिफारिस गरेको पन्ध्र दिनभित्र ने
सरकारले त्यस्तो रिक्त पद पूर्ति गर्नु पर्नेछ।

२८. <u>बढुवाका लागि न्यूनतम सेवा अवधि</u>: (१) बढुवाका लागि उम्मेदवार हुन बढुवा हुने प
श्रेणीभन्दा एक श्रेणी मुनिको सम्बन्धित सेवा, समूह वा उपसमूहको पदमा बढुवाका
विज्ञापन हुनुभन्दा अघिको असार मसान्तसम्ममा देहाय बमोजिमको न्यूनतम सेवा अवधि पु
हुनु पर्नेछ:-

(क) राजपत्र अनङ्कित पदका लागि तीन वर्ष,

(ख) राजपत्राङ्कित पदका लागि पाँच वर्ष ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अधिकृत सातौँ तहको प
बढुवाको लागि अधिकृत छैठौँ तह र सहायक पाँचौ तहको सेवा अवधि तथा अधिकृत
तहको पदमा बढुवाको लागि अधिकृत आठौँ तह र अधिकृत सातौँ तहको सेवा अवधि ग
गरिनेछ।

२९. <u>बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन नपाउने</u>: (१) दफा २८ मा जुनसुकै कुरा लेखिएको
तापनि कुनै पनि निजामती कर्मचारी देहायको अवस्थामा देहायको अवधिभर बढुवाका ल
सम्भाव्य उम्मेदवार हुन पाउनेछैन :-

(क) निलम्वन भएकोमा निलम्वन भएको अवधिभर,

(ख) नसिहत पाएकोमा नसिहत पाएको मितिले एकवर्ष सम्म,

(ग) बढुवा रोक्का भएकोमा बढुवा रोक्का भएको अवधिभर,

(घ) तलव वृद्धि रोक्का भएकोमा तलव वृद्धि रोक्का भएको अवधिभर,

(ङ) कुनै आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कनमा नव्वे प्रतिशत भन्दा क
अङ्क प्राप्त भएकोमा अर्को एक आर्थिक वर्षसम्म ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्ति देहाय
अवधिभर खुला प्रतियोगिता वा अन्तर तह प्रतियोगिताद्वारा पूर्ति हुने पदका लागि समेत सम्भा
उम्मेदवार हुन सक्ने छैन:-

(क) प्रचलित कानून वमोजिम निलम्वन भएकोमा निलम्वन भएको अवधिभर

(ख) यो ऐन वा सेवा शर्त सम्वन्धी अन्य कानून वमोजिम विभागीय सजा
भई बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर।

३०. <u>बढुवा नियुक्तिको रोक्का</u>: (१) बढुवाका लागि सिफारिस भइसकेको कुनै निजामती कर्मचारी
बढुवा नियुक्ति नपाउँदै त्यस्तो कर्मचारी निलम्वन भएमा वा निजको बढुवा रोक्का वा तलववृ
रोक्का भएमा वा नसिहत पाएमा दफा २९ बमोजिमको अवधिभर निजको बढुवा नियुक्ति
रोक्का गरी सो अवधि समाप्त भएको भोलिपल्टको मितिवाट ज्येष्ठता कायम हुने गरी बढु
नियुक्ति दिइनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बढुवा नियुक्ति रोक्का
भएको निजामती कर्मचारीले लागेको आरोपवाट सफाई पाएमा वा निलम्वन अवधि समा
भएमा निजको बढुवा नियुक्ति रोक्का नभए सरह बढुवा भएको ज्येष्ठता कायम गरिनेछ ।

३१. बढुवा: (१) बढुवा समितिले बढुवाका लागि सिफारिस गर्दा देहायका कर्मचारी मध्ये जेष्ठ कर्मचारीको नाम सिफारिस गर्नेछ:-

(क) दफा २८ बमोजिमको न्यूनतम सेवा अवधि पूरा गरेको र दफा ३४ बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको,

(ख) बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा अवधि आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कनको औसतमा पन्चानब्बे प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गरेको,

(ग) बढुवा हुने पदभन्दा एक श्रेणी वा तह मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा तीस कार्य दिन वा सोभन्दा बढीको सेवाकालीन तालीम लिएको,

(घ) दफा २९ बमोजिम बढुवाको सम्भाव्य उम्मेदवार हुन नपाउने अवस्था नरहेको।

(२) उपदफा (१) को प्रयोजनका लागि जेष्ठता निर्धारण गर्दा देहायको आधारमा निर्धारण गरिनेछ:-

(क) हाल बहाल रहेको पदमा जेष्ठता लागू भएको मितिको आधारमा,

(ख) खण्ड (क) बमोजिम समेत जेष्ठता निर्धारण हुन नसकेमा भौगोलिक क्षेत्र बापत बढी अङ्क प्राप्त गरेको आधारमा,

(ग) खण्ड (ख) बमोजिम समेत जेष्ठता निर्धारण हुन नसकेमा हाल बहाल रहेको पदमा लोक सेवा आयोग वा बढुवा समितिको सिफारिसको योग्यताक्रमको आधारमा,

(घ) खण्ड (ग) बमोजिम समेत जेष्ठता निर्धारण हुन नसकेमा न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता हासिल गरेको आधारमा,

(ङ) खण्ड (घ) बमोजिम समेत जेष्ठता निर्धारण हुन नसकेमा हाल बहाल रहेको पद भन्दा एक श्रेणी मुनिको पदमा जेष्ठता लागू भएको मितिको आधारमा,

(च) खण्ड (ङ) बमोजिम समेत जेष्ठता निर्धारण हुन नसकेमा उमेरको जेष्ठताको आधारमा ।

३२. <u>कार्यसम्पादनको मूल्याङ्कन:</u> (१) निजामती कर्मचारीको कार्यसम्पादनको मूल्याङ्कन गर्न तोकिए बमोजिमको कार्यसम्पादन मूल्याङ्कन फाराम प्रयोग गरिनेछ ।

(२) निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको कुल अङ्कको विभाजन देहाय बमोजिम हुनेछ:-

(क) सुपरिवेक्षकले दिन सक्ने अधिकतम – पच्चीस अङ्क

(ख) पुनरावलोकनकर्ताले दिन सक्ने अधिकतम – दश अङ्क

(ग) पुनरावलोकन समितिले दिन सक्ने अधिकतम – पाँच अङ्क

(३) सुपरीवेक्षक, पुनरावलोकनकर्ता, पुनरावलोकन समितिले निजामती कर्मचारीहरू कार्य सम्पादनवापत अङ्क दिँदा यस दफा र कार्यसम्पादन मूल्याङ्कन फाराममा उल्लिखित आध अनुरूप दिनु पर्नेछ ।

(४) निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन वार्षिक रूपमा गरिनेछ ।

(५) राजपत्र अनङ्कित निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सम्बन्धि कार्यालय प्रमुख तथा विभागीय प्रमुखले तोकिएको अवधिभित्र मूल्याङ्कन गरी गराई त्यसको ती प्रति तयार गरी एक प्रति लोकसेवा आयोग, एक प्रति बढुवा समितिको सचिवालयमा पठा अर्को एक प्रति सम्बन्धित कार्यालयमा राख्नु पर्नेछ ।

(६) राजपत्राङ्कित निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सम्बन्धि मन्त्रालय, सचिवालय वा आयोग वा केन्द्रीय निकायको सचिवले तोकिएको अवधिभित्र मूल्या गरी गराई त्यसको तीन प्रति तयार गरी एक प्रति लोकसेवा आयोग र एक प्रति बढु समितिको सचिवालयमा पठाई अर्को एक प्रति सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोग केन्द्रीय निकायमा राख्नु पर्नेछ ।

(७) कार्यसम्पादन मूल्याङ्कन गर्ने प्रत्येक निकायले तोकिएको अवधिभित्र आफू मूल्याङ्कन गरेको फाराम पेस गर्नुपर्ने निकायमा पठाएको नामावली सहितको सूचना सा दिनभित्र आफ्नो कार्यालयको सूचना पाटी वा वेवसाइटमा प्रकाशन गर्नु पर्नेछ ।

(८) एक वर्षमा एकभन्दा बढी कार्यालयमा कार्यरत कर्मचारीले सरुवा भई रमाना लि आउँदा तोकिएवमोजिमको ढाँचामा सम्वन्धित सुपरिवेक्षकवाट कार्यसम्पादन मूल्याङ्कन फारा भराई सो समेत लिई आउनु पर्नेछ ।

(९) प्रत्येक निजामती कर्मचारीले आफ्नो कार्यसम्पादन मूल्याङ्कन फाराम भ तोकिएको समयावधिभित्र सम्वन्धित कार्यालयमा दर्ता गर्नु पर्नेछ । त्यस्तो अवधिभित्र दर्ता ग नसकी सोको मनासिव कारणसहित म्याद थपका लागि सम्वन्धित कर्मचारीले निवेदन दिएमा सुपरिवेक्षकले निवेदनमा उल्लिखित कारण मनासिव देखेमा तोकिएको समयावधि समाप्त भएक मितिले पन्ध्र दिनसम्मको म्याद थप गर्न सक्नेछ ।

(१०) उपदफा (९) बमोजिम थपिएको म्याद पछि सोही आर्थिक वर्षभि कार्यसम्पादन मूल्याङ्कन फाराम दर्ता हुन आएमा दर्ता भएको कार्यसम्पादन मूल्याङ्कन फाराम मूल्याङ्कन वापत कुल प्राप्ताङ्कवाट पुनरावलोकन समितिले एक अङ्क घटाउनेछ ।

(११) कार्यसम्पादन मूल्याङ्कन फाराम भर्ने समयावधिमा कुनै निजामती कर्मचा वैदेशिक तालिम, गोष्ठी वा अध्ययन भ्रमण आदिमा काजमा जानुपर्ने अवस्था परेमा त्यस जानुभन्दा अगावै कार्यसम्पादन मूल्याङ्कन फाराम भरी सम्वन्धित कार्यालयमा दर्ता गराउ पर्नेछ। त्यसरी दर्ता भएको कार्यसम्पादन मूल्याङ्कन फारामलाई निर्धारित समयमै दर्ता भएक मानी मूल्याङ्कन गर्नु पर्नेछ ।

(१२) यस दफा बमोजिम कार्यसम्पादन मूल्याङ्कन वापतको अङ्क दिँदा कार्यसम्पाद सम्झौता बमोजिमको कार्य प्रगति पचहत्तर प्रतिशत भन्दा कम हुने निजामती कर्मचारीलाई न प्रतिशत भन्दा बढी अङ्क दिइने छैन ।

प्र. सचिव

(१३) कार्य सम्पादन मूल्याङ्कनवापत सुपरिवेक्षक वा पुनरावलोकनकर्ताले पञ्चानब्बे प्रतिशतभन्दा बढी वा पचहत्तर प्रतिशतभन्दा कम अङ्क प्रदान गरेकोमा सोको स्पष्ट कारण खुलाउनु पर्नेछ र पचहत्तर प्रतिशतभन्दा कम अङ्क दिएकोमा सम्बन्धित कर्मचारीलाई जानकारी गराई निजले प्रतिक्रिया दिएमा सो समेत राखी पुनरावलोकन समितिसमक्ष पेश गर्नु पर्नेछ ।

(१४) पुनरावलोकन समितिलाई सुपरिवेक्षक वा पुनरावलोकनकर्ता वा दुवैले गरेको कार्य सम्पादन मूल्याङ्कनमा चित्त नबुझेमा सोको स्पष्ट कारणसमेत खुलाई फिर्ता पठाउन सक्नेछ। त्यसरी फिर्ता पठाएकोमा सम्बन्धित मूल्याङ्कनकर्ताले पुनः मूल्याङ्कन गरी वा पहिले गरेको मूल्याङ्कनमा संशोधन गर्न आवश्यक नभए सोको औचित्यपूर्ण कारण खुलाई पठाउनु पर्नेछ ।

(१५) प्रत्येक वर्ष पुनरावलोकन समितिबाट कार्यसम्पादन मूल्याङ्कन भइसकेपछि सम्बन्धित कर्मचारीले त्यस वर्ष प्राप्त गरेको कार्यसम्पादन मूल्याङ्कनको कुल अङ्क निजले निवेदन दिई माग गरेमा पुनरावलोकन समितिको सचिवालयले जानकारी दिनु पर्नेछ ।

(१६) उपदफा (१५) बमोजिम जानकारी लिएपछि सुपरिवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समितिले गरेको मूल्याङ्कन कुनै कर्मचारीलाई चित्त नबुझेमा सोको ठोस आधार र कारणसहित सात दिनभित्र तोकिएबमोजिमको अधिकारीसमक्ष उजुरी गर्न सक्नेछ । त्यसरी उजुरी गरेकोमा त्यस्तो अधिकारीले उजुरीउपर सम्बन्धित सुपरिवेक्षक, पुनरावलोकनकर्ता वा पुनरावलोकन समितिसँग परामर्श गरी आवश्यक छानविन गर्नेछ र आवश्यक देखिएमा त्यस्तो मूल्याङ्कन फाराममा प्राप्त अङ्क तोकिएबमोजिम संशोधन गर्न सक्नेछ ।

(१७) निजामती कर्मचारीले समयमा नै भरी दर्ता गरेको कार्यसम्पादन मूल्याङ्कन फाराम तोकिएको अवधिभित्र मूल्याङ्कन नगर्ने पदाधिकारीलाई विभागीय कारवाही गरिनेछ ।

(१८) कार्यसम्पादन मूल्याङ्कनको प्रयोजनका लागि अङ्क गणना गर्दा बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्य सम्पादन मूल्याङ्कन फारामको औसतबाट हिसाव गरिनेछ ।

तर,

(१) अध्ययन वा तालिममा गएको वा निलम्बन भई निलम्बन फुकुवा भएकोमा अध्ययन, तालिम वा निलम्बन अवधिको कार्यसम्पादन मूल्याङ्कन वापत त्यस्तो अध्ययन वा तालिममा जानुभन्दा वा निलम्बन हुनुभन्दा तत्काल अघिको कार्यसम्पादन मूल्याङ्कनमा जति अङ्क पाएको छ सोही अनुपातमा नै अङ्क गणना गरिनेछ ।

(२) असाधारण विदा वा बेतलवी विदामा बसेको अवधिलाई कटाएर मात्रै सेवा अवधि हिसाव गरिनेछ र त्यस्तो विदा अवधिको कार्यसम्पादन मूल्याङ्कन फाराम भरिने छैन। असाधारण विदा वा बेतलवी विदामा बसेको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको प्रयोजनको निमित्त अङ्क गणना गर्दा असाधारण विदा वा बेतलवी विदामा बसेको अवधि कटाई सोभन्दा अगाडि वा पछाडिका वर्षहरूका बढुवाका लागि आवश्यक पर्ने अवधिको कार्यसम्पादन मूल्याङ्कनवापतको अङ्क गणना गरिनेछ ।

(१९) यस दफा बमोजिम कार्यसम्पादन मूल्याङ्कन गर्दा दफा ८ को उपदफा ( बमोजिमको कार्यसम्पादन टिप्पणी तथा दफा १३६ बमोजिमको कार्यसम्पादन मापनलाई स आधार मान्नु पर्नेछ।

३३. भौगोलिक क्षेत्रको विभाजन: : (१) यस ऐनको प्रयोजनका लागि भौगोलिक विकटतालाई आ मानी नेपालको भौगोलिक क्षेत्रलाई तोकिए बमोजिम "क", "ख", "ग", "घ" र "ङ" गरी वर्गमा वर्गीकरण गरिनेछ।

(२) उपदफा (१) बमोजिम वर्गीकरण गरिएको विभिन्न भौगोलिक क्षेत्रमा काम गो अनुभव वापत निजामती कर्मचारीलाई सोह्र अङ्कमा नबढ्ने गरी देहायबमोजिम अङ्क दिइनेछ:-

(क) "क" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि ४.०० अङ्क,

(ख) "ख" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि ३.२५ अङ्क,

(ग) "ग" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि २.५० अङ्क,

(घ) "घ" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि १.५० अङ्क,

(ङ) "ङ" वर्गमा काम गरेको प्रत्येक वर्षका लागि १.०० अङ्क।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँद वखत कुनै कर्मचारीले भौगोलिक क्षेत्र वापत प्राप्त गरिसकेको अङ्क घट्ने छैन ।

(४) कुनै एक भौगोलिक क्षेत्रमा कम्तीमा दुई सय तेत्तीस दिन रुजू हाजिर भई त्य भौगोलिक क्षेत्रमा कम्तीमा एक वर्ष सेवा नगरी सो भौगोलिक क्षेत्रको अङ्क पाइने छैन । वर्षभन्दा वढी अवधिका लागि दामासाहीको दरले सोही भौगोलिक क्षेत्रको र सोभन्दा अवधिका लागि जुनसुकै भौगोलिक क्षेत्रमा काम गरेको भए पनि "ङ" वर्ग सरहको दिइनेछ। भौगोलिक क्षेत्रमा काम गरेवापत पाउने अङ्क जुन श्रेणी वा तहमा वढुवा हुने सोभन्दा एक श्रेणी वा तहमुनिको पदमा प्राप्त गरेको भए मात्र गणना गरिनेछ।

तर,-

(१) अधिकृत सातौं तहको पदमा वढुवाको लागि अधिकृत छैटौं तह सहायक पाँचौं तहमा प्राप्त गरेको अङ्क गणना गरिनेछ।

(२) अधिकृत नवौं तहको पदमा वढुवाको लागि अधिकृत आठौं तह अधिकृत सातौं तहमा प्राप्त गरेको अङ्क गणना गरिनेछ।

स्पष्टीकरण: यस उपदफाको प्रयोजनका लागि "रुजू हाजिर" भन्नाले सार्वजनिक बि किरिया विदा, भैपरी आउने र पर्व विदाको अवधिलाई समेत जनाउँछ।

(५) विदेशस्थित नेपाली कूटनैतिक नियोग वा अन्य कुनै कार्यालयमा काम गर्न ने सरकारले खटाएको निजामती कर्मचारीलाई "ङ" वर्ग सरहको र नेपाल सरकारलाई प्राप्त भ छात्रवृत्ति वा नेपाल सरकारको खर्चमा अध्ययन वा तीस दिन भन्दा वढी अवधिको वैदेशि तालिममा काजमा जाने निजामती कर्मचारीलाई "ङ" वर्गका लागि तोकिएको अङ्कको आधा दिइनेछ।

तर,

(१) सम्बन्धित मन्त्रालयबाट मनोनयन भई सेवा, समूह सम्बन्धी कार्यक्षेत्रसँग सम्बन्धित नेपाल सरकारले तोकेको विषयमा वैदेशिक तालिममा जाने निजामती कर्मचारीलाई "ङ" वर्ग सरहको अङ्क दिइनेछ।

(२) निजी प्रयासमा वैदेशिक अध्ययन वा तालिममा जाने निजामती कर्मचारीले सो अवधिको भौगोलिक क्षेत्र बापतको अङ्क पाउने छैन।

(६) सेवाबाट हटाइएको कुनै कर्मचारी अदालतबाट पुनर्बहाली भई आएमा निजलाई सेवामा नरहेको वर्षको भौगोलिक क्षेत्र बापतको अङ्क दिंदा सेवाबाट हटेको वर्षको लागि उपदफा (२) बमोजिम जुन वर्गको भौगोलिक क्षेत्रमा रहँदा सेवाबाट हटेको सोही वर्गको भौगोलिक क्षेत्रको अङ्क र बाँकी अवधिको लागि "ङ" वर्गको भौगोलिक क्षेत्रको अङ्क दिइनेछ।

३४. <u>शैक्षिक योग्यता र तालिम:</u> (१) निजामती कर्मचारी बढुवाका लागि उम्मेदवार हुन बढुवा हुने पदको श्रेणी भन्दा एक श्रेणी मुनिको पदमा खुला प्रतियोगिताको लागि तोकिएको शैक्षिक योग्यता हासिल गरेको हुनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्राङ्कित विशिष्ट, प्रथम र द्वितीय श्रेणीको पदमा बढुवाका लागि सम्बन्धित सेवा, समूह वा उपसमूहको अधिकृत सातौं तहको पदमा खुला प्रतियोगिताको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यतालाई नै न्यूनतम शैक्षिक योग्यता मानिनेछ।

(३) निजामती कर्मचारीले लिएको तालिमको गणना गर्दा तीस कार्य दिन वा सोभन्दा बढी अवधिको सेवासँग सम्बन्धित विषयको सेवाकालीन तालिमलाई गणना गरिनेछ। यसरी तालिमको गणना गर्दा जुन श्रेणीमा छँदा तालिमका लागि मनोनयन भएको हो सोही श्रेणीबाट एक श्रेणी माथिको पदमा बढुवाका लागि मात्र गणना गरिनेछ।

तर,

(१) अधिकृत सातौं तहको पदमा बढुवा गर्दा अधिकृत छैठौं तह वा सहायक पाँचौं तहको पदमा रहँदा लिएको तालिमलाई गणना गरिनेछ।

(२) अधिकृत नवौं तहको पदमा बढुवा गर्दा अधिकृत आठौं तह वा अधिकृत सातौं तहको पदमा रहँदा लिएको तालिमलाई गणना गरिनेछ।

(४) निजामती कर्मचारीले बढुवाको दरखास्त साथ शैक्षिक योग्यता र सेवाकालीन तालिमको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ र त्यस्तो प्रमाणपत्र पेश नगरेमा त्यस्तो शैक्षिक योग्यता वा तालिमलाई मान्यता दिइने छैन।

(५) निजामती कर्मचारीले बढुवा प्रयोजनका लागि दरखास्तसँग पेस गरेको शैक्षिक योग्यता सो सेवा, समूह, उपसमूहसँग सम्वन्धित हो वा होइन भन्ने सम्वन्धमा तोकिए बमोजिमको सम्बद्धता निर्धारण समितिले निर्णय गरे बमोजिम हुनेछ। बढुवा प्रयोजनका लागि दरखास्तसँग पेस गरेको शैक्षिक योग्यताको सम्बद्धता निर्धारण बढुवा समितिको बैठक बस्नुभन्दा अगाडिको मितिसम्म भएमा त्यस्तो शैक्षिक योग्यतालाई सो बढुवाका लागि मान्यता दिइनेछ।

सचिव

(६) यस दफाको अधीनमा रही तालिम दिने संस्था र तालिमको स्तर सम्ब व्यवस्था सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालयसँग समन्वय गरी मन्त्रालयले त बमोजिम हुनेछ ।

(७) निजामती कर्मचारीलाई तालिमका लागि मनोनयन गर्दा तालिमको आवश्यक मूल्याङ्कन गरी ज्येष्ठताको आधारमा मनोनयन गर्नु पर्नेछ ।

३५. <u>विद्युतीय माध्यमबाट दरखास्त पेश गर्न सक्ने</u>: (१) कुनै निजामती कर्मचारीले सरकारी काम अध्ययन वा काजको सिलसिलामा विदेशमा रही वा विपद् वा काबु बाहिरको परिस्थिति दरखास्त फाराम सङ्कलन गर्ने निकायमा बढुवाको दरखास्त पेश गर्न नसक्ने भएमा बमोजिम विद्युतीय माध्यमबाट आफू कार्यरत विभाग वा कार्यालयमा दरखास्त पेश सक्नेछ।

(२) उपदफा (१) बमोजिम विद्युतीय माध्यमबाट दरखास्त फाराम प्राप्त सम्वन्धित विभागीय प्रमुख वा कार्यालय प्रमुखले त्यस्तो दरखास्त फाराम म्यादभित्र दरख फाराम सङ्कलन गर्ने निकायमा पठाउनु पर्नेछ ।

(३) यस ऐन बमोजिम खुला प्रतियोगिता, अन्तर तह प्रतियोगिता वा बढुवाका दरखास्त माग गर्दा विद्युतीय माध्यमबाट दरखास्त माग गर्न सकिनेछ ।

३६. <u>बढुवाको उजूरी</u>: (१) बढुवा समितिले गरेको बढुवाको सिफारिसमा चित्त नबुझ्ने सम्बन्धि निजामती कर्मचारीले त्यस्तो सिफारिस गरेको मितिले पन्ध्र दिनभित्र लोकसेवा आयोगमा उ दिन सक्नेछ र त्यसरी परेको उजूरीमा उजूरी गर्ने म्याद समाप्त भएको मितिले तीस दिन टुङ्गो लगाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएका उजूरी टुङ्गो लागेपछि पहिले प्रकाशित ब नामावलीमा संशोधन गर्नुपर्ने भएमा लोक सेवा आयोगले सोको सूचना बढुवा समितिलाई पर्नेछ ।

(३) कुनै उम्मेदवारले बढुवाको दरखास्त फाराम भर्दा बढुवामा तात्विक असर गरी झूठा विवरण पेश गरेको प्रमाणित भएमा निजलाई विभागीय कारवाही गरिनेछ र आधारमा कुनै कर्मचारीको बढुवा भएको भएमा अख्तियारवालाले निजको बढुवा रद्द गर्नेछ ।

३७. <u>बढुवा मिति र बढुवा नियुक्ति</u>: (१) दफा २६ को उपदफा (८) बमोजिम बढुवा नति प्रकाशन भए पछि बढुवा उजूरीको प्रयोजनका लागि सो नतिजा प्रकाशन भएको मितिबाट प दिनसम्म बढुवा सिफारिस पाउने उम्मेदवारलाई बढुवा नियुक्ति नदिई प्रतिक्षा सूचीमा राखिने त्यस्तो बढुवा सिफारिस उपर उजूरी नपरेमा सो नामावली प्रकाशन भएको मितिले से दिनदेखि बढुवा हुने श्रेणी वा तहको ज्येष्ठता कायम हुने गरी नियुक्ति दिनु पर्नेछ ।

(२) बढुवा सिफारिस उपर उजूर परेमा देहाय अनुसार ज्येष्ठता मिति कायम ग नियुक्ति दिनु पर्नेछ :-

(क) दफा ३६ को उपदफा (२) बमोजिम बढुवा सिफारिस संशोधन ग निर्णय भएमा सो बमोजिम संशोधित नतिजा प्रकाशन भएको मितिदेखि,

(ख) उजूरी खारेज भएमा वा पहिलेको बढुवा सिफारिस नै कायम भए पहिलो पटक बढुवा नतिजा प्रकाशन भएको मितिले सोह्रौं दिनदेखि, र

(ग) पुनै वढुवा मागदावीमा मागदावीमा मुद्दा परी वढुवा वदर भई पुन: वढुवा समितिबाट वढुवा सम्वन्धी निर्णय गर्दा पहिलो पटक वढुवा समितिबाट निर्णय भएको मितिदेखि ।

३८. <u>वढुवा सम्वन्धी विशेष व्यवस्था</u>: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै श्रेणीको पदमा कम्तीमा दश वर्ष वहाल रहिरहेको राजपत्राङ्कित प्रथम श्रेणी वा सो भन्दा मुनिका निजामती कर्मचारीलाई दफा ५६ को उपदफा (१) वमोजिम अवकाश हुने मिति भन्दा एक महिना अगावै साविकको श्रेणीको पदभन्दा माथिल्लो श्रेणीको पदमा वढुवा गरी अवकाश दिइनेछ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एउटै श्रेणीको पदमा कम्तीमा दश वर्ष वहाल रहिरहेका राजपत्राङ्कित प्रथम श्रेणी वा सो भन्दा मुनिका कुनै निजामती कर्मचारीले दफा ५९ को उपदफा (१) वा (२) वमोजिम स्वेच्छिक अवकाश लिन चाही निवेदन दिएमा निजलाई एक श्रेणी माथिको पदमा वढुवा गरी अवकाश दिईनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तपनि अधिकृत छैटौं तहको पदमा वहाल रहेका निजामती कर्मचारीको हकमा अधिकृत छैटौं तह र सहायक पाँचौं तहको पदमा गरी दश वर्ष सेवा अवधि पूरा गरेको भएमा अधिकृत सातौं तहको पदमा र अधिकृत आठौं तहको पदमा वहाल रहेका निजामती कर्मचारीको हकमा अधिकृत आठौं तह र अधिकृत सातौं तहको पदमा गरी दश वर्ष सेवा अवधि पूरा गरेको भएमा अधिकृत नवौं तहको पदमा वढुवा गरी अवकाश दिइनेछ।

(४) उपदफा (१) वा (३) वमोजिम वढुवा गर्नका लागि स्वत: विशेष पद सृजना हुनेछ र त्यस्तो कर्मचारी अवकाश भएपछि सो पद स्वत: खारेज हुनेछ।

(५) एउटै पदमा उपदफा (१) वा (३) वमोजिमको अवधि पूरा भएको कुनै निजामती कर्मचारीको मृत्यु भएमा त्यस्तो कर्मचारीको परिवारलाई साविकको श्रेणी वा तहको पद भन्दा एक श्रेणी वा तह माथीको पदको निवृत्तिभरण लगायत अन्य सुविधा प्रदान गरिनेछ।

(६) यस दफा बमोजिम हुने विशेष वढुवा सम्वन्धी व्यवस्था समायोजन सम्वन्धी सङ्घीय कानून वमोजिम सरकारी सेवावाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका कर्मचारीको हकमा समेत लागू हुनेछ।

३९. <u>वढुवाको शर्तमा परिवर्तन</u>: दफा २७, २८, २९, ३०, ३१, ३२, ३३, ३४, ३६, ३७, ३८ तथा सो अन्तर्गत वनेको नियममा भएको वढुवाका शर्त सम्वन्धी व्यवस्था संशोधन भएमा त्यस्तो संशोधित व्यवस्था संशोधन भएको मितिले एक वर्ष पछिको मितिदेखि मात्र लागू हुनेछ।

४०. <u>तहवृद्धि सम्वन्धी व्यवस्था</u>: (१) देहायको तहमा सात वर्ष सेवा अवधि पूरा भई पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कनमा कम्तीमा नब्बे प्रतिशत अङ्क प्राप्त गरेको र दफा १११ वमोजिमको नकारात्मक सूचीमा नपरेको निजामती कर्मचारीलाई सम्वन्धित मन्त्रालय वा केन्द्रीयस्तरको निकायले एक तह माथी तहवृद्धि गर्नेछ:-

(क) सहायक पाँचौं तह,

(ख) अधिकृत सातौं तह,

(ग) अधिकृत नवौं तह,

(ण) अधिकृत एघारौं तह।

(२) उपदफा (१) बमोजिम तहवृद्धि हुँदा त्यस्तो पद स्वतः माथिल्लो तहको पदमा कायम हुनेछ र त्यसरी तहवृद्धि भएको निजामती कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साबिककै तहमा कायम रहनेछ।

(३) उपदफा (१) बमोजिम तहवृद्धि गर्दा सम्बन्धित निजामती कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा खाईपाई आएको तलब भन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ ।

(४) उपदफा (१) बमोजिमको तह र तहवृद्धि भएपछि कायम हुने तहको कार्यविवरण एउटै हुनेछ।

(५) यस दफा बमोजिम तह वृद्धि गर्दा प्रत्येक वर्षको असार मसान्तसम्म उपदफा (१) बमोजिमको अवधि पूरा हुने निजामती कर्मचारीको हकमा साउन १ गतेदेखि र पुस मसान्तसम्म त्यस्तो अवधि पूरा हुने निजामती कर्मचारीको हकमा माघ १ गतेदेखि लागू हुने गरी गरिनेछ।

(६) निजामती कर्मचारीको तहवृद्धि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४१. राजपत्र अनङ्कित पाँचौं श्रेणीका कर्मचारीको स्तरवृद्धि सम्बन्धी व्यवस्था: (१) राजपत्र अनङ्कित पाँचौं श्रेणीको पदको स्तर देहाय बमोजिम हुनेछ :-

(क) प्रथमस्तर

(ख) द्वितीयस्तर

(ग) तृतीयस्तर

(घ) चतुर्थस्तर

(ङ) पाँचौंस्तर

(२) राजपत्र अनङ्कित पाँचौं श्रेणीको पदमा शुरु नियुक्ति हुने निजामती कर्मचारीको प्रथमस्तर कायम हुनेछ ।

(३) अख्तियारवालाले राजपत्र अनङ्कित पाँचौं श्रेणीको निजामती कर्मचारीको देहाय बमोजिम स्तरवृद्धि गर्नेछ:-

(क) पाँच वर्ष वा सोभन्दा बढी तर दश वर्षभन्दा कम सेवा अवधि भएकोलाई द्वितीयस्तर,

(ख) दश वर्ष वा सोभन्दा बढी तर पन्ध्र वर्षभन्दा कम सेवा अवधि भएकोलाई तृतीयस्तर,

(ग) पन्ध्र वर्ष वा सोभन्दा बढी तर बीस वर्षभन्दा कम सेवा अवधि भएकोलाई चतुर्थस्तर,

(घ) बीस वर्ष वा सोभन्दा बढी सेवा अवधि भएकोलाई पाँचौंस्तर ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १११ बमोजिमको नकारात्मक सूचीमा रहेको अवधिभर स्तरवृद्धि हुने छैन ।

(५) यो ऐन प्रारम्भ हुनु अघि श्रेणीविहीन पदमा वहाल रहेको कर्मचारी यो ऐन प्रारम्भ भए पछि उपदफा (३) बमोजिमको राजपत्र अनङ्कित पाँचौं श्रेणीको सोही स्तरमा कायम रहनेछ।

४२. सेवा, समूह वा उपसमूह परिवर्तन सम्बन्धी व्यवस्था: (१) कुनै सेवा, समूह वा उपसमूहको कुनै पद दफा १० बमोजिम खुला प्रतियोगिता, अन्तर तह प्रतियोगिता वा बढुवाबाट लगातार दुई वर्षसम्म पदपूर्ति हुन नसकी अन्य सेवा, समूह वा उपसमूहबाट सेवा परिवर्तन गरी पूर्ति गर्नुपर्ने भएमा नेपाल सरकारले लोक सेवा आयोगमा लेखी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा लोक सेवा आयोगले सम्बन्धित सेवा, समूह वा उपसमूह र पदका लागि निर्धारण गरिएको न्यूनतम शैक्षिक योग्यता भएका समान श्रेणी वा तहको पदमा वहाल रहेका कर्मचारीहरू प्रतिस्पर्धात्मक परीक्षामा सहभागी हुन सक्ने गरी विज्ञापन प्रकाशन गर्नेछ । यसरी हुने प्रतिस्पर्धात्मक परीक्षाको माध्यमबाट छनौट भएका कर्मचारीलाई नेपाल सरकारले सेवा, समूह वा उपसमूह परिवर्तन गर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निकायको सङ्घीय निजामती सेवाको कुनै पद आवश्यक नभई दरवन्दी कटौती भएको र सो कटौती भएको सेवा, समूह, उपसमूह र श्रेणीको पद अन्य कुनै पनि निकायमा रिक्त नरहेको तथा एक वर्षसम्म पनि रिक्त हुन नआई त्यस्तो दरवन्दीमा कार्यरत कर्मचारीलाई अर्को सेवा, समूह वा उपसमूहमा परिवर्तन गर्नु पर्ने भएमा नेपाल सरकारले लोक सेवा आयोगको परामर्श लिई अन्य सेवा, समूह वा उपसमूहको पदमा समूहीकृत गर्न सकिनेछ।

(४) उपदफा (१), (२) र (३) मा व्यवस्था भए बमोजिम वाहेक निजामती कर्मचारीको सेवा, समूह वा उपसमूह परिवर्तन हुने छैन ।

## परिच्छेद-६

## तलव, भत्ता र अन्य सुविधा

४३. तलव, भत्ता: (१) निजामती कर्मचारीले कार्यालयमा हाजिर भएको दिनदेखि तलव, भत्ता पाउनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको कार्यालयवाट तलवी प्रतिवेदन पारित नगराई निजामती कर्मचारीलाई तलव भुक्तानी गर्नु हुँदैन ।

(३) उपदफा (२) बमोजिम तलवी प्रतिवेदन पारित नगरी तलव भुक्तानी गरेमा त्यस्तो निजामती कर्मचारीले पाएको तलव, भत्ता त्यसरी तलव भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर गरिनेछ।

(४) प्रत्येक निजामती कर्मचारीले एक वर्षको सेवा अवधि पूरा गरेपछि तोकिए बमोजिम एक दिनको तलव बराबरको रकम तलव वृद्धि पाउनेछ ।

(५) कुनै निजामती कर्मचारीको तलव वृद्धि रोक्का भएकोमा सो तलव वृद्धि कुन मितिदेखि फुकुवा हुने हो सो कुरा सम्बन्धित अधिकारीले लिखित रूपमा जनाई अभिलेख राख्नु पर्नेछ।

४४. <u>पकाएको तलब भत्ता पाउने</u>: (१) निजामती कर्मचारीले प्रत्येक महिना भुक्तान भएपछि पकाएको तलब र भत्ता पाउने भए भत्ता समेत पाउनेछ ।

(२) निजामती कर्मचारी जुनसुकै तरिकाले राष्ट्रीय निजामती सेवामा नरहे पनि पकाएको तलब र भत्ता पाउनेछ ।

तर कुनै कर्मचारीसँग सरकारले असुल गर्नुपर्ने रकम रहेको भए सो रकम असुल उपर गरी बाँकी रकम मात्र भुक्तानी दिनु पर्नेछ ।

(३) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै पनि निजामती कर्मचारीको तलब वा भत्ता कट्टा गरिने छैन ।

४५. <u>निलम्बन भएमा पाउने तलब</u>: (१) कुनै निजामती कर्मचारी आफूले सम्पादन गरेको सरकारी कामको सम्वन्धमा यो ऐन वा प्रचलित कानून बमोजिम निलम्बन भएमा सो निलम्बनको अवधिभर निजले आफ्नो तलबको आधा मात्र पाउनेछ ।

तर निजले त्यस्तो अभियोगबाट सफाई पाएमा निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कट्टा गरी बाँकी र नपाएको भए पूरै तलब (तलब वृद्धि हुने भएमा सो समेत) पाउनेछ र कसूरदार ठहरिएमा निलम्बन भएको मितिदेखिको बाँकी तलब भत्ता पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अदालतमा मुद्दा दायर भएको कारणले कुनै निजामती कर्मचारी निलम्बन भएकोमा त्यस्तो मुद्दामा अदालतबाट कसूरदार ठहरी फैसला भएमा त्यस्तो फैसला भएको मितिदेखि निजले तलब पाउने छैन ।

(३) कुनै निजामती कर्मचारी उपदफा (१) मा उल्लिखित कारण बाहेक अन्य कुनै कारणबाट निलम्बन रहन गएको रहेछ भने निजले त्यसरी निलम्बन रहेको अवधिको तलब पाउने छैन ।

४६. <u>चाडपर्व खर्च</u>: (१) निजामती कर्मचारीले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाउने चाडपर्वका लागि खाइपाइ आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक आर्थिक वर्षमा एकपटक चाडपर्व खर्चको रूपमा पाउनेछ ।

(२) निवृत्तिभरण पाउने गरी अवकाश प्राप्त कर्मचारी वा निजको पारिवारिक निवृत्तिभरण पाउने व्यक्तिले निजले पाउने एक महिनाको निवृत्तिभरण बराबरको रकम चाडपर्व खर्चको रूपमा पाउनेछ ।

४७. <u>कर्मचारी सञ्चय कोष</u>: निजामती कर्मचारीको मासिक तलबबाट दश प्रतिशतका दरले हुने रकम कट्टा गरी सो रकममा नेपाल सरकारले शत प्रतिशत रकम थप गरी कर्मचारी सञ्चय कोषमा जम्मा गरिदिने छ ।

४८. <u>बीमा</u>: (१) नेपाल सरकारले निजामती कर्मचारीको योगदानमा आधारित सावधिक जीवन बीमा गर्नेछ।

(२) उपदफा (१) बमोजिमको सावधिक जीवन बीमाको व्यवस्थापन गर्न एक सावधिक जीवन बीमा कोषको स्थापना गरिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि लाभांश सहित बढी सुविधा दिने प्रचलित कानून बमोजिम स्थापित कोष मार्फत सावधिक जीवन बीमाको व्यवस्थापन गर्न सकिनेछ ।

(४) नेपाल सरकारले निजामती कर्मचारीलाई तोकिए बमोजिम दुर्घटना बीमाको व्यवस्था गर्नेछ ।

(५) यो ऐन प्रारम्भ भएपछि निजामती कर्मचारीका बढीमा दुई सन्ततिलाई स्नातक तहसम्म अध्ययन गर्न आवश्यक पर्ने खर्चको निमित्त तोकिए बमोजिम शैक्षिक बीमा योजना लागू गर्न सकिनेछ।

४९. <u>उपचार खर्च</u>: (१) निजामती कर्मचारीले सेवा अवधिभरमा अधिकृत सातौं तह वा सो भन्दा माथीको पदको कर्मचारी भए बाह्र महिना बराबरको, अधिकृत छैठौं र सहायक पाँचौं तहको कर्मचारी वा सो सरह वा सो भन्दा बढी तलब सुविधा पाउने सहायक पहिलो तहको कर्मचारी भए अठार महिना बराबरको र अन्य कर्मचारी भए एक्काईस महिना बराबरको खाईपाई आएको तलब रकमसम्म उपचार खर्च पाउने छन् ।

(२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको अवस्थामा बाहेक अरु जुनसुकै व्यहोराबाट निजामती कर्मचारी सेवाबाट अलग हुँदा यस दफा बमोजिम सेवा अवधिभरमा पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च लिन बाँकी रहेको भए त्यस्तो बाँकी रकम एकमुष्ट लिन पाउनेछ ।

(३) बीस वर्ष, पच्चीस वर्ष वा सोभन्दा बढी सेवा अवधि भई निवृत्तिभरण पाउने गरी सेवाबाट अलग भएको निजामती कर्मचारीले उपचार खर्च बापत लिन बाँकी रकममा क्रमशः दश, पन्ध्र र बीस प्रतिशत थप गरी हुन आउने रकम एकमुष्ट लिन पाउनेछ।

(४) दश वर्ष सेवा अवधि नपुगेको कुनै निजामती कर्मचारीलाई औषधि उपचारका लागि खर्च दिंदा यस दफामा तोकिएको रकमलाई दश वर्ष सेवा गरे बापत पाउने रकम मानी दामासाहीले हुन आउने रकम मात्र दिइनेछ।

(५) कुनै निजामती कर्मचारी सरकारी कामको सिलसिलामा दुर्घटना, प्राकृतिक विपद् वा द्वन्द्वमा परी घाइते भएमा वा अङ्गभङ्ग भएमा त्यस्तो कर्मचारीको उपचारमा लाग्ने सम्पूर्ण खर्च नेपाल सरकारले व्यहोर्नेछ । यसरी उपचार गराउँदा उपलब्ध भएसम्म सरकारी अस्पतालमा गराउनु पर्नेछ ।

तर सरकारी अस्पतालमा उपचार सम्भव नभएको अवस्थामा अन्य अस्पतालमा उपचार गर्न बाधा पर्ने छैन ।

(६) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भए पछि सङ्घीय निजामती सेवामा नियुक्ति हुने निजामती कर्मचारीको हकमा दफा ५० बमोजिमको स्वास्थ्य बीमा योजना लागू हुनेछ।

५०. <u>स्वास्थ्य बीमा योजना लागू गर्ने</u>: नेपाल सरकारले निजामती कर्मचारी तथा निजामती कर्मचारी आश्रित परिवारका सदस्यको औषधि उपचारको लागि प्रचलित कानून बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषसँग आबद्ध गरी योगदानमा आधारित स्वास्थ्य बीमा योजना लागू गर्नेछ।

५१. <u>आवास कर्जा तथा आवास कार्यक्रम:</u> (१) नेपाल सरकारले निजामती कर्मचारीलाई जग्गा खरिद तथा आवास निर्माणका लागि सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

तर यस्तो सुविधा निजामती कर्मचारीले सेवा अवधिभर एकपटक मात्र लिन सक्नेछ ।

(२) नेपाल सरकारले निजामती कर्मचारीको आवास सुविधाको लागि प्रचलित कानून बमोजिम स्थापना भएको कर्मचारी सञ्चय कोष वा सामाजिक सुरक्षा कोषसँग आबद्ध गरी आवास कार्यक्रम लागू गर्न सक्नेछ।

५२. <u>सवारी साधन सुविधा:</u> राजपत्राङ्कित प्रथम श्रेणी वा सो भन्दा माथिको निजामती कर्मचारीलाई तोकिए बमोजिम सवारी साधन सुविधा उपलब्ध गराइनेछ।

५३. <u>विशेष आर्थिक सुविधा:</u> कुनै निजामती कर्मचारीको सेवामा छँदै मृत्यु भएमा निजको परिवारलाई तोकिए बमोजिमको रकम एकमुष्ट विशेष आर्थिक सुविधा प्रदान गरिनेछ ।

५४. <u>तलबको हिसाब:</u> दफा ६० र ६१ को प्रयोजनको लागि आखिरी तलबको हिसाब गर्दा सम्बन्धित निजामती कर्मचारीको अवकाश प्राप्त गर्ने अवस्थामा कायम रहेको तलबको हिसाब गरिनेछ र त्यसरी अवकाश प्राप्त गर्ने अवस्थामा कुनै निजामती कर्मचारी असाधारण बिदा वा निलम्बन रहेको भए त्यस्तो अवधिको निमित्त पनि पूरै तलबको हिसाब गरिनेछ ।

५५. <u>तलब तथा सुविधा पुनरावलोकन तथा सिफारिस समिति:</u> (१) निजामती कर्मचारीको तलब, भत्ता तथा अन्य सुविधा पुनरावलोकन तथा सिफारिस गर्न देहाय बमोजिमको समिति रहनेछ:-

(क) नेपाल सरकारको मुख्य सचिव - अध्यक्ष

(ख) सचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सचिव, मन्त्रालय - सदस्य

(घ) नेपाल सरकारले तोकेको आर्थिक तथा प्रशासनिक क्षेत्रको विज्ञ - सदस्य

(२) उपदफा (१) बमोजिमको समितिमा विषयसँग सम्बन्धित विज्ञ वा सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) को खण्ड (ङ) बमोजिमको विज्ञ तोक्दा प्रत्येक वर्षका लागि तोकिनेछ।

(४) मन्त्रालयको सचिवले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीले उपदफा (१) बमोजिमको समितिको सचिवको रुपमा काम गर्नेछ।

(५) उपदफा (१) बमोजिमको समितिले प्रत्येक वर्ष उपभोक्ता मूल्य सूचीको आधारमा महङ्गी भत्ता तथा आर्थिक वृद्धिदर, कूल दरबन्दी सङ्ख्या, नेपाल सरकारको आर्थिक स्रोत र क्षमता तथा विगतमा दिइएको महङ्गी भत्ता समेतलाई आधार बनाई तलब, भत्ता तथा अन्य सुविधा पुनरावलोकन गरी सिफारिस गर्नेछ र सोही आधारमा नेपाल सरकारले निजामती कर्मचारीको तलब, भत्ता तथा अन्य सुविधा पुनरावलोकन गर्नेछ।

(६) उपदफा (१) बमोजिमको समितिले उपदफा (५) बमोजिम तलब, भत्ता तथा अन्य सुविधा सिफारिस गर्दा तत्काल पुनरावलोकन गर्नु पर्ने तलब, भत्ता तथा अन्य सुविधा तथा संघीय निजामती सेवालाई मर्यादित, व्यवसायिक तथा आकर्षक सेवाको रुपमा विकास गर्न

राज्यको आर्थिक क्षमताको आधारमा क्रमशः लागू गर्नु पर्ने तलब, भत्ता तथा अन्य सुविधाको सिफारिस गर्नु पर्नेछ।

(७) उपदफा (१) बमोजिमको समितिले आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ ।

(८) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(९) उपदफा (१) बमोजिमको समितिको सचिवालय मन्त्रालयमा रहनेछ ।

## परिच्छेद-७

## अवकाश, उपदान र निवृत्तिभरण

५६. अनिवार्य अवकाश: (१) निजामती कर्मचारीले साठी वर्ष उमेर पूरा भएपछि अनिवार्य अवकाश पाउनेछ।

तर यो ऐन प्रारम्भ भएको एक वर्षसम्म निजामती कर्मचारीको अनिवार्य अवकाश हुने उमेरको अधिकतम हद अन्ठाउन्न वर्ष कायम रहनेछ।

(२) दफा २२ मा उल्लिखित निजामती कर्मचारीको हकमा सो बमोजिमको पदावधि वा उपदफा (१) बमोजिमको उमेर मध्ये जुन आधारमा पहिले अवकाश हुने हो सोही आधारमा अवकाश हुनेछ ।

५७. उमेर गणना: (१) यस ऐन बमोजिम अनिवार्य अवकाश वा अन्य प्रयोजनका लागि निजामती कर्मचारीको उमेर गणना गर्दा निजले पेश गरेको शिक्षण संस्थाको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आउने उमेर वा निजको नागरिकताको प्रमाणपत्रमा किटिएको जन्मदिन वा वर्षबाट हुन आउने उमेर वा निजले व्यक्तिगत विवरण (सिटरोल) मा लेखी दिएको जन्मदिन वा वर्षबाट हुन आउने उमेर मध्ये जुन उमेरबाट पहिले अवकाश हुन्छ सोही आधारमा गणना गरिनेछ ।

(२) कुनै निजामती कर्मचारीको शैक्षिक योग्यता वा नागरिकताको प्रमाणपत्र र व्यक्तिगत विवरणमा वर्ष, संवत् वा उमेर मात्र उल्लेख भएकोमा देहायको आधारमा जन्ममिति कायम गरिनेछ:-

(क) नागरिकताको प्रमाणपत्रको हकमा प्रमाणपत्र प्राप्त गरेको मितिको आधारमा,

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको हकमा प्रमाणपत्र जारी भएको मितिको आधारमा,

(ग) व्यक्तिगत विवरण (सिटरोल) को हकमा शुरु नियुक्ति भएको मितिको आधारमा ।

(३) निजामती कर्मचारीले पेश गरेको कुनै प्रमाणपत्रमा वर्ष मात्र उल्लेख भएको र अर्को प्रमाणपत्रमा पूरा जन्म मिति खुलेको भएमा र सो प्रमाणपत्रमा उल्लिखित जन्म

मितिहरूको बीचमा एक वर्षसम्मको अन्तर देखिएमा पूरा जन्म मिति खुलेको प्रमाणपत्रको आधारमा जन्ममिति कायम गरी उमेर गणना गरिने छ ।

(४) उपदफा (३) बमोजिम छुट्टा छुट्टै प्रमाणपत्रमा उल्लेख भएको जन्म मितिको अन्तर एक वर्षभन्दा बढी देखिएमा उपदफा (२) बमोजिम कायम हुने जन्ममितिको आधारमा निज जुन मितिबाट पहिले अवकाश हुन्छ सोही मितिलाई जन्म मिति कायम गरी निजको उमेर गणना गरिनेछ ।

५८. <u>असमर्थ कर्मचारी सम्बन्धी विशेष व्यवस्था</u>: कुनै निजामती कर्मचारी शारीरिक वा मानसिक रोगको कारणबाट नियमित रूपमा सेवा गर्न असमर्थ छ भनी नेपाल सरकारले गठन गरेको मेडिकल बोर्डबाट प्रमाणित भई आएमा नेपाल सरकारले निजलाई निजको सेवा अवधि बीस वर्ष ननाघ्ने गरी बढीमा सात वर्ष सेवा अवधि थप गरी अवकाश दिन सक्नेछ ।

तर बीस वर्षभन्दा बढी सेवा अवधि पूरा गरेका असमर्थ कर्मचारीलाई अनिवार्य अवकाश हुने अवधि भन्दा बढी नहुने गरी बढीमा पाँच वर्ष सेवा अवधि थप गरी नेपाल सरकारले अवकाश दिन सक्नेछ।

५९. <u>स्वेच्छिक अवकाश</u>: (१) निवृत्तिभरण पाउने अवस्था र उमेरको हद पचास वर्ष पूरा भएका निजामती कर्मचारीले नेपाल सरकारद्वारा नेपाल राजपत्रमा प्रकाशित सूचनामा तोकिएको अवधिभित्र सोही सूचनामा उल्लिखित शर्तमा स्वेच्छिक अवकाश लिन सक्नेछ । यसरी स्वेच्छिक अवकाश लिने कर्मचारीको साठी वर्ष उमेर ननाघ्ने गरी बढीमा सात वर्षसम्म सेवा अवधि थप गरी निवृत्तिभरणका लागि जम्मा सेवा अवधि कायम गरिनेछ ।

तर दरवन्दी मिलान हुन नसकी फाजिलमा परेको वा नेपाल सरकारलाई आवश्यक नभएका पदमा कार्यरत कर्मचारीको हकमा छुट्टै शर्त र सुविधा तोकी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी स्वेच्छिक अवकाशका लागि निवेदन माग गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तिभरण पाउने अवस्था भएको, उमेरको हद पचासवर्ष पुगेको र एउटै श्रेणीमा दश वर्ष सेवा अवधि पूरा गरेको निजामती कर्मचारीले स्वेच्छिक अवकाश लिन चाहेमा निजलाई एक श्रेणी माथिको पदमा बढुवा गरी स्वेच्छिक अवकाश दिन सकिनेछ ।

तर,

(१) अधिकृत छैठौं तहको पदमा कार्यरत निजामती कर्मचारीको हकमा सो तह र सहायक पाँचौ तहको पदमा गरी दश वर्ष सेवा अवधि पूरा गरेको भएमा अधिकृत सातौं तहको पदमा बढुवा गरी स्वेच्छिक अवकाश दिन सकिनेछ।

(२) अधिकृत आठौं तहको पदमा कार्यरत निजामती कर्मचारीको हकमा सो तह र अधिकृत सातौं तहको पदमा गरी दश वर्ष सेवा अवधि पूरा गरेको भएमा अधिकृत नवौं तहको पदमा बढुवा गरी स्वेच्छिक अवकाश दिन सकिनेछ।

६०. <u>उपदान</u>: पाँच वर्ष वा सोभन्दा बढी सेवा गरेको तर निवृत्तिभरण पाउने अवधि नपुगेको निजामती कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा देहायको दरले उपदान पाउनेछ :-

(क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब,

(ख) दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब,

(ग) पन्ध्र वर्षभन्दा बढी बीस वर्षभन्दा कम सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी डेढ महिनाको तलब ।

६१. <u>निवृत्तिभरण</u>: (१) बीस वर्ष वा सोभन्दा बढी अवधि सेवा गरेको निजामती कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाइएमा देहाय बमोजिमको मासिक निवृत्तिभरण आजीवन पाउनेछ:-

$$\frac{\text{जम्मा सेवा वर्ष X आखिरी तलबको रकम}}{\text{५०}}$$

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तिभरणको न्यूनतम रकम समान पदको बहालवाला निजामती कर्मचारीको तलबको शुरु अङ्कको आधाभन्दा कम र अधिकतम रकम समान पदको बहालवाला निजामती कर्मचारीको तलबको शुरु स्केलभन्दा बढी हुने छैन ।

(३) पन्ध्र वर्ष सेवा अवधि पूरा गरेको कुनै निजामती कर्मचारीको मृत्यु भएमा निजको सेवा अवधिमा बढीमा पाँच वर्षसम्म अवधि थप गरी निजको परिवारलाई निवृत्तिभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिइनेछ ।

(४) कुनै सरकारी पदमा अघि गरेको सेवा वापत निवृत्तिभरण पाइरहेको व्यक्ति पछि सङ्घीय निजामती सेवाको पदमा नियुक्ति भएमा निजले अवकाश भएको पदको निवृत्तिभरण पाउने छैन ।

तर त्यस्तो कर्मचारी सङ्घीय निजामती सेवाको पदबाट अवकाश भएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा पछि गरेको सेवा अवधिमा अघि गरेको सेवा अवधि जोडी यस दफा बमोजिम निवृत्तिभरण लिन पाउनेछ ।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा प्रवेशको लागि अधिकतम उमेर चालिस वर्ष तोकिएको आधारमा पैंतीस वर्ष उमेर पूरा भए पछि सेवा प्रवेश गरेका निजामती कर्मचारी यो ऐन प्रारम्भ भएको एक वर्षभित्र उमेरको कारणले अनिवार्य अवकाश हुँदा बीस वर्ष सेवा अवधि नपुग्ने भएमा त्यस्तो निजामती कर्मचारीलाई बढीमा दुई वर्षसम्म सेवा अवधि थप गरी निवृत्तिभरण प्रदान गर्न सकिनेछ।

(६) बहालवाला निजामती कर्मचारीको तलब वृद्धि हुँदा तलबको सुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाई रकम समान पदका सेवा निवृत्त निजामती कर्मचारीको निवृत्तिभरण रकम वा दफा ६२ वा ६५ बमोजिमको पारिवारिक निवृत्तिभरण वा असाधारण पारिवारिक निवृत्तिभरण रकममा पनि थप गरिनेछ ।

(७) वहालवाला निजामती कर्मचारीको तलब वृद्धि हुँदा तलबको शुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाइ रकम समान पदमा सेवा निवृत्त निजामती कर्मचारीको निवृत्तिभरण रकममा पनि थप गरिनेछ ।

(८) निवृत्तिभरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६२. पारिवारिक निवृत्तिभरण र उपदानः (१) कुनै निजामती कर्मचारीको सेवामा छँदै मृत्यु भएमा निजको मृत्यु भएको सात वर्षसम्म र निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा सात वर्ष पुग्न बाँकी अवधि निजको परिवारका सदस्य वा निजले इच्छाएको व्यक्तिलाई दफा ६० वा ६१ मा लेखिए बमोजिम उपदान वा निवृत्तिभरण प्राप्त हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिमको पारिवारिक निवृत्तिभरण त्यस्तो मृतक निजामती कर्मचारीको पति वा पत्नीले पाउने भएमा त्यस्तो निजामती कर्मचारीको सेवामा छँदै मृत्यु भएकोमा मृत्यु भएको सात वर्ष पछि, निवृत्तिभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएकोमा निवृत्तिभरण पाउन थालेको सात वर्ष अवधि व्यतित भए पछि र निवृत्तिभरण पाउन थालेको सात वर्ष व्यतित भई सकेपछि मृत्यु भएकोमा निज कर्मचारीको मृत्यु भएको मितिदेखि आजीवन निजले पाउने निवृत्तिभरणको आधा रकम मृतक निजामती कर्मचारीको पति वा पत्नीले पाउनेछ ।

तर त्यस्तो पति वा पत्नी मासिक पारिश्रमिक पाउने कुनै सरकारी लाभको पदमा रहेको भएमा सो अवधिभर वा निजले अर्को विवाह गरेमा त्यस्तो निवृत्तिभरण सुविधा पाउने छैन ।

(३) उपदफा (१) बमोजिम मृत्यु भएको निजामती कर्मचारीको पति वा पत्नी नभएमा वा निजले अर्को विवाह गरेमा वा निजको मृत्यु भएमा त्यस्तो निजामती कर्मचारीको छोरा छोरीले एक्काइस वर्ष उमेर पूरा नभएसम्म उपदफा (१) वा (२) बमोजिमको निवृत्तिभरण रकम तोकिए बमोजिम दामासाहीले पाउनेछ ।

(४) उपदफा (१) बमोजिम मृत्यु भएको निजामती कर्मचारीको पति, पत्नी वा नाबालक छोरा छोरी रहेनछन् र त्यस्तो निजामती कर्मचारीको आश्रित आमा बाबु दुबै वा तीमध्ये कुनै एक रहेछन् भने निजहरुलाई उपदफा (२) बमोजिमको अवधि पछि सो उपदफा बमोजिम कायम हुने रकमको दुई तिहाईमा नबढ्ने गरी निवृत्तिभरण बापत रकम दिइनेछ ।

(५) कुनै निजामती कर्मचारीको यस ऐन बमोजिम पाउने कुनै रकम लिन नपाउँदै मृत्यु भएमा सो रकम निजको परिवारका सदस्य वा यस ऐन बमोजिम निजको निवृत्तिभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले लिन पाउनेछ ।

(६) निवृत्तिभरण वा उपदान दिँदा मृत निजामती कर्मचारीले आफ्नो परिवारको सदस्य वा आश्रित दाजु, भाई, दिदी, बहिनी मध्ये कसैलाई इच्छाएको रहेछ भने सो व्यक्तिलाई र कुनै कारणले सो व्यक्तिले पाउन नसक्ने अवस्था भएमा वा कसैलाई पनि इच्छाएको नभएमा क्रमशः त्यस्तो कर्मचारीको सगोलको पति वा पत्नी, छोराछोरी, बाबु आमा, बाजे बजै, सासू ससुरालाई दिइनेछ ।

(७) पारिवारिक निवृत्तिभरण र उपदान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६३. <u>सुविधा दावी गर्नुपर्ने</u>: (१) सेवा निवृत्त हुने निजामती कर्मचारी वा निजको परिवारका सदस्यले सम्बन्धित कार्यालय मार्फत नियमानुसार पाउने निवृत्तिभरण, उपदान लगायतका सुविधा लिनका लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेको एक महिनाभित्र राष्ट्रिय किताबखानाले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम सुविधा निर्धारण गरी निवृत्तिभरण व्यवस्थापन कार्यालयमा पठाउनु पर्नेछ र निवृत्तिभरण व्यवस्थापन कार्यालयले यसरी प्राप्त भए पछि यथाशीघ्र निवृत्तिभरण उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ।

६४. <u>वेपत्ता भएको कर्मचारीको निवृत्तिभरण र उपदान</u>: (१) सङ्घीय निजामती सेवामा रही काम गरेको कुनै कर्मचारी हराई वेपत्ता भई दुई वर्षसम्म जीवित रहे नरहेको पत्ता नलागेमा त्यस्तो कर्मचारीले दफा ६० वा ६१ बमोजिम पाउने उपदान वा निवृत्तिभरणको रकम दफा ६२ बमोजिम निजको हकवालालाई दिइनेछ ।

(२) उपदफा (१) बमोजिमको सुविधा दिंदा पन्ध्र वर्ष सेवा अवधि पूरा गरी वेपत्ता भएको कर्मचारीको हकमा निजको सेवा अवधिमा बढीमा पाँच वर्षसम्म अवधि थप गरी निजको परिवारलाई निवृत्तिभरण वा उपदान जुन लिन चाहन्छ सो रोजेर लिन दिइनेछ ।

(३) वेपत्ता भएको कर्मचारी पछि फेला परेमा दफा ६० बमोजिमको उपदान भुक्तानी दिई नसकेको भए सो उपदान वा दफा ६१ बमोजिम पाउने निवृत्तिभरणको रकम निजले दावी गर्न आएको मितिदेखि निजलाई नै दिइनेछ ।

तर उपदफा (१) बमोजिम भुक्तानी दिई सकेको पारिवारिक निवृत्तिभरण वा उपदान रकममा पछि फेला परेको व्यक्तिले दावी गर्न पाउने छैन ।

६५. <u>पारिवारिक निवृत्तिभरण सम्बन्धी विशेष व्यवस्था</u>: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि नेपाल सरकारले खटाएको कार्यसम्पादन गर्ने सिलसिलामा द्वन्द्वका कारण वा दुर्घटनामा परी कुनै निजामती कर्मचारीको तत्काल मृत्यु भएमा वा त्यसको कारणवाट निको नहुँदै पछि मृत्यु भएमा त्यस्तो कर्मचारीको सेवा अवधि वीस वर्ष पुगेको भएमा सेवा अवधिको आधारमा र वीस वर्ष नपुगेको भएमा वाँकी अवधि थप गरी निजको पति वा पत्नीलाई दफा ६१ बमोजिमको निवृत्तिभरणको रकम आजीवन दिइनेछ ।

(२) उपदफा (१) बमोजिमको निवृत्तिभरण प्राप्त गर्ने व्यक्तिले दफा ६२ बमोजिम पारिवारिक निवृत्तिभरण वा उपदान पाउने छैन ।

(३) उपदफा (१) बमोजिम मृत्यु भएको निजामती कर्मचारीको पति वा पत्नी नभएमा वा निजले अर्को विवाह गरेमा वा निजको मृत्यु भएमा त्यस्तो निवृत्तिभरणको रकम मृतक कर्मचारीको छोरा छोरी भए त्यस्ता छोरा छोरीले एक्काइस वर्ष उमेर पूरा नभएसम्म तोकिए बमोजिम पाउने छन् ।

(४) उपदफा (१) बमोजिम मृत्यु भएको निजामती कर्मचारीको पति, पत्नी वा नाबालक छोरा छोरी रहेनछन् र त्यस्तो निजामती कर्मचारीको आश्रित आमा बाबु दुबै वा ति मध्ये कुनै एक रहेछन् भने निजहरूको गुजाराको निमित्त उपदफा (१) बमोजिम हुने रकमको दुई तिहाईमा नबढ्ने गरी निवृत्तिभरण वापत रकम दिइनेछ ।

(४) तलबमान निजामती कर्मचारीको तलब वृद्धि हुँदा तलबको शुरु अङ्कमा जति वृद्धि भएको छ त्यसको दुई तिहाई रकम यस दफा बमोजिम निवृत्तिभरण पाइरहेका व्यक्तिलाई पाइरहेको मासिक निवृत्तिभरण रकममा पनि वृद्धि हुनेछ ।

६६. निवृत्तिभरण नपाउने: (१) यस ऐन बमोजिम निवृत्तिभरण वा पारिवारिक निवृत्तिभरण पाइरहेको व्यक्ति भ्रष्टाचार, किर्ते, राज्य विरुद्धको अपराध, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, बहुविवाह वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा निजले त्यस्तो निवृत्तिभरण पाउने छैन।

(२) उपदफा (१) बमोजिमको फैसला उपर पुनरावेदन गरी त्यस्तो निजामती कर्मचारीले सफाई पाएमा निजले निवृत्तिभरण नपाएको बीचको अवधिको निवृत्तिभरण समेत पाउनेछ ।

(३) निजामती सेवा वा अन्य सरकारी सेवाबाट अवकाश भई निवृत्तिभरण प्राप्त गरेको व्यक्ति राज्यको कुनै लाभको पदमा नियुक्त भएमा सो अवधिभर निजले उक्त पदको मासिक तलब सुविधा वा निवृत्तिभरण मध्ये एकमात्र छनौट गरी लिनु पर्नेछ । यस विपरीत सुविधा लिएको पाइएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

६७. <u>योगदानमा आधारित निवृत्तिभरण</u>: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि योगदानमा आधारित निवृत्तिभरण सम्बन्धी सङ्घीय कानून लागू हुने निजामती कर्मचारीले सोही ऐन बमोजिमको निवृत्तिभरण पाउनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि योगदानमा आधारित निवृत्तिभरण प्रणाली लागू हुनुभन्दा अघिदेखि नै निजामती सेवामा बहाल रहेको वा कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम निजामती सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएको कर्मचारी खुला वा अन्तरतह प्रतियोगिताबाट छनौट भई वा बढुवा भई सङ्घीय निजामती सेवामा निरन्तर सेवामा रहेको भएमा निजको हकमा यो दफा आकर्षित हुने छैन।

(३) यस दफा बमोजिम दिइने निवृत्तिभरण र सो सँग सम्बन्धित अन्य सुविधा निवृत्तिभरण कोष सम्बन्धी प्रचलित कानून बमोजिम स्थापना भएको निवृत्तिभरण कोषबाट व्यहोरिनेछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम योगदानमा आधारित निवृत्तिभरण पाउने निजामती कर्मचारीले दफा ५८, ५९, ६०, ६१, ६२, ६४ र ६५ बमोजिमका सुविधा पाउने छैन ।

(५) दफा ६५ को उपदफा (१) बमोजिम नेपाल सरकारले खटाएको कार्यसम्पादन गर्ने सिलसिलामा द्वन्द्वको कारण वा दुर्घटनामा परी मृत्यु भएको उपदफा (१) बमोजिमको निजामती कर्मचारीको परिवारलाई एकमुष्ट दश लाख रुपैयाँ थप आर्थिक सहायता उपलब्ध गराइनेछ ।

## परिच्छेद-८

## तालिम, अध्ययन र छात्रवृत्ति

६८. <u>तालिम सम्बन्धी व्यवस्था</u>: (१) नेपाल सरकारले निजामती कर्मचारीको सीप र क्षमता वृद्धिका लागि सेवा प्रवेश तालिम अनिवार्य रूपमा र सेवाकालिन तालिम आवश्यकता अनुसार दिने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रत्येक कार्यालय प्रमुख वा विभागीय प्रमुखले आफ्नो मातहतमा कार्यरत कर्मचारीमध्ये कुन कर्मचारीलाई के कस्तो तालिम आवश्यक पर्ने भन्ने विषयमा प्रत्येक आर्थिक वर्ष सुरु भएको एक महिनाभित्र तालिमको आवश्यकता पहिचान गर्नुको साथै त्यस्तो तालिम उपलब्ध गराउन आवश्यक पहल गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम राजपत्राङ्कित द्वितीय श्रेणी वा सो भन्दा मुनिका सबै कर्मचारीलाई प्रत्येक दुई वर्षमा कम्तीमा एक पटक कामसँग सम्बन्धित तालिम दिने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) कुनै निकायमा सरुवा वा पदस्थापन भएको निजामती कर्मचारीलाई निजले सम्पादन गर्नुपर्ने कामको सम्बन्धमा सम्बन्धित निकायले तोकिए बमोजिमको अभिमुखिकरण तालिम दिनु पर्नेछ।

(५) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६९. <u>तालिम, अध्ययन वा अध्ययन भ्रमण</u>: (१) सम्बन्धित मन्त्रालय, आयोग वा सचिवालयले आफ्नो मातहतका कर्मचारीलाई तालिम, अध्ययन वा अध्ययन भ्रमणमा पठाउनका लागि प्रत्येक वर्ष सो सम्बन्धी विवरण तयार गरी मन्त्रालयमा पठाउनु पर्नेछ ।

<u>स्पष्टीकरण</u>: यस दफाको प्रयोजनका लागि,-

(१) "तालिम" भन्नाले अध्ययन बाहेक नेपाल सरकारले तोकेको वा स्वीकृति दिएको कुनै संस्थाद्वारा निश्चित पाठ्यक्रम अनुसार निश्चित अवधिमा सञ्चालन हुने अफ्नो कार्य क्षेत्र र विषयसँग सम्बन्धित सीप आर्जन गर्ने प्रशिक्षण कार्यक्रम सम्झनु पर्छ ।

(२) "अध्ययन" भन्नाले सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा स्नातक, स्नातकोत्तर, विद्यावारिधि वा कुनै शैक्षिक उपाधि हासिल गर्नको निमित्त गरिने अध्ययन सम्झनु पर्छ ।

(३) "अध्ययन भ्रमण" भन्नाले अध्ययन र तालीम बाहेक बढीमा छ हप्ताको गोष्ठी, सेमिनार वा अवलोकन भ्रमण सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम विवरण प्राप्त भएपछि तालिम, अध्ययन वा अध्ययन भ्रमणका लागि विषयगत आधारमा सङ्ख्या किटान गरी त्यसको विवरण मन्त्रालयले उपदफा (३) बमोजिमको समितिमा पेश गर्नु पर्नेछ।

(३) नेपाल सरकारको जुनसुकै निकायमा प्राप्त भएका तालिम, अध्ययन वा अध्ययन भ्रमणको बाँडफाँट गर्न देहाय बमोजिमको समिति रहनेछ :-

(क) नेपाल सरकारको मुख्य सचिव - अध्यक्ष

(ख) सचिव, अर्थ मन्त्रालय – सदस्य

(ग) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय – सदस्य

(घ) सचिव, राष्ट्रिय योजना आयोग – सदस्य

(ङ) सचिव, मन्त्रालय – सदस्य-सचिव

(४) उपदफा (३) बमोजिमको समितिले मापदण्ड बनाई सो बमोजिम तालिम, अध्ययन, अध्ययन भ्रमण वा छात्रवृत्ति बाँडफाँट गर्नेछ ।

(५) उपदफा (३) बमोजिमको समितिले विषयवस्तु, आवश्यकता र औचित्य हेरी उपदफा (४) बमोजिम वैदेशिक तालिम, अध्ययन, अध्ययन भ्रमण वा छात्रवृत्ति बाँडफाँड गर्दा सबै सेवा, समूह वा उपसमूहका निजामती कर्मचारी, प्रदेश निजामती सेवाका कर्मचारी, स्थानीय सेवाका कर्मचारी तथा अन्य सबै सरकारी सेवाका कर्मचारीबीच समान र न्यायोचित तवरले बाँडफाँड गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम बाँडफाँड भएको सीटमा अध्ययन वा तालिमको लागि सङ्घ, प्रदेश वा स्थानीय तहको सम्बन्धित निकायले कर्मचारी मनोनयन गरी पठाउनु पर्नेछ र त्यसरी मनोनयन भएको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।

(७) नेपाल सरकारको कुनै निकायमा प्राप्त भएको सिटमा वा नेपाल सरकारको खर्चमा वैदेशिक तालिम, अध्ययन वा अध्ययन भ्रमणमा पठाउँदा वा तलबी अध्ययन विदा दिई अध्ययनमा पठाउँदा उपदफा (३) बमोजिमको समितिबाट स्वीकृत नगराई पठाउन पाइने छैन। कसैले सो समितिको स्वीकृति नलिई कुनै निजामती कर्मचारीलाई मनोनयन गरेमा मनोनयन गर्ने अधिकारीलाई विभागीय कारवाही गरिनेछ ।

७०. <u>तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि सेवा गर्नुपर्ने अवधि</u>: (१) नेपाल सरकारको मनोनयनमा तीन महिनाभन्दा बढी अवधिको तालिम, अध्ययन वा अध्ययन भ्रमणमा जाने निजामती कर्मचारीले तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि सो अवधिको न्यूनतम दोब्बर अवधिसम्म अनिवार्य रूपले सेवा गर्नु पर्नेछ ।

(२) यस दफा बमोजिम तालिम, अध्ययन वा तीन महिनाभन्दा बढी अवधिको अध्ययन भ्रमणका लागि निजामती कर्मचारीलाई पठाउँदा त्यस्तो तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरे पछि उपदफा (१) बमोजिम अनिवार्य रूपमा गर्नुपर्ने सेवा अवधि पूरा नहुँदै अनिवार्य अवकाश हुने कर्मचारीलाई पठाउनु हुँदैन ।

७१. <u>कबुलियत गर्नुपर्ने</u>: (१) कुनै निजामती कर्मचारीले सरकारी मनोनयनमा तालिम, अध्ययन वा अध्ययन भ्रमणमा जानु अघि दफा ७० बमोजिमको सेवा गर्ने गरी तोकिए बमोजिम कबुलियत गर्नु पर्नेछ ।

(२) तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेको निजामती कर्मचारीले उपदफा (१) बमोजिमको न्यूनतम सेवा अवधि पूरा नगरी निजलाई अर्को पटक तीन महिनाभन्दा बढी अवधिको तालिम, अध्ययन वा अध्ययन भ्रमणका लागि मनोनयन गरिने छैन ।

(३) उपदफा (१) बमोजिमको कबुलियत अनुसार सेवा अवधि पूरा नगरेमा त्यस्तो कर्मचारीबाट तालिम, अध्ययन वा अध्ययन भ्रमणमा जाँदा कबुलियत गरेको अवधिको खाइपाई तलब तथा भत्ता रकमको दोब्बर रकम असुल उपर गरिनेछ ।

(४) अख्तियारवालाको पूर्व स्वीकृति लिई निजी प्रयासमा बेतलवी अध्ययन विदामा जाने निजामती कर्मचारीले अध्ययन पूरा गरेपछि अध्ययन विदा बराबरको अवधि सेवा गर्ने कबुलियत गर्नु पर्नेछ ।

(५) यस ऐन बमोजिम अध्ययनमा जाने कर्मचारीले प्रत्येक वर्ष वा सेमेष्टरको नतिजा त्यस्तो नतिजा प्रकाशन भएको तीस दिनभित्र पदाधिकार रहेको निकाय, राष्ट्रिय किताबखाना र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(६) उपदफा (१) वा (४) बमोजिम तालिम, अध्ययन वा अध्ययन भ्रमणमा गएका निजामती कर्मचारीले तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि कबुलियत बमोजिमको सेवा अवधि पूरा नगरेमा त्यस्ता कर्मचारीको अध्ययन, तालीम वा अध्ययन भ्रमणको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन ।

(७) उपदफा (३) बमोजिम रकम असुल उपर गर्दा सम्बन्धित कर्मचारीले पाउने रकमबाट असुल गर्नु पर्नेछ र त्यस्तो रकमबाट असुल गर्न नसकिएमा वा रकम अपुग भएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालीम, अध्ययन वा अध्ययन भ्रमणमा गएको निजामती कर्मचारीको मृत्यु भएको कारणले दफा ७० बमोजिमको सेवा अवधि पूरा गर्न नसकेमा निज वा निजको परिवारबाट कुनै रकम असुल उपर गरिने छैन।

(९) तालीम, अध्ययन वा अध्ययन भ्रमणमा गएको निजामती कर्मचारी त्यस्तो तालीम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेको मितिले तीस दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर हुनु पर्नेछ ।

## परिच्छेद-९

## आचरण

७२. समयपालना र नियमितता: निजामती कर्मचारीले नेपाल सरकारबाट निर्धारित समयमा नियमित रूपले कार्यालयमा उपस्थित रही आफूलाई तोकिएको कार्य गर्नु पर्नेछ र सकेसम्म पहिले बिदाको स्वीकृति नलिई कार्यालयमा वा खटाइएको काम गर्ने स्थानमा अनुपस्थित हुनु हुँदैन ।

७३. अनुशासन र आदेशपालना: निजामती कर्मचारीले देहाय अनुसारको अनुशासन र आदेशपालना गर्नु पर्नेछ:-

(क) अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परतासाथ पालना गर्नुपर्ने,

(ख) सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिको अधिकृतले दिएको आदेशलाई शीघ्रताका साथ पालना गर्नुपर्ने,

(ग) अन्य कर्मचारी प्रति उचित आदर र सम्मानजनक व्यवहार गर्नुपर्ने,

(घ) उच्छृङ्खल र अराजक गतिविधि गर्न नहुने,

(ङ) कार्यालयमा तोकिए बमोजिमको पोशाक लगाउनुपर्ने, वा

(घ) सामाजिक व्यवहारमा प्रतिकूल असर पर्ने तथा पदीय मर्यादा विपरीत हुने कुनै कार्य गर्न नहुने।

७४. <u>राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुने</u>: कुनै निजामती कर्मचारीले आफ्नो सेवा सम्बन्धी कुरामा आफ्नो वा अन्य कसैको स्वार्थ पूरा गर्ने मनसायले अन्य कर्मचारी वा पदाधिकारीमार्फत कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्नु वा प्रभाव पार्ने प्रयास गर्नु हुँदैन ।

७५. <u>राजनीतिक क्रियाकलापमा संलग्न हुन नपाउने</u>: निजामती कर्मचारीले राजनीतिक दल, राजनीतिक दलको भातृ सङ्गठन, राजनीतिक दलको जनवर्गीय सङ्गठन वा राजनीतिक दलसँग आबद्ध पेशागत सङ्गठनको सदस्यता लिन, राजनीतिक क्रियाकलापमा संलग्न हुन वा अन्य कुनै पनि राजनीतिक गतिविधिमा भाग लिन हुँदैन।

७६. <u>सरकारको आलोचना गर्न नहुने</u>: (१) नेपाल सरकारको नीतिको विपरीत हुने गरी वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह र जनताको पारस्परिक सम्बन्धमा वा कुनै विदेशी राष्ट्रसँगको सम्बन्धमा खलल पर्न सक्ने गरी कुनै निजामती कर्मचारीले आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा बेनामी कुनै लेख प्रकाशन गर्न, सञ्चार माध्यमलाई कुनै खबर दिन, रेडियो, टेलिभिजन आदिद्वारा मन्तव्य प्रसारण गर्न, कुनै सार्वजनिक मन्तव्य दिन वा कुनै वक्तव्य प्रकाशन गर्न हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून र नेपाल सरकारको नीतिको विपरीत नहुने गरी लेख प्रकाशन वा प्रसारण गर्न बाधा पर्ने छैन ।

७७. <u>सरकारी कामकाज सम्बन्धी समाचार प्रकाश गर्नमा प्रतिबन्ध</u>: (१) कुनै निजामती कर्मचारीले अख्तियारी नपाई आफूले सरकारी कर्तव्य पालना गर्दा जानकारीमा आएको कुनै गोप्य वा कानूनद्वारा निषेधित विषय आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट अरु अनधिकृत कर्मचारी वा गैरसरकारी व्यक्ति वा सञ्चार माध्यमलाई दिनु वा बताउनु हुँदैन।

(२) उपदफा (१) बमोजिमको व्यवस्था सरकारी सेवाबाट अवकाश पाएको वा जुनसुकै कारणले सेवामा नरहेको व्यक्तिको हकमा समेत लागू हुनेछ।

(३) उपदफा (२) विपरीत सरकारी सेवाबाट अवकाश पाएको वा जुनसुकै कारणले सेवामा नरहेको व्यक्तिले सरकारी कामकाज सम्बन्धी विवरण दिएमा वा समाचार प्रकाशन गरेमा निजले यो ऐन बमोजिम पाउने सेवा सुविधा तोकिए बमोजिम रोक्का गर्न सकिनेछ ।

७८. <u>दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिनमा प्रतिबन्ध</u>: (१) सरकारी काममा कुनै पनि प्रकारले असर पर्न सक्ने गरी कुनै निजामती कर्मचारीले नेपाल सरकारको पूर्वस्वीकृति नलिई आफूले वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कुनै व्यक्तिबाट कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग सापटी लिन हुँदैन ।

(२) निजामती कर्मचारीलाई कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले नेपाल सरकारलाई सो कुराको सूचना दिई निकासा भए बमोजिम गर्नु पर्नेछ।

तर कुनै द्विपक्षीय वा बहुपक्षीय वा अन्तर्राष्ट्रिय संस्था वा अन्य कुनै सरकारी निकायबाट कुनै कार्यक्रमको अन्त्यमा औपचारिक रुपमा प्रदान गरिने मायाको चिनो स्वीकार गर्न बाधा पर्ने छैन ।

७९. <u>कम्पनी स्थापना वा सञ्चालन गर्न वा व्यापार व्यवसाय गर्न नहुने</u>: निजामती कर्मचारीले नेपाल सरकारको स्वीकृति विना कुनै बैङ्क, कम्पनी वा सहकारी संस्था स्थापना गर्न वा सञ्चालनको काममा भाग लिन तथा कानून बमोजिम दर्ता गराउनुपर्ने कुनै व्यापार वा व्यवसाय गर्न हुँदैन।

तर खुल्ला बजारबाट शेयर खरिद गर्न वा आधारभूत शेयरधनी नहुने गरी बढीमा एक प्रतिशत संस्थापक शेयर खरिद गर्न सकिनेछ।

८०. <u>अन्यत्र नोकरी गर्न वा सेवा गर्न नहुने</u>: (१) निजामती कर्मचारीले अख्तियारवालाको पूर्व स्वीकृति नलिई अन्यत्र कुनै प्रकारको नोकरी गर्न वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने कार्य गर्नु हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै निजामती कर्मचारीले देहायको कार्य गर्न बाधा पुगेको मानिने छैन:-

(क) नेपाल सरकारको नीति विपरीत नहुने गरी साहित्यिक, वैज्ञानिक, कलात्मक, अनुसन्धानात्मक, सांस्कृतिक, मानव कल्याण, परोपकार वा खेलकुद सम्बन्धी कार्य गर्न,

(ख) प्रचलित कानून बमोजिम अध्ययन विदा लिई स्वदेशी वा विदेशी शैक्षिक संस्थामा अध्ययन गर्दाको बखत सम्बन्धित शैक्षिक संस्थाको कुनै सेवा पुऱ्याउन वा त्यस्तो संस्थाले लगाएको कुनै कार्य गर्न,

(ग) अख्तियारवालाको स्वीकृति लिई नेपाल सरकारको नीति विपरीत नहुने गरी स्वदेश वा विदेशस्थित कार्यक्रममा सहभागी हुन, प्रवचन दिन वा कार्यपत्र प्रस्तुत गर्न,

(घ) अख्तियारवालाको पूर्वस्वीकृति लिई कार्यालय समय बाहेकको समयमा शैक्षिक, प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान गर्न,

(ङ) नेपाल सरकारद्वारा सञ्चालित वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको प्रशिक्षण संस्थामा कार्यालयको काममा बाधा नपर्ने गरी प्रशिक्षण सम्बन्धी कार्य वा अनुसन्धान गर्न,

(च) अन्तर्राष्ट्रिय शैक्षिक, प्राज्ञिक वा अनुसन्धानमूलक संघसंस्था वा नेपाल सदस्य राष्ट्र रहेको क्षेत्रीय वा अन्तर्राष्ट्रिय संघसंस्थाको सेवा सम्बन्धित सेवा, समूह, उपसमूहका लागि उपयोगी हुने देखि अख्तियारवालाले विदा स्वीकृत गरेकोमा सम्बन्धित निकायमा सेवा गर्न,

(छ) आर्थिक लाभ वा कुनै सुविधा नलिने, कार्यालयको काममा बाधा नपर्ने र नेपाल सरकारको अहित नहुने गरी आफ्नो गैरराजनीतिक पेशागत सङ्गठन वा अन्य कुनै सामाजिक संस्थामा आबद्ध हुन,

स्पष्टीकरणः यस खण्डको प्रयोजनका लागि "सामाजिक संस्था" भन्नाले सामाजिक आवश्यकता पूरा गर्ने सिलसिलामा परम्परा देखि समुदायमा आधारित भई समाजमा क्रियाशील रहेका सामाजिक संघ संस्था सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम दर्ता भएका साहित्य, कला, संस्कृति, खेलकुद, सङ्गीत, विज्ञान, धर्म वा अन्य यस्तै कुनै विधा वा क्षेत्रसँग सम्बन्धित संस्थालाई समेत जनाउँछ ।

(ज) कर्मचारीको योगदानमा आधारित सरकारी आयोजना तथा कार्यक्रममा लगानी गर्न ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लोक सेवा आयोग वा सार्वजनिक निकायबाट पदपूर्तिका लागि लिइने प्रतियोगितात्मक परीक्षाको प्रक्रियामा संलग्न हुने कर्मचारीले त्यस्तो प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिन र त्यस्तो प्रशिक्षण कार्यक्रममा प्रशिक्षण दिएको कर्मचारीले त्यसपछि एक वर्षसम्म सञ्चालन हुने त्यस्तो परीक्षाको प्रक्रियामा संलग्न हुन पाउने छैन ।

(४) सङ्घीय निजामती सेवाको राजपत्राङ्कित विशिष्ट वा प्रथम श्रेणीको पदबाट सेवा निवृत्त भएको व्यक्तिले सेवा निवृत्त भएको मितिले दुई वर्षसम्म नेपाल सरकारको पूर्व स्वीकृति नलिई देहायका काम गर्नु हुँदैन:-

(क) संवैधानिक वा कुटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्ति बाहेकको पदमा नियुक्ति लिन,

(ख) अन्तरसरकारी निकाय वा अन्तर्राष्ट्रिय विकास साझेदार बाहेकका निकायबाट सञ्चालित आयोजनामा कर्मचारी वा परामर्शदाताको रूपमा कार्य गर्न।

(५) उपदफा (४) विपरीत त्यस्तो काम गर्ने व्यक्तिले यो ऐन बमोजिमको सेवा सुविधा लिन पाउने छैन ।

८१. <u>निर्वाचनमा भाग लिन नहुने</u>: निजामती कर्मचारीले कुनै पनि राजनीतिक पदका लागि हुने निर्वाचनमा भाग लिन, प्रचार-प्रसार गर्न, जुलुसमा भाग लिन, चन्दा दिन वा कसैका लागि मत माग्न वा निर्वाचनमा कुनै प्रकारको प्रभाव पार्न हुँदैन।

तर प्रचलित कानून बमोजिम मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

८२. <u>प्रदर्शन र हड्ताल गर्न प्रतिबन्ध</u>: (१) निजामती कर्मचारीले प्रदर्शन गर्न, बन्द हड्तालमा भाग लिन, धुनछेक गर्न, बाधा अवरोध गर्न, घेराउ गर्न, दबाव दिन, कलम बन्द गर्न, अन्य कुनै तरिकाबाट सरकारी काममा बाधा पुऱ्याउन वा सो कार्य गर्ने उद्देश्यले अरूलाई उक्साउन समेत हुँदैन ।

(२) यस दफा विपरीत कार्य गरी कुनै सार्वजनिक, सरकारी वा निजी सम्पत्तिमा क्षति पुऱ्याएमा वा कुनै पदाधिकारीलाई शारीरिक वा मानसिक क्षति पुऱ्याएमा त्यस्तो निजामती कर्मचारीलाई विभागीय कारबाही गरी क्षतिपूर्ति समेत भराइनेछ ।

८३. <u>प्रतिनिधित्व गर्न नहुने</u>: निजामती कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैले वा वारेसद्वारा सम्बन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन बाहेक अरु व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्न हुँदैन ।

८४. <u>यौनजन्य दुर्व्यवहार गर्न नहुने</u>: कुनै निजामती कर्मचारीले यौनजन्य दुर्व्यवहार गर्नु हुँदैन।

८५. <u>यातना दिन नहुने</u>: निजामती कर्मचारीले कसैलाई पनि यातना दिनु हुँदैन ।

८६. <u>सेवाग्राहिप्रतिको व्यवहार</u>: (१) निजामती कर्मचारीले आफ्नो कामसँग सम्बन्धित सेवाग्राहीप्रति मर्यादित व्यवहार गर्नु पर्नेछ ।

(२) निजामती कर्मचारीले सेवाग्राहीको कामसँग सम्बन्धित विषय, प्रक्रिया र काम सम्पादन गर्न लाग्ने समयसमेतको स्पष्ट जानकारी सेवाग्राहीलाई यथासमयमा गराउनु पर्नेछ ।

८७. <u>विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा टिप्पणी गर्न नहुने</u>: निजामती कर्मचारीले विद्युतीय माध्यम वा सामाजिक सञ्जालमा सामाजिक द्वेष वा कलह बढ्ने, हिंसा भड्किने गरी वा सार्वजनिक पदाधिकारी वा कुनै राजनीतिक दल वा राजनीतिक दलको पदाधिकारीको पक्ष वा विपक्षमा कुनै टिप्पणी गर्न वा यस परिच्छेद विपरीत हुने गरी कुनै कुरा व्यक्त गर्न हुँदैन।

८८. <u>सम्पत्ति विवरण पेश गर्नुपर्ने</u>: (१) निजामती कर्मचारीले प्रचलित कानून बमोजिम आफ्नो सम्पत्तिको विवरण पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको सम्पत्ति विवरण मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मितिदेखि लागू हुने गरी विद्युतीय माध्यमबाट सुरक्षित एवं गोप्य किसिमले अभिलेख रहने व्यवस्था गर्न सकिनेछ ।

८९. <u>स्थायी आवासीय अनुमति लिन नहुने</u>: (१) कुनै पनि निजामती कर्मचारीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिन वा सोका लागि आवेदन दिन हुँदैन ।

(२) कुनै निजामती कर्मचारीको सगोलको पति वा पत्नीले स्थायी आवासीय अनुमति प्राप्त गरेमा सो प्राप्त भएको मितिले साठी दिनभित्र सम्बन्धित निजामती कर्मचारीले आफू कार्यरत कार्यालयमा सोको विवरण पेश गर्नु पर्नेछ ।

९०. <u>अन्य आचरण</u>: निजामती कर्मचारीले देहायका अन्य आचरण पालना गर्नु पर्नेछ:-

(क) संविधान र कानूनको पालना गरी सामाजिक जवाफदेहिता वहन गर्ने,

(ख) राष्ट्र र जनताको वृहत्तर हितलाई ध्यानमा राख्दै संविधान र कानूनको पूर्ण परिपालना गरी कार्यसम्पादन गर्ने,

(ग) कार्यालयको उद्देश्य र लक्ष्य प्राप्तिलाई केन्द्रमा राखी उपलब्ध साधन र स्रोतको मितव्ययितापूर्वक परिचालन गर्ने,

(घ) सरकारी वा पदीय अधिकार तथा स्रोत साधनलाई सरकारी वा सेवा प्रवाह सम्बन्धी काममा मात्र उपयोग गर्ने तथा कार्यालय समयमा आफ्नो पदीय दायित्वसँग सम्बन्धित जिम्मेवारी निर्वाह गर्ने,

(ङ) सेवाग्राही र आमजनताप्रति जवाफदेही रही निष्पक्ष र पारदर्शी तवरले छिटो छरितो र गुणस्तरयुक्त सेवा प्रदान गर्ने,

(च) सेवाग्राहीप्रति शिष्ट र समान किसिमको व्यवहार गर्ने तथा आधारभूत मानवीय मूल्य र मान्यताप्रति सम्मान गर्ने,

(छ) सङ्गठनले राखेका उद्देश्य र लक्ष्य हासिल गर्न तथा सुशासन कायम गरी कार्यालयको समग्र कार्य सम्पादनस्तर उच्च पार्न निरन्तर प्रयत्नरत रहने,

(ज) कार्य सम्पादन प्रक्रियालाई सरलीकरण गर्नुका साथै आधुनिक प्रविधिको प्रयोग र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने,

(झ) कानून प्रतिकूल कार्य भएको थाहा पाएमा सम्बन्धित निकाय र अधिकारीलाई जानकारी गराउने ।

९१. आचरण पालना गराउने: (१) विभागीय प्रमुख र कार्यालय प्रमुखले आफू र आफ्ना मातहतका कर्मचारीलाई यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम तोकिएको आचरणको पालना गर्नु गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आचरण पालना गर्नुपर्ने कर्मचारीले त्यस्तो आचरण उल्लङ्घन गरेमा अख्तियारवालाले समयमै विभागीय कारबाही गर्नु पर्नेछ ।

(३) विभागीय प्रमुख वा कार्यालय प्रमुखले उपदफा (१) र (२) बमोजिम कार्य गरे वा नगरेको भन्ने विषयलाई समेत निजको कार्य सम्पादन मूल्याङ्कनको आधार बनाइनेछ ।

## परिच्छेद -१०
## सेवाको सुरक्षा

९२. निजामती कर्मचारीको सेवाको सुरक्षा: देहायको अवस्थामा बाहेक कुनै पनि निजामती कर्मचारीलाई सफाईको मनासिब मौका नदिई सङ्घीय निजामती सेवाबाट हटाइने वा बर्खास्त गरिने छैन:-

(क) भ्रष्टाचार, किर्ते, राज्यविरुद्धको अपराध, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, बहुविवाह वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर भई त्यस्तो फैसला अन्तिम भएको,

(ख) भागी, हराई वा बेपत्ता भई पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न सम्भव नभएको पर्याप्त आधार भएको, वा

(ग) नेपाल सरकार वादी हुने फौजदारी कसूरमा एक वर्ष भन्दा बढी कैद सजाय हुने गरी अदालतबाट कसूरदार ठहर भई त्यस्तो फैसला अन्तिम भएको ।

९३. निजामती कर्मचारीको बचाउ: (१) निजामती कर्मचारीले आफ्नो ओहोदाको कर्तव्य पालनाको सिलसिलामा गरेको कामको सम्बन्धमा अख्तियारवालालाई जानकारी नदिई निज उपर मुद्दा चलाउन सकिने छैन ।

(२) कुनै निजामती कर्मचारी बहाल छँदा आफ्नो ओहोदाको कर्तव्य पालनाको सिलसिलामा गरेको कामको सम्बन्धमा बहाल टुटिसकेपछि पनि नेपाल सरकारको स्वीकृति नलिई निज उपर मुद्दा चल्न सक्ने छैन ।

(३) उपदफा (२) बमोजिम मुद्दा चलाउन नेपाल सरकारले स्वीकृति दिएमा निजको प्रतिरक्षा नेपाल सरकारले गर्नेछ ।

(४) कुनै निजामती कर्मचारीले कर्तव्य पालनाको सिलसिलामा गरेको कामको सम्बन्धमा अनुसन्धानको लागि त्यस्तो कर्मचारीलाई पक्राउ गर्नु पर्ने भएमा सम्बन्धित अख्तियारवालाको स्वीकृति लिएर मात्र पक्राउ गर्नु पर्नेछ।

९४. <u>निजामती कर्मचारीको सेवा शर्तको सुरक्षा</u>: (१) कुनै निजामती कर्मचारी नियुक्ति हुँदा तत्काल लागू रहेको तलब, उपदान, निवृत्तिभरण र अन्य सुविधा सम्बन्धी सेवाका शर्तहरूमा प्रतिकूल असर पर्नेगरी परिवर्तन गरिने छैन।

(२) कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम सरकारी सेवाबाट प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीको निवृत्तिभरण, उपदान र उपचार खर्च बापतको रकम नेपाल सरकारले व्यहोर्नेछ।

(३) उपदफा (२) बमोजिम समायोजन भएको कर्मचारीको निवृत्तिभरण, उपदान र उपचार खर्च उपलब्ध गराउँदा यस ऐन बमोजिम बढुवा वा तहवृद्धिको लागि निर्धारण गरिएको न्यूनतम अवधि भन्दा कम अवधिमा बढुवा वा तहवृद्धि भएको कर्मचारीको हकमा त्यसरी निर्धारण भएको अवधि पूरा नभएसम्म हाल कायम रहेको तह भन्दा तल्लो तहको पदको आधारमा उपलब्ध गराइनेछ।

## परिच्छेद-११
## <u>विभागीय सजाय र पुनरावेदन</u>

९५. <u>विभागीय सजाय</u>: उचित र पर्याप्त कारण भएमा निजामती कर्मचारीलाई सजाय दिने अधिकारीले देहाय बमोजिमको विभागीय सजाय गर्न सक्नेछ :-

(क) सामान्य सजाय :
  (१) नसिहत दिने,
  (२) बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने ।

(ख) विशेष सजाय:
  (१) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,
  (२) भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने ।

९६. <u>नसिहत दिने</u>: (१) देहायको कुनै अवस्थामा निजामती कर्मचारीलाई नसिहत दिने सजाय गर्न सकिनेछ:-

(क) उत्तरदायित्व पन्छाएमा, जिम्मेवारी वहन नगरेमा वा कामकारबाहीमा अनुचित ढिलाई गरेमा,

(ख) पूर्वस्वीकृति नलिई एक महिनामा दुई पटकभन्दा बढी कार्यालयमा अनुपस्थित रहेमा,

(ग) यस ऐन बमोजिम रमाना नबुझेमा वा बरबुझारथ नगरेमा,

(घ) मादक पदार्थ सेवन गरी कार्यालयमा उपस्थित भएमा वा कार्यालय समयमा कार्यालयमा मादक पदार्थ सेवन गरेमा,

(ङ) कुनै सार्वजनिक पदाधिकारी, सरकारी कर्मचारी वा सेवाग्राही माथि गाली गलौज वा दुर्व्यवहार गरेमा,

(च) दफा ९८ को उपदफा (२) को खण्ड (क) मा उल्लिखित कसुर सम्बन्धी अभियोग बाहेक नेपाल सरकार वादी हुने अन्य कुनै फौजदारी अभियोगमा जरिवानाको सजाय भई त्यस्तो फैसला अन्तिम भएमा,

(छ) दफा १२३ बमोजिम चेतावनी पाएको कर्मचारीले सोही तहमा रहँदा पुन: सोही दफामा उल्लेख भए बमोजिमको कुनै काम गरेमा,

(ज) अख्तियार प्राप्त अधिकारीको स्वीकृति बिना अध्ययन वा तालीमका लागि वैदेशिक भ्रमण गरेमा, वा

(झ) कार्यसम्पादन गर्ने सन्दर्भमा आफुभन्दा माथिल्लो तहमा पेश गर्ने फाईल, जानकारी वा सूचना निर्धारित समयसिमा भित्र पेश नगरेमा वा ढिलासुस्ती गरेमा वा नियतवश गलत सूचना पेश गरेमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारीले दफा १२३ बमोजिम चेतावनी पाएकै वर्षमा सोही दफा वा उपदफा (१) मा उल्लेख भए बमोजिमको कुनै काम गरेमा दफा ९७ को उपदफा (१) बमोजिमको सजाय हुनेछ।

९७. <u>बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने</u>: (१) देहायको कुनै अवस्थामा निजामती कर्मचारीलाई बढीमा पाँच तलब वृद्धि रोक्का गर्ने वा बढीमा पाँच वर्षसम्म बढुवा रोक्का गर्ने सजाय गर्न सकिनेछ:-

(क) यो ऐन वा प्रचलित कानूनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा,

(ख) अनुशासनहीन काम गरेमा,

(ग) सेवाग्राहीको पिरमर्का र उजूरी पटकपटक बेवास्ता गरेको सम्बन्धमा आफूभन्दा माथिल्लो अधिकारीले दिएको निर्देशन पालना नगरेमा,

(घ) दफा ९६, ९८ र १२३ मा उल्लिखित आचरण बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित अन्य आचरण सम्बन्धी कुराहरु पालना नगरेमा,

(ङ) व्यवस्थापन परीक्षणबाट देखिएका अनियमितता सम्बन्धमा दिएको निर्देशन पालना नगरेमा,

(च) सेवा प्रवाहमा ढिलासुस्ती गरेमा वा सेवाग्राहीलाई हानि नोक्सानी हुने अवस्था सिर्जना गरेमा,

(छ) सरकारी कार्यालयको सम्पत्तिको दुरुपयोग गरेमा,

(ज) कुनै सार्वजनिक पदाधिकारी, सरकारी कर्मचारी वा सेवाग्राही माथि हातपात गरेमा,

(झ) बढुवाको दरखास्त फाराम भर्दा बढुवामा तात्विक असर पर्ने गरी झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा,

(ञ) काबु बाहिरको परिस्थितिमा बाहेक यदनियत चिताई वा लापरबाही वा हेलचेक्र्याई गरी दफा ७ को उपदफा (१) बमोजिमको कार्यविवरण वा सोही दफाको उपदफा (३) बमोजिमको कार्यसम्पादन सम्झौता बमोजिमको कार्य सम्पादन नगरेमा,

(ट) यस ऐन बमोजिम विभागीय सजाय गर्नुपर्ने कर्मचारीलाई त्यस्तो सजाय नगरी उन्मुक्ति दिएमा,

(ठ) दफा ९६ बमोजिम एक पटक नसिहत पाएकोमा सोही तहमा रहँदा पुन: सोही दफामा उल्लेख भए बमोजिमको कुनै काम गरेमा, वा

(ड) दफा ९८ को उपदफा (२) को खण्ड (क) मा उल्लिखित कसूर सम्बन्धी अभियोग बाहेक नेपाल सरकार वादी हुने अन्य कुनै फौजदारी अभियोगमा एक वर्ष वा सोभन्दा कम कैद हुने ठहरी त्यस्तो फैसला अन्तिम भएमा ।

(२) निजामती कर्मचारीले उपदफा (१) को खण्ड (ड) बमोजिम कैदको सजाय पाएको अवधिको तलब भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवा अवधिमा गणना गरिने छैन।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारीले दफा ९६ बमोजिम नसिहत पाएकै वर्षमा उपदफा (१) मा उल्लेख भए बमोजिमको कुनै काम गरेमा दफा ९८ को उपदफा (१) बमोजिमको सजाय हुनेछ।

९८. <u>सेवाबाट हटाउने वा बर्खास्त गर्ने</u>: (१) देहायको कसुर प्रमाणित भएमा निजामती कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ:-

(क) आफ्नो पदको काम वा जिम्मेवारी पूरा गर्न नसकेमा वा त्यस्तो काम वा जिम्मेवारीको पटक पटक बेवास्ता गरेमा,

(ख) राजनीतिक दल, राजनीतिक दलको भातृ सङ्गठन, राजनीतिक दलको जनवर्गीय सङ्गठन वा राजनीतिक दलसँग आबद्ध पेशागत सङ्गठनको सदस्यता लिएमा, राजनीतिक क्रियाकलापमा संलग्न भएमा वा व्यक्तिगत स्वार्थका लागि राजनीतिक प्रभाव प्रयोग गरेमा वा राजनीतिक पदका लागि हुने निर्वाचनमा उम्मेदवार बनेमा,

(ग) बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,

(घ) बिदा स्वीकृत गराएकोमा बाहेक वैदेशिक अध्ययन, तालिम वा अध्ययन भ्रमणमा गएको निजामती कर्मचारी त्यस्तो अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरेको मितिले तीस दिनभित्र सम्बन्धित कार्यालयमा हाजिर नभएमा,

(ङ) उपदफा (२) को खण्ड (क) मा उल्लिखित कसूर सम्बन्धी अभियोग बाहेक नेपाल सरकार वादी हुने अन्य कुनै फौजदारी अभियोगमा अदालतबाट एक वर्ष भन्दा बढी कैदको सजाय ठहर भई त्यस्तो फैसला अन्तिम भएमा, वा

(च) दफा ९७ को उपदफा (१) बमोजिम एक पटक सजाय पाएकोमा सोही वर्ष पुनः सोही दफामा उल्लेख भए बमोजिमको कुनै काम गरेमा।

(२) देहायको कुनै अवस्थामा निजामती कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ:-

(क) भ्रष्टाचार, किर्ते, राष्ट्रहित विरुद्धको अपराध, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, बहुविवाह वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(ख) अन्य मुलुकको स्थायी आवासीय अनुमति लिएको वा सोका लागि आवेदन दिएको प्रमाणित भएमा,

(ग) सरकारी सेवामा नियुक्त हुने वा बहाल रहने उद्देश्यले नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित भएमा ।

९९. <u>हाजिरी र गयलकट्टी सम्बन्धी व्यवस्था</u>: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बिदा स्वीकृत नगराई आफ्नो कार्यालयमा अनुपस्थित हुने निजामती कर्मचारीलाई सम्बन्धित कार्यालय प्रमुखले गयल र तलबकट्टी गर्न सक्नेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना गरिने छैन ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९८ को उपदफा (१) को खण्ड (ग) वा (घ) विपरीत बिदा स्वीकृत नगराई अनुपस्थित हुने वा हाजिर नहुने निजामती कर्मचारीलाई सो अवधि पछि हाजिर गराइने छैन र सो अवधिपछि प्राप्त निवेदनका आधारमा कुनै पनि प्रकारको बिदा समेत स्वीकृत गरिनेछैन ।

(३) कसैले उपदफा (२) विपरीत कुनै निजामती कर्मचारीलाई हाजिर गराएमा वा दफा ९८ को उपदफा (१) को खण्ड (ग) वा (घ) बमोजिमको अवधि समाप्त भएपछि प्राप्त निवेदनका आधारमा बिदा स्वीकृत गरेमा त्यस्तो हाजिरी वा बिदालाई मान्यता दिइने छैन र त्यसरी हाजिर गराउने वा बिदा स्वीकृत गर्ने पदाधिकारीलाई विभागीय कारबाही गरिनेछ ।

(४) दफा ९८ को उपदफा (१) को खण्ड (ग) वा (घ) बमोजिम सजायको निर्णय गर्दा सो बमोजिमको अवधि पूरा भएको भोलिपल्टदेखि लागू हुने गरी निर्णय गर्नु पर्नेछ। यसरी अनुपस्थित रहेको अवधि गयलकट्टी गरिनेछ ।

(५) उपदफा (१) बमोजिमको गयल र तलबकट्टीको विवरण सेवा सञ्चालन गर्ने मन्त्रालय वा निकाय र राष्ट्रिय किताबखानामा पठाउनु पर्नेछ ।

(६) यस दफा बमोजिमको कारवाही त्यस्तो जानकारी पाएको पन्ध्र दिनभित्र शुरु गरी बढीमा छ महिनाभित्र टुङ्ग्याई सक्नु पर्नेछ ।

१००. <u>विभागीय सजाय दिने अधिकारी</u>: (१) निजामती कर्मचारीलाई दफा ९५ को खण्ड (ख) बमोजिमको सजायको आदेश दिने अधिकार देहायको अधिकारीलाई हुनेछः-

(क) राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पद र सोभन्दा माथिको पदमा कार्यरत निजामती कर्मचारीलाई नेपाल सरकार,

(ख) राजपत्राङ्कित द्वितीय र तृतीय श्रेणी वा सो सरहको पदमा कार्यरत निजामती कर्मचारीलाई निज कार्यरत निकायको राजपत्राङ्कित विशिष्ट श्रेणी वा सो सरहको अधिकारी,

(ग) राजपत्र अनङ्कित वा सो सरहको पदमा कार्यरत निजामती कर्मचारीलाई विभागीय प्रमुख वा निज कार्यरत कार्यालयको राजपत्राङ्कित वा सो सरहको कार्यालय प्रमुख ।

(२) दफा ९५ को खण्ड (क) बमोजिमको सजायको आदेश दिने अधिकारी तोकिए बमोजिम हुनेछ।

१०१. <u>निलम्बन गर्ने</u>: (१) कुनै निजामती कर्मचारीको सम्बन्धमा दफा ९८ मा लेखिएको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा जाँचबुझ समाप्त नहुन्जेलसम्म त्यस्तो कर्मचारीलाई सजायको आदेश दिने अधिकारीले निलम्बन गर्न सक्नेछ ।

तर देहायको अवस्था नभई साधारणतयाः निलम्बन गरिने छैनः-

(क) निलम्बन नगरी ओहदाको काम गर्न दिंदा झुट्टा सबुत प्रमाण सङ्कलन गर्न सक्ने वा आफ्नो विरुद्धको सबुत प्रमाण गायब गर्न सक्ने सम्भावना देखिएमा,

(ख) निलम्बन नगरी ओहोदाको काम गर्न दिंदा सरकारी हानि नोक्सानी हुने सम्भावना देखिएमा, वा

(ग) सरकारी कामको सिलसिलामा गरेको कामको सम्बन्धमा अदालतमा नेपाल सरकारवादी भई मुद्दा दायर भएमा ।

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम कुनै निजामती कर्मचारीलाई निलम्बन गर्दा साधारणतयाः साठी दिनभन्दा बढी गरिने छैन । सो अवधिभित्रै कर्मचारी उपरको कारबाही किनारा लगाउनु पर्नेछ । कुनै असाधारण अवस्था परी उक्त अवधिभित्र कारबाही किनारा लगाउन नसकिने भई निलम्बनको अवधि बढाउनु परेमा तीस दिनसम्म निलम्बनको अवधि बढाउन सकिनेछ ।

(३) कुनै फौजदारी अभियोगमा कारबाईका सिलसिलामा थुनामा रहेको निजामती कर्मचारी त्यसरी हिरासतमा रहेको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ ।

(४) कुनै निजामती कर्मचारी भ्रष्टाचार, चोरी, राष्ट्रहित विरुद्धको अपराध, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, पुरातात्विक वस्तु बेचबिखन, मानव बेचबिखन, अपहरण, शरीर बन्धक, जबरजस्ती करणी, बहुविवाह वा नैतिक पतन देखिने अन्य फौजदारी अभियोगमा मुद्दा दायर भएमा त्यस्तो कर्मचारी स्वतः निलम्बन भएको मानिनेछ ।

१०२. <u>निलम्बनको समाप्ति</u>: कुनै निजामती कर्मचारी आफ्नै पदमा पुनः स्थापित भएमा, दफा १०१ को उपदफा (२) बमोजिमको अवधि पूरा भएमा, निलम्बन फुकुवा भएमा, सेवाबाट हटाइएमा वा बर्खास्त गरिएमा वा निजलाई लागेको अभियोगबाट सफाई पाएमा निजको निलम्बन समाप्त हुनेछ ।

१०३. <u>सफाई पेश गर्ने मौका दिनुपर्ने</u>: (१) विभागीय सजायको आदेश दिने अधिकारीले कुनै निजामती कर्मचारीलाई सजायको आदेश दिनुभन्दा अघि कारबाही गर्न लागिएको कारणको उल्लेख गरी कम्तीमा सात दिनको म्याद दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

तर नेपाल सरकारले सजायको आदेश दिनुपर्नेमा त्यसरी सफाईको मौका दिने प्रयोजनका लागि कुनै अधिकारीलाई अधिकार प्रत्यायोजन गरेको अवस्थामा त्यस्तो अधिकारीले सम्बन्धित कर्मचारीलाई सफाईको मौका दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सफाइको मौका दिंदा निजमाथि लगाइएको आरोप स्पष्ट रूपले किटिएको र प्रत्येक आरोप कुन कुन तथ्य र कारणमा आधारित छ सो समेत खुलाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सफाइको मौका दिइएकोमा सम्बन्धित निजामती कर्मचारीले पनि म्यादभित्र आफ्नो सफाई पेश गर्नु पर्नेछ र यसरी पेश हुन आएको सफाईलाई सम्बन्धित अधिकारीले गम्भीरतापूर्वक लिनु पर्नेछ ।

(४) विभागीय सजायको आदेश दिने अधिकारीले आवश्यक ठानेमा स्वयं वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम जाँचबुझ गर्ने अधिकृतले तोकिएको कार्यविधिको पालना गर्नु पर्नेछ ।

१०४. <u>सजाय प्रस्ताव गरी स्पष्टीकरण माग्ने</u>: विभागीय सजायको आदेश दिनुभन्दा पहिले दफा १०३ बमोजिम सफाई पेश गर्न दिइएको म्यादभित्र सम्बन्धित निजामती कर्मचारीले सफाई पेश नगरेमा वा पेश हुन आएको सफाई सन्तोषजनक नभएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो निजामती कर्मचारीलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिने भनी त्यस सम्बन्धमा कम्तीमा पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ ।

१०५. <u>लोक सेवा आयोगको परामर्श लिनुपर्ने</u>: (१) विभागीय सजाय गर्ने सन्दर्भमा सम्बन्धित निजामती कर्मचारीले दफा १०३ बमोजिम दिएको सफाई वा दफा १०४ बमोजिम दिएको स्पष्टीकरण सन्तोषजनक नभएमा वा म्यादभित्र सफाई वा स्पष्टीकरण प्राप्त नभई त्यस्तो कर्मचारीलाई सजाय गर्नुपर्ने देखिएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो निजामती कर्मचारीलाई दिन लागिएको सजाय प्रस्ताव गरी लोक सेवा आयोगको परामर्श लिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम परामर्श माग गरेकोमा लोक सेवा आयोगले तीस दिनभित्र आवश्यक परामर्श उपलब्ध गराउनेछ ।

१०६. सजाय सम्बन्धी निर्णय गर्ने: (१) दफा १०५ बमोजिम लोक सेवा आयोगको परामर्श प्राप्त भएपछि विभागीय सजायको आदेश दिने अधिकारीले उपलब्ध सबुद प्रमाणको मूल्याङ्कन गरी पन्ध्र दिन भित्र विभागीय सजायको सम्बन्धमा निर्णय गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्णय सम्बन्धी जानकारी यथाशीघ्र सम्बन्धित कर्मचारी र तोकिएको निकायलाई दिनु पर्नेछ ।

१०७. जानकारी दिन सकिने: (१) दफा ८९ विपरीत कुनै निजामती कर्मचारीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिएको वा सोका लागि आवेदन दिएको जानकारी कसैलाई प्राप्त भएमा त्यस्तो व्यक्तिले सो जानकारी सम्बन्धित निजामती कर्मचारी कार्यरत कार्यालय वा मन्त्रालयमा दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको जानकारी कुनै कार्यालयमा प्राप्त हुन आएमा सम्बन्धित कार्यालयले त्यस्तो जानकारी प्राप्त भएको मितिले सात दिनभित्र सेवा सञ्चालन गर्ने मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम वा अन्य कुनै स्रोतबाट कुनै निजामती कर्मचारीले अन्य मुलुकको स्थायी आवासीय अनुमति लिएको वा सोका लागि आवेदन दिएको जानकारी प्राप्त हुन आएमा मन्त्रालयले त्यस्तो कर्मचारीको सम्बन्धमा छानबिन गर्न विभागीय सजायको आदेश दिने अधिकारीलाई लेखी पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा विभागीय सजायको आदेश दिने अधिकारीले त्यस्तो निजामती कर्मचारीको सम्बन्धमा तीन दिनभित्र छानबिन प्रारम्भ गरी सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम छानबिन गर्दा विभागीय सजायको आदेश दिने अधिकारीले सेवा सञ्चालन गर्ने मन्त्रालय वा अन्य कुनै सरकारी निकायसँग कुनै कुराको जानकारी वा सहयोग माग गर्न सक्नेछ र त्यस्तो जानकारी वा सहयोग उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ

(६) यस दफा बमोजिम छानबिन र कारवाही गर्दा कुनै निजामती कर्मचारीले स्थायी आवासीय अनुमति लिएको वा सोका लागि आवेदन दिएको देखिएमा सजायको आदेश दिने अधिकारीले निजलाई तीन महिनाभित्र यस ऐन बमोजिम सजाय गरी सोको जानकारी पन्ध्र दिनभित्र मन्त्रालय र सेवा सञ्चालन गर्ने मन्त्रालय वा निकायलाई दिनु पर्नेछ ।

१०८. पुनरावेदन सम्बन्धी व्यवस्था: यस ऐन बमोजिम दिइएको विभागीय सजायको आदेश उपर प्रशासकीय अदालत सम्बन्धी सङ्घीय कानून बमोजिम गठित प्रशासकीय अदालतमा पुनरावेदन गर्न सकिनेछ ।

१०९. निर्णयमा असर नपर्ने: कुनै निजामती कर्मचारीको सम्बन्धमा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कर्मचारीले गरेको काम कारवाहीमा तात्विक असर नपर्ने सानोतिनो त्रुटिबाट निर्णयमा असर पर्ने छैन ।

११०. सजायको अभिलेख: (१) कुनै निजामती कर्मचारी उपर विभागीय सजाय गरिएमा सम्बन्धित कार्यालयले सोको अभिलेख राखी आफ्नो तालुक विभाग वा केन्द्रीय निकाय, सेवा, समूह सञ्चालन गर्ने मन्त्रालय वा निकाय र राष्ट्रिय किताबखानामा समेत पठाउनु पर्नेछ ।

(२) सेवा, समूह वा उपसमूह सञ्चालन गर्ने मन्त्रालय वा निकायले आफूले सेवा सञ्चालन गर्ने सेवा, समूह, उपसमूहका प्रत्येक निजामती कर्मचारीको विभागीय सजायको अभिलेख राख्नु पर्नेछ ।

१११. नकारात्मक सूचीमा राखिने: (१) देहायका निजामती कर्मचारीलाई देहाय बमोजिमको अवधिका लागि नकारात्मक सूचीमा राखिनेछ:-

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) नसिहत पाएकोमा नसिहत पाएको मितिले एक वर्षसम्म,

(ग) बढुवा रोक्का भएकोमा बढुवा रोक्का भएको अवधिभर,

(घ) तलब वृद्धि रोक्का भएकोमा तलब वृद्धि रोक्का भएको अवधिभर,

(ङ) कुनै आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कनमा नब्बे प्रतिशत भन्दा कम अङ्क प्राप्त भएकोमा अर्को एक आर्थिक वर्षसम्म,

(च) कुनै कर्मचारीको नाममा लेखापरीक्षणबाट व्यक्तिगत पेश्की वा बेरुजु रहेको पाइएमा सो को फरफारक नगरेसम्म।

(२) उपदफा (१) बमोजिम नकारात्मक सूचीमा रहेका कर्मचारीलाई त्यसरी नकारात्मक सूचीमा रहेको अवधिभर बढुवा, अध्ययन, तालिम लगायतका सुविधा दिईने छैन ।

## परिच्छेद-१२

## प्रशासनिक अन्तरसम्बन्ध

११२. प्रदेश निजामती सेवा: (१) प्रत्येक प्रदेशमा प्रदेश निजामती सेवा रहनेछ।

(२) प्रदेश निजामती सेवामा अधिकृत एघारौं तहसम्मका पदहरु रहनेछन्।

(३) यो ऐन प्रारम्भ हुनु अघि कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम प्रदेशमा समायोजन भएका कर्मचारी सम्बन्धित प्रदेश निजामती सेवामा कायम रहेको मानिनेछ।

(४) उपदफा (३) बमोजिमका कर्मचारी प्रदेश निजामती सेवा सम्बन्धी कानून बमोजिम सेवा समूह निर्धारण भए पछि सम्बन्धित सेवा, समूहको पदमा मिलान हुनेछन्।

(५) प्रदेश निजामती सेवाको गठन, सेवाको शर्तको निर्धारण तथा सञ्चालन यस ऐनमा तोकिएको मापदण्डको अधीनमा रही प्रदेश कानून बमोजिम हुनेछ।

११३. प्रदेश सरकारको प्रमुख सचिव: (१) प्रदेश सरकारको प्रमुख सचिवको पद सङ्घीय निजामती सेवाको पद हुनेछ ।

(२) उपदफा (१) बमोजिमको पदमा नेपाल सरकारले यस ऐन बमोजिम सङ्घीय निजामती सेवाको अधिकृत तेह्रौं तहका निजामती कर्मचारी मध्येबाट खटाउनेछ

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको प्रमुख सचिवलाई प्रदेश सरकारको सहमति विना एक वर्ष अवधि नपुगी अन्यत्र सरुवा गरिने छैन।

(४) उपदफा (२) बमोजिम प्रदेश सरकारको प्रमुख सचिव पदमा खटाइएको कर्मचारी आफ्नो पदीय दायित्व निर्वाह गर्ने सन्दर्भमा सम्बन्धित प्रदेश सरकारप्रति उत्तरदायी हुनेछ ।

११४. <u>प्रदेश सचिव:</u> (१) प्रदेश मन्त्रालयको सचिवको पद अधिकृत बाह्रौं तहको संघीय निजामती सेवाको पद हुनेछ।

(२) प्रदेश सरकारको विभिन्न मन्त्रालयमा रहने सचिवको सेवा, समूह प्रदेश कानून बमोजिम प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

(३) प्रदेश सचिवको रुपमा खटाउने प्रयोजनको लागि नेपाल सरकारले सम्बन्धित सेवा, समूहका अधिकृत बाह्रौं तहका कर्मचारीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा खटाउनेछ।

(४) उपदफा (३) बमोजिम खटाइएका निजामती कर्मचारीलाई प्रदेश सरकारले त्यस्तो कर्मचारीको सेवा, समूह मिल्ने गरी विभिन्न मन्त्रालयमा पदस्थापन तथा सरुवा गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम प्रदेशमा पदस्थापन वा सरुवा भएको कर्मचारीलाई एक वर्ष नपुगी अन्य मन्त्रालयमा सरुवा गर्नु पर्ने वा काज खटाउनु पर्ने भएमा सरुवा गर्नु पर्ने कारण खुलाई प्रदेश सरकारले नेपाल सरकारको सहमति लिनु पर्नेछ।

(६) यस दफा बमोजिम प्रदेश सरकारको सचिवको रुपमा खटाइएको कर्मचारी आफ्नो पदीय दायित्व निर्वाह गर्ने सन्दर्भमा सम्बन्धित प्रदेश सरकार प्रति उत्तरदायी हुनेछ।

(७) यस दफा बमोजिम प्रदेश सरकारको सचिव पदमा खटाइएको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सम्बन्धित प्रदेशको प्रमुख सचिवले सुपरिवेक्षक र पुनरावलोकनकर्ताको रूपमा मूल्याङ्कन गर्नेछ।

(८) उपदफा (७) बमोजिमको कार्यसम्पादन मूल्याङ्कनका लागि देहाय बमोजिमको पुनरावलोकन समिति रहनेछः-

| | |
|---|---|
| (क) नेपाल सरकारको मुख्य सचिव | -संयोजक |
| (ख) सेवा समूह सञ्चालन गर्ने नेपाल सरकारको मन्त्रालयको सचिव | -सदस्य |
| (ग) सम्बन्धित प्रदेशको प्रमुख सचिव | -सदस्य |

(९) उपदफा (७) बमोजिम प्रदेश सरकारको सचिवको कार्यसम्पादन मूल्याङ्कन गर्दा सम्बन्धित प्रदेश सरकारले गरेको कार्यसम्पादन टिप्पणी समेतको आधारमा गर्नु पर्नेछ ।

११५. <u>स्थानीय सेवा:</u> (१) प्रत्येक प्रदेशमा प्रदेशस्तरीय स्थानीय सेवा रहनेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत स्थानीय सेवामा बहाल रहेका कर्मचारी प्रदेशस्तरीय स्थानीय सेवाको पदमा कायम भएको मानिनेछ।

(३) उपदफा (२) बमोजिमका कर्मचारी प्रदेशस्तरीय स्थानीय सेवा सम्बन्धी कानून बमोजिम सेवा समूह निर्धारण भए पछि सम्बन्धित सेवा, समूहको पदमा मिलान हुनेछन्।

(४) प्रदेशस्तरीय स्थानीय सेवामा अधिकृत एघारौं तहसम्मका पदहरु रहनेछन्।

(५) प्रदेशस्तरीय स्थानीय सेवाको गठन, सेवाका शर्तको निर्धारण तथा सञ्चालन यस ऐनमा तोकिएको मापदण्डको अधीनमा रही प्रदेश कानून बमोजिम हुनेछ।

(६) उपदफा (५) बमोजिम प्रदेश कानून बनाउँदा सम्बन्धित प्रदेशमा रहेका सबै स्थानीय तहमा रहने स्थानीय सेवाका लागि लागू हुने गरी बनाउनु पर्नेछ।

११६. <u>स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत</u>: (१) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पद प्रदेशस्तरीय स्थानीय सेवाको पद हुनेछ ।

(२) स्थानीय तहमा प्रशासन सेवाका देहायको तहका प्रमुख प्रशासकीय अधिकृत रहनेछन्:-

(क) महानगरपालिका र उपमहानगरपालिकामा अधिकृत एघारौं तहको कर्मचारी,

(ख) नगरपालिकामा अधिकृत दशौं तहको कर्मचारी वा त्यस्तो कर्मचारी उपलब्ध नभएमा राजपत्राङ्कित द्वितीय श्रेणी वा अधिकृत नवौं तहमा तीन वर्ष पूरा गरेको कर्मचारी,

(ग. गाउँपालिकामा अधिकृत आठौं तहको कर्मचारी वा त्यस्तो कर्मचारी उपलब्ध नभएमा राजपत्राङ्कित तृतीय श्रेणी वा अधिकृत सातौं तहमा तीन वर्ष पूरा गरेको कर्मचारी।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख प्रशासकीय अधिकृतको पदमा प्रचलित कानून बमोजिम प्रदेशस्तरीय स्थानीय सेवाको सम्बन्धित सेवा तथा तहको कर्मचारीबाट पूर्ति नभएसम्म नेपाल सरकारले सङ्घीय निजामती सेवाको प्रशासन सेवाका उपदफा (२) बमोजिमको तहका कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न खटाउनेछ।

(४) उपदफा (३) बमोजिम कामकाज गर्न खटाउने प्रयोजनको लागि यो ऐन प्रारम्भ भएको तीन महिनाभित्र र त्यसपछि आर्थिक वर्ष शुरु भएको एक महिनाभित्र प्रदेश सरकारले सो आर्थिक वर्षमा प्रदेशस्तरीय स्थानीय सेवाबाट पूर्ति हुने र उपदफा (३) बमोजिम सङ्घीय निजामती सेवाबाट खटाउनु पर्ने प्रमुख प्रशासकीय अधिकृतको पद सम्बन्धी विवरण र प्रदेशस्तरीय स्थानीय सेवाबाट पदपूर्ति हुँदा फिर्ता गर्नु पर्ने निजामती कर्मचारीको विवरण सङ्घीय मन्त्रालयमा पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त भएको विवरणको आधारमा नेपाल सरकारले स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको रुपमा खटाउनु पर्ने सम्बन्धित तहका कर्मचारीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा खटाउनेछ।

(६) उपदफा (५) बमोजिम नेपाल सरकारले कर्मचारी नखटाएको अवस्थामा सम्बन्धित प्रदेश सरकारले प्रदेश निजामती सेवाको सम्बन्धित तहको कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको रुपमा खटाउन सक्नेछ।

तर यसरी खटाउँदा सम्बन्धित स्थानीय तहमा कार्यरत कर्मचारी भन्दा कनिष्ठ कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको रुपमा खटाइने छैन।

सचिव

(७) उपदफा (३) वा (६) बमोजिम खटाइएको कर्मचारी आफ्नो पदीय दायित्व निर्वाह गर्ने सन्दर्भमा सम्बन्धित स्थानीय तहप्रति उत्तरदायी हुनेछ ।

(८) उपदफा (३) बमोजिम प्रमुख प्रशासकीय अधिकृतको पदमा खटाइएको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवले सुपरिवेक्षकको रूपमा र प्रमुख सचिवले पुनरावलोकनकर्ताको रूपमा मूल्याङ्कन गर्नेछ ।

तर अधिकृत एघारौं तहको प्रमुख प्रशासकीय अधिकृतको हकमा प्रमुख सचिवले सुपरिवेक्षक र पुनरावलोकनकर्ताको रूपमा मूल्याङ्कन गर्नेछ ।

(९) उपदफा (८) बमोजिमको कार्यसम्पादन मूल्याङ्कनका लागि देहाय बमोजिमको पुनरावलोकन समिति रहनेछः-

| | |
|---|---|
| (क) मन्त्रालयको सचिव | -संयोजक |
| (ख) सम्बन्धित पुनरावलोकनकर्ता | -सदस्य |
| (ग) सम्बन्धित सुपरिवेक्षक | -सदस्य |

(१०) उपदफा (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि अधिकृत एघारौं तहको प्रमुख प्रशासकिय अधिकृतको कार्यसम्पादन मूल्याङ्कनका लागि देहाय बमोजिमको पुनरावलोकन समिति रहनेछः-

| | |
|---|---|
| (क) नेपाल सरकारको मुख्य सचिव | -संयोजक |
| (ख) मन्त्रालयको सचिव | -सदस्य |
| (ग) सम्बन्धित प्रदेशको प्रमुख सचिव | -सदस्य |

(११) उपदफा (८) बमोजिम सुपरिवेक्षकको रूपमा मूल्याङ्कन गर्ने कर्मचारीले मूल्याङ्कन गर्दा तोकिए बमोजिम सम्बन्धित गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखले गरेको कार्यसम्पादन टिप्पणीलाई समेत आधार मान्नु पर्नेछ ।

(१२) उपदफा (३) वा (६) बमोजिम नेपाल सरकार वा प्रदेश सरकारले स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको पदमा कर्मचारी नखटाएको अवस्थामा सो स्थानीय तहमा कार्यरत वरिष्ठतम कर्मचारीले प्रमुख प्रशासकीय अधिकृतको रूपमा काम गर्नेछ ।

११७. <u>सङ्घ, प्रदेश र स्थानीय तह बीचको प्रशासनिक अन्तरसम्बन्धः</u> (१) सङ्घ, प्रदेश र स्थानीय तहका सरकारी सेवाहरूले यो ऐनलाई मार्गदर्शकको रूपमा लिनु पर्नेछ ।

(२) प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा वा प्रदेशभित्रका स्थानीय सेवाको गठन तथा सञ्चालन गर्दा अन्य विषयका अतिरिक्त दफा ४ बमोजिमका आधारभूत सिद्धान्तलाई समेत अवलम्बन गर्नु पर्नेछ ।

(३) कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम निजामती सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवाको पदमा समायोजन भएको कर्मचारी सरुवा, बढुवा वा अवकाश नभएसम्म त्यस्तो पद फाजिलमा पर्ने गरी सङ्गठन संरचना वा दरबन्दी स्वीकृत गर्न पाइने छैन।

(४) प्रदेश सरकारले सङ्गठन संरचना र दरबन्दी स्वीकृत गर्दा प्रदेश सरकारको प्रमुख सचिव र प्रदेश सचिवको अतिरिक्त प्रदेशमा नरहेको कुनै सेवा, समूहको अन्य पदमा सङ्घीय निजामती सेवाको दरबन्दी रहने व्यवस्था गर्न सक्नेछ। यसरी सङ्घीय निजामती सेवाको दरबन्दी रहने व्यवस्था गरिएकोमा प्रदेश सरकारले सेवा, समूह सञ्चालन गर्ने मन्त्रालयलाई सोको जानकारी गराउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्रदेशमा सङ्घीय निजामती सेवाको दरबन्दी कायम भएको जानकारी प्राप्त भए पछि सेवा, समूह सञ्चालन गर्ने मन्त्रालयले राष्ट्रिय किताबखानामा त्यस्तो पद दर्ता गराई यस ऐन बमोजिम पदपूर्ति गर्नु पर्नेछ।

(६) प्रदेश तथा स्थानीय तहमा रिक्त रहेको पद प्रदेश निजामती सेवा वा स्थानीय सेवाबाट पूर्ति हुन नसकेको अवस्थामा सम्बन्धित प्रदेश सरकारको अनुरोधमा नेपाल सरकारले सङ्घीय निजामती सेवाको कर्मचारीलाई कामकाज गर्न खटाउन सक्नेछ।

(७) प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा तथा प्रदेशस्तरीय स्थानीय सेवामा कार्यरत कर्मचारीको हकमा निवृत्तभरन कोष सम्बन्धी सङ्घीय कानून बमोजिमको योगदानमा आधारित निवृत्तिभरण कोषमा आवद्ध गरी निवृत्तिभरणको व्यवस्था गर्नु पर्नेछ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका कर्मचारीको हकमा सोही ऐनमा व्यवस्था भए बमोजिम हुनेछ।

(९) स्थानीय तहमा अधिकृत तहको पदमा कम्तीमा तीन वर्ष र सहायक तहको पदमा कम्तीमा पाँच वर्ष बहाल रहेका प्रदेशस्तरीय स्थानीय सेवाका कर्मचारीलाई सम्बन्धित स्थानीय तहहरूको सहमतिमा प्रदेशको प्रमुख सचिवले सम्बन्धित प्रदेश भित्रको अन्य स्थानीय तहमा सरुवा गर्न सक्नेछ।

(१०) कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका वा लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्ति भई प्रदेश निजामती सेवा वा प्रदेशस्तरीय स्थानीय सेवामा बहाल रहेका कर्मचारी सङ्घीय निजामती सेवामा स्थायी नियुक्ति भई रमाना लिई आएमा निजको प्रदेश निजामती सेवा वा स्थानीय सेवाको सेवा अवधि सङ्घीय निजामती सेवामा गणना गरिनेछ ।

(११) प्रदेश निजामती सेवा वा प्रदेशस्तरीय स्थानीय सेवाको अधिकृत सातौं तहको रिक्त पद मध्ये कम्तीमा सत्तरी प्रतिशत पद खुला प्रतियोगिताको आधारमा पूर्ति गर्नु पर्नेछ।

(१२) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा सो अन्तर्गतको निकायमा नयाँ सङ्गठन संरचना तयार गर्ने वा दरबन्दी सिर्जना गर्ने सम्बन्धमा नेपाल सरकारले राष्ट्रिय मापदण्ड बनाई लागू गर्नेछ।

(१३) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह वा सो अन्तर्गतको निकायमा नयाँ सङ्गठन संरचना तयार गर्दा वा दरबन्दी सिर्जना गर्दा उपदफा (१२) बमोजिमको मापदण्ड बमोजिम गर्नु पर्नेछ।

११८. <u>प्रदेश र स्थानीय सेवा सम्बन्धी कानून निर्माण गर्दा पालना गर्नु पर्ने मापदण्डः</u> (१) प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा र प्रदेशस्तरीय स्थानीय सेवा सम्बन्धी कानून निर्माण गर्दा छनौट, भर्ना, नियुक्ति, सरुवा, बढुवा, आचरण, विभागीय सजायका विषयमा यस ऐनका आधारभूत सिद्धान्त, मान्यता तथा व्यवस्थाको पालना गर्नु पर्नेछ।

(२) प्रदेशले प्रदेश निजामती सेवा वा प्रदेशस्तरीय स्थानीय सेवा सम्बन्धी कानून निर्माण गर्दा देहायका विषय समेत समावेश गर्नु पर्नेछः-

(क) प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा र प्रदेशस्तरीय स्थानीय सेवाको पदमा प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्ति हुने व्यवस्था तथा प्रदेश लोक सेवा आयोगले उपयुक्तताको परीक्षण गरी दिएको सहमतिमा मात्र कर्मचारीको सेवा, समूह वा उपसमूह परिवर्तन गर्न सकिने व्यवस्था,

(ख) प्रदेश निजामती सेवा र प्रदेशस्तरीय स्थानीय सेवाका कर्मचारीको सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्था,

(ग) सङ्घीय निजामती सेवामा बहाल रहेका स्थायी कर्मचारीलाई प्रदेश निजामती सेवा वा प्रदेशस्तरीय स्थानीय सेवाको पदमा, प्रदेश निजामती सेवामा बहाल रहेका स्थायी कर्मचारीलाई प्रदेशस्तरीय स्थानीय सेवाको पदमा वा प्रदेशस्तरीय स्थानीय सेवामा बहाल रहेका स्थायी कर्मचारीलाई प्रदेश निजामती सेवाको पदमा खुला वा अन्तर तह प्रतियोगितामा उम्मेदवार हुन उमेरको हद नलाग्ने व्यवस्था,

(घ) सङ्घीय निजामती सेवाबाट प्रदेश निजामती सेवा वा प्रदेशस्तरीय स्थानीय सेवामा, प्रदेश निजामती सेवाबाट प्रदेशस्तरीय स्थानीय सेवामा वा प्रदेशस्तरीय स्थानीय सेवाबाट प्रदेश निजामती सेवामा नियुक्ति हुने स्थायी कर्मचारीको पहिलेको स्थायी सेवा अवधि गणना गर्ने व्यवस्था,

(ङ) सङ्घीय निजामती सेवामा बहाल रहेका स्थायी कर्मचारीलाई प्रदेश निजामती सेवा र प्रदेशस्तरीय स्थानीय सेवाको पदमा, प्रदेश निजामती सेवामा बहाल रहेका स्थायी कर्मचारीलाई प्रदेशस्तरीय स्थानीय सेवाको पदमा तथा प्रदेशस्तरीय स्थानीय सेवामा बहाल रहेका स्थायी कर्मचारीलाई प्रदेश निजामती सेवाको पदमा अन्तर तह प्रतियोगिताको माध्यमबाट तह परिवर्तनको अवसर प्रदान गर्ने व्यवस्था,

(च) सम्बन्धित प्रदेश भित्रका स्थानीय तहमा रिक्त रहेको पदमा बढुवाद्वारा पूर्ति गर्नुपर्ने भएमा सो प्रदेश भित्रका सबै स्थानीय तहमा बहाल रहेका प्रदेशस्तरीय स्थानीय सेवाका न्यूनतम योग्यता हासिल भएका एक तह मुनिका सम्बन्धित सेवा, समूहका स्थायी कर्मचारी बढुवाको उम्मेदवार हुन सक्ने व्यवस्था,

(छ) प्रदेश सरकारको प्रमुख सचिव, सचिव, विभागीय प्रमुख, कार्यालय प्रमुख तथा आयोजना प्रमुखसँग कार्यसम्पादन सम्झौता गर्ने तथा त्यसको

कार्यसम्पादन सम्झौता बमोजिमको कार्यसम्पादन प्रगतिलाई समेत त्यस्तो कर्मचारीको मूल्याङ्कनको आधार बनाउने व्यवस्था,

(ज) प्रदेश निजामती सेवा वा प्रदेशस्तरीय स्थानीय सेवाको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह वा सोभन्दा माथिको पदबाट सेवा निवृत्त भएको व्यक्तिले लिखित अग्रिम पूर्वस्वीकृति नलिई सरकारी नियुक्ति हुने पद बाहेकको अन्यत्र नोकरी गर्न नपाउने व्यवस्था।

(३) कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम निजामती सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका कर्मचारीको समायोजन हुँदाका बखत लागू रहेको कानून बमोजिम तलब, उपदान, निवृत्तिभरण, उपचार खर्च र अन्य सुविधा सम्बन्धी सेवाका शर्तहरूमा प्रतिकूल असर पर्ने गरी कानून बनाउन पाइने छैन ।

(४) प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा र प्रदेशस्तरीय स्थानीय सेवाका कर्मचारीको सेवा शर्त सम्बन्धी कानून बनाउँदा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ।

(५) प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा वा प्रदेशस्तरीय स्थानीय सेवाको कानून नबनेसम्म प्रदेश निजामती सेवा वा प्रदेशस्तरीय स्थानीय सेवाको पदमा हुने पदपूर्तिका लागि पदसङ्ख्या निर्धारण, सरुवा, काज, बढुवा, अवकाश, बिदा, आचरण, विभागीय सजाय तथा सेवा सुविधा सम्बन्धमा यस ऐनको व्यवस्था आवश्यक हेरफेर सहित (मुटाटिस मुटान्डिस) लागू हुनेछ ।

तर सेवा सुविधाको हकमा त्यस्तो सेवा सुविधा सम्बन्धित प्रदेश वा स्थानीय तहको स्रोतबाट व्यहोर्नु पर्नेछ ।

(६) यो ऐन प्रारम्भ हुनु अघि प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा वा प्रदेशस्तरीय स्थानीय सेवा सम्बन्धी कानून बनिसकेको भएमा यो ऐन प्रारम्भ भएको छ महिनाभित्र यो ऐनको व्यवस्था अनुकूल हुने गरी त्यस्तो कानून परिमार्जन गर्नु पर्नेछ।

११९. <u>प्रदेश वा स्थानीय तहमा समायोजन भएका वा खटिएका कर्मचारी सम्बन्धी विशेष व्यवस्था:</u> (१) कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका वा खटाइएका कर्मचारीको तलब तथा अन्य सुविधा सम्बन्धित प्रदेश वा स्थानीय तहले उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएको वा खटाइएको निजामती कर्मचारी समायोजन भएको वा खटाइएको पद वा सो भन्दा माथिल्लो पदबाट कुनै कारणले सेवाबाट अलग भएमा निजले पाउने उपदान, निवृत्तिभरण, उपचार खर्च, सञ्चित बिदाको रकम नेपाल सरकारले व्यहोर्नेछ। यस्तो रकम उपलब्ध गराउँदा सङ्घीय निजामती सेवाका समान श्रेणी वा तहको कर्मचारीले पाउने सुविधाभन्दा घटीबढी नहुने गरी उपलब्ध गराइनेछ ।

तर भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको कर्मचारीलाई यस उपदफा बमोजिमको कुनै सुविधा दिइने छैन ।

(३) कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम स्थानीय सेवामा समायोजन भएको कर्मचारीले त्यसरी समायोजन भएको स्थानीय तहमा कम्तीमा दुई वर्ष काम गरे पछि सम्बन्धित प्रदेशको प्रमुख सचिवले सोही प्रदेश भित्रको अर्को स्थानीय तहमा सरुवा गर्न सक्नेछ।

(४) प्रदेश निजामती सेवा वा स्थानीय सेवा गठन नभएको वा प्रदेश वा स्थानीय तहले कर्मचारी पूर्ति गर्न नसकेको कारण त्यस्तो पदमा सङ्घीय निजामती सेवाका कर्मचारी खटाउन सम्बन्धित प्रदेश वा स्थानीय तहले अनुरोध गरेमा नेपाल सरकारले निजामती कर्मचारी खटाउन सक्नेछ ।

(५) यो ऐन वा अन्य प्रचलित कानून बमोजिम प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन नभई कामकाज गर्न खटिएको कर्मचारी सङ्घीय निजामती सेवाका कर्मचारी मानिनेछ ।

(६) यो ऐन वा कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम प्रदेश वा स्थानीय तहको कुनै पदमा सङ्घीय निजामती सेवाको कर्मचारी रहने व्यवस्था भएमा त्यस्तो कर्मचारीको काज, सरुवा, सुविधा तथा सेवाका अन्य शर्त यस ऐन बमोजिम नै हुनेछ।

१२०. <u>कर्मचारीलाई पदस्थापन गर्ने सम्बन्धी विशेष व्यवस्था</u>: (१) कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएका वा समायोजन संशोधन वा मिलान गर्दा प्रदेश वा स्थानीय तहमा समायोजन भएका तर सम्बन्धित प्रदेश वा स्थानीय तहले हाजिर नगराई फिर्ता पठाएका कर्मचारीलाई सम्बन्धित प्रदेश वा स्थानीय तहसँग समन्वय गरी मन्त्रालयले देहाय बमोजिम पदस्थापन गर्न सक्नेछः-

(क) प्रदेश निजामती सेवामा समायोजन भएका कर्मचारीलाई सम्बन्धित सेवा, समूहको रिक्त पद उपलब्ध भएसम्म सोही प्रदेशको अन्य कार्यालयमा,

(ख) खण्ड (क) बमोजिम सम्बन्धित प्रदेशमा सम्बन्धित सेवा, समूहको रिक्त पद उपलब्ध नभएमा अन्य प्रदेशको कार्यालयमा,

(ग) स्थानीय सेवामा समायोजन भएका कर्मचारीलाई सम्बन्धित सेवा, समूहको रिक्त पद उपलब्ध भएसम्म सोही प्रदेशभित्रको अन्य स्थानीय तहमा,

(घ) खण्ड (ग) बमोजिम सम्बन्धित प्रदेश भित्रको स्थानीय तहमा सम्बन्धित सेवा, समूहको रिक्त पद उपलब्ध नभएमा अन्य प्रदेशको स्थानीय तहमा,

(२) उपदफा (१) बमोजिम प्रदेश वा स्थानीय तहको पदमा पदस्थापन भएका कर्मचारी सम्बन्धित प्रदेश निजामती सेवा वा प्रदेशस्तरीय स्थानीय सेवाको पदमा कायम भएको मानिनेछ।

## परिच्छेद-१३

## <u>विविध</u>

१२१. <u>प्रशासन सुधार समिति रहने</u>: (१) सङ्घीय निजामती सेवालाई सक्षम तथा उत्तरदायी बनाउन तथा सङ्घ, प्रदेश र स्थानीय तहबीचको प्रशासनिक अन्तरसम्बन्धलाई थप व्यवस्थित गर्न गर्नु पर्ने

सुधारको विषयमा नेपाल सरकारलाई सिफारिस गर्न देहाय बमोजिमको प्रशासन सुधार समिति रहनेछ:-

(क) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री -संयोजक

(ख) नेपाल सरकारको मुख्य सचिव -सदस्य

(ग) मन्त्रालयको सचिव -सदस्य

(घ) अर्थ मन्त्रालयको सचिव -सदस्य

(ङ) कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिव -सदस्य

(च) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सचिव -सदस्य

(छ) नेपाल सरकारले मनोनयन गरेका कम्तीमा एक जना महिला सहित दुईजना सार्वजनिक प्रशासन क्षेत्रका विज्ञ -सदस्य

(ज) मन्त्रालयको सचिवले तोकेको सहसचिव -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (छ) बमोजिमको सदस्यको पदावधि दुई वर्ष हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सदस्यले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्न नसकेमा नेपाल सरकारले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउनु अघि सफाईको मनासिब मौका दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक तथा काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२२. <u>सेवा समूह सञ्चालन:</u> सेवा, समूह वा उपसमूहको सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१२३. <u>चेतावनी दिन सकिने:</u> कुनै निजामती कर्मचारीले देहायको कुनै काम गरेमा सुपरीवेक्षकले कारण खोली चेतावनी दिन सक्नेछ र सोको अभिलेख सम्बन्धित कर्मचारीको व्यक्तिगत विवरण फाइलमा राख्नेछ :-

(क) समयपालना नगरेमा,

(ख) सरकारी काम सम्बन्धी कुरामा आफूभन्दा माथिको कर्मचारीले दिएको आदेश पालना नगरेमा,

(ग) पदीय मर्यादा अनुकूल कार्य नगरेमा,

(घ) कार्यालय सम्बन्धी काममा लापरवाही वा ढिलासुस्ती गरेमा, वा

(ङ) सम्बन्धित सुपरिवेक्षकले कुनै विषय सुधार गर्न दफा १३६ को उपदफा (३) बमोजिम जानकारी गराएकोमा सो बमोजिमको अवधिभित्र त्यस्तो सुधार नगरेमा।

१२४. <u>निजामती कर्मचारीले पाउने विदा:</u> (१) निजामती कर्मचारीले देहायका विदाहरू तोकिए बमोजिम पाउनेछ :-

(क) भैपरी आउने र पर्व विदा,

(ख) घर विदा,

(ग) बिरामी विदा,

(घ) प्रसूती विदा,

(ङ) प्रसूती स्याहार विदा,

(घ) किरिया बिदा,

(ङ) विवाह बिदा,

(ज) पर्यटन बिदा,

(झ) अध्ययन बिदा, र

(ञ) असाधारण बिदा ।

(२) बिदा निजामती कर्मचारीको अधिकारको रुपमा नभई सहुलियतको रुपमा रहनेछ।

१२५. बेतलबी बिदा: (१) कुनै निजामती कर्मचारीको पति वा पत्नी विदेश स्थित नेपाली राजदूतावास वा कुनै नियोगमा खटिई गएमा त्यस्तो निजामती कर्मचारीले तोकिए बमोजिम बेतलबी बिदा पाउनेछ ।

(२) उपदफा (१) बमोजिमको बिदाको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन ।

१२६. भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएका कर्मचारीले पाउने सुविधा: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९५ को खण्ड (ख) को उपखण्ड (२) बमोजिम सेवाबाट बर्खास्त भएको निजामती कर्मचारीले दफा ४७ बमोजिमको कर्मचारी सञ्चयकोष, दफा ४८ बमोजिमको सावधिक बीमा र दफा ६७ बमोजिमको योगदानमा आधारित निवृत्तिभरण बापत जम्मा भएको रकम मध्ये त्यस्तो कर्मचारीले योगदान गरेको रकम र सोको ब्याज बाहेक अन्य कुनै सुविधा पाउने छैन।

तर दफा ९८ को उपदफा (२) को खण्ड (क) बमोजिमको आधारमा त्यस्तो सजाय पाई बर्खास्त भएको कर्मचारीले सञ्चित घर बिदा र बिरामी बिदा बापतको रकम पाउनेछ ।

(२) सङ्घीय निजामती सेवाबाट अवकाश प्राप्त व्यक्तिको मृत्यु भई निजको हकवालाले कुनै सुविधा पाउने भएमा त्यस्तो सुविधा पाउने व्यक्तिले स्थायी आवासीय अनुमति पाएको रहेछ भने उपदफा (१) बमोजिमको रकम बाहेक अन्य सुविधा पाउने छैन ।

१२७. नोकरी नथामिने: कुनै निजामती कर्मचारीलाई दफा ९५ को खण्ड (ख) बमोजिमको सजाय भएकोमा सो सजाय उपर परेको पुनरावेदनको आधारमा अदालतबाट त्यस्तो सजाय गर्ने निर्णय बदर भई निज सेवामा पुनःबहाली हुने भएमा सो निर्णयको सूचना पाएको तीस दिन वा निर्णय भएको नब्बे दिन मध्ये जुन पहिले हुन्छ सो अवधिभित्र सम्बन्धित कार्यालयमा उपस्थित हुन नआएमा निजको नोकरी थामिने छैन ।

१२८. सङ्घीय निजामती सेवामा पुनः बहाली भएमा पाउने सुविधा: (१) कुनै निजामती कर्मचारीलाई दफा ९५ को खण्ड (ख) बमोजिमको सजाय भएकोमा सो सजाय उपर परेको पुनरावेदनको आधारमा अदालतबाट त्यस्तो सजाय गर्ने निर्णय बदर भई निज सेवामा पुनःबहाली हुने भएमा त्यस्तो कर्मचारीले सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखि सेवामा पुनः कायम भएको मितिसम्मको बाँकी तलब, भत्ता, चाडपर्व खर्च र तलब वृद्धि पाउने भए सो समेत पाउनेछ ।

(२) यो ऐन प्रारम्भ हुनु अघि निजामती सेवाबाट हटाइएको वा बर्खास्त गरिएका निजामती कर्मचारी अदालतको आदेशद्वारा सङ्घीय निजामती सेवामा पुनः बहाली भएमा त्यस्तो कर्मचारीले समेत उपदफा (१) बमोजिम तलब, भत्ता, चाडपर्व खर्च र तलब वृद्धि पाउनेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ९८ को उपदफा (१) को खण्ड (ग) वा (घ) बमोजिमको आधारमा सेवाबाट हटाइएको निजामती कर्मचारीले अदालतको आदेशबाट सेवामा पुनःबहाली भएमा कार्यालयमा अनुपस्थित भएको मितिदेखि अदालतबाट पुनःबहाली भई हाजिर भएको अघिल्लो दिनसम्मको तलब, भत्ता र चाडपर्व खर्च पाउने छैन ।

(४) कुनै निजामती कर्मचारीलाई विभागीय सजाय भई सेवाबाट हटाइएको वा बर्खास्त गरिएकोमा कर्मचारी समायोजन सम्बन्धी सङ्घीय कानून बमोजिम समायोजनको कार्य सम्पन्न भइसकेपछि अदालतको निर्णय अनुसार सेवामा पुनःस्थापित हुने भएमा त्यस्तो कर्मचारीलाई सङ्घीय निजामती सेवामा समायोजन गरिनेछ ।

१२९. <u>निजामती कर्मचारीहरुको ट्रेड युनियन सम्बन्धी व्यवस्था:</u> (१) निजामती कर्मचारीले यस ऐनको अधीनमा रही ट्रेड युनियन गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम ट्रेड युनियन गठन गर्दा देहायको विषयमा देहाय बमोजिमको व्यवस्था पालना गर्नु पर्नेछः–

(क) कार्यालय प्रमुख भई काम गर्नु पर्ने राजपत्राङ्कित कर्मचारी बाहेक राजपत्राङ्कित तृतीय श्रेणी वा सोभन्दा मुनिका निजामती कर्मचारीले आफ्नो पेशागत हक हितका लागि राष्ट्रियस्तरको निजामती कर्मचारीको ट्रेड युनियन गठन गरी सदस्यता लिन सक्ने,

(ख) निजामती कर्मचारीको ट्रेड युनियनको दर्ता श्रम तथा रोजगार प्रवर्द्धन विभागमा हुने।

(३) निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनको गठन देहाय बमोजिम हुनेछः–

(क) उपदफा (१) बमोजिम गठन भएको निजामती कर्मचारीको राष्ट्रियस्तरको ट्रेड युनियनका सदस्यहरुले छनौट गरेका पदाधिकारीहरु रहने गरी एक निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियन गठन गर्न सक्ने,

(ख) निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनले जिल्लास्तर, विभागीयस्तर र राष्ट्रियस्तरमा आफ्नो पेशागत मागहरु सम्बन्धित निकायमा प्रस्तुत गरी सामाजिक संवाद र सामूहिक सौदाबाजी गर्न पाउने,

(ग) निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने।

(४) निजामती कर्मचारीको ट्रेड युनियनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) कर्मचारीको हक हित संरक्षण एवं सम्वर्द्धन गरी सङ्घीय निजामती सेवालाई प्रभावकारी र गतिशील बनाउन नेपाल सरकारलाई रचनात्मक सुझाव र सहयोग गर्नु उपदफा (२) वा (३) बमोजिम गठित निजामती कर्मचारीको ट्रेड युनियनहरुको कर्तव्य हुने,

(ख) निजामती कर्मचारीको ट्रेड युनियनले भेला, तालीम, प्रशिक्षण, गोष्ठी लगायतका रचनात्मक एवं सिर्जनात्मक कार्य सञ्चालन गर्न सक्ने,

(ग) निजामती कर्मचारीको ट्रेड युनियनलाई महासंघ गठन गर्ने, त्यसको सदस्य बन्ने, अन्तर्राष्ट्रिय संघ वा महासंघको सदस्य बन्ने र आफ्नो संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने अधिकार हुने।

(५) निजामती सेवासँग सम्बन्धित कानूनको निर्माण गर्दा नेपाल सरकारले निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनको सल्लाह र सुझाव लिन सक्नेछ।

(६) उपदफा (२) वा (३) बमोजिम गठित राष्ट्रियस्तरका ट्रेड युनियनका केन्द्रीय पदाधिकारी र सदस्यहरुलाई युनियन सम्बन्धी स्वदेशी तथा वैदेशिक सेमिनार, गोष्ठी, अधिवेशन, सङ्गठन सम्बन्धी कार्य आदि कार्यक्रममा भाग लिनको लागि नेपाल सरकारलाई आर्थिक दायित्व नपर्ने गरी एक वर्षमा बढीमा तीस दिनसम्मको काजको व्यवस्था गर्न सकिनेछ।

(७) प्रदेश निजामती सेवा र सम्बन्धित प्रदेशमा रहेको प्रदेशस्तरीय स्थानीय सेवाका तोकिए बमोजिमका कर्मचारीहरु सहभागी हुन पाउने गरी प्रत्येक प्रदेशमा प्रदेश कानून बमोजिम प्रदेशस्तरीय आधिकारिक ट्रेड यूनियन रहन सक्नेछ।

(८) यस दफा बमोजिमका राष्ट्रिय स्तरका ट्रेड युनियन तथा आधिकारिक ट्रेड युनियनका पदाधिकारी वा सदस्यले यस ऐन र प्रचलित कानून बमोजिम कर्मचारीले पालना गर्नु पर्ने आचरणका अतिरिक्त देहाय बमोजिमका आचरण पालना गर्नु पर्नेछः-

(क) आफू खटिएको निकाय वा कार्यालयमा अनिवार्य रुपमा सेवा गर्नु पर्ने,

(ख) सम्बन्धित कार्यालयमा आफुलाई तोकिएको जिम्मेवारीमा असर पर्ने गरी कार्यालय समयमा ट्रेड युनियन सम्बन्धी गतिविधि गर्न नहुने,

(ग) नीतिगत विषय बाहेक कुनै पनि कर्मचारीको सरुवा, बढुवा वा वृत्ति विकास सम्बद्ध विषयमा दबाब दिन वा प्रभावमा पार्न नहुने,

(घ) कुनै पनि कर्मचारीलाई ट्रेड यूनियनमा आवद्ध हुन दवाव दिन वा बाध्य बनाउन नहुने,

(ङ) ट्रेड युनियन सम्बन्धी कामका लागि दिइएको बाहेक अन्य कुनै सरकारी साधनस्रोतको प्रयोग गर्न नहुने ।

(९) उपदफा (८) मा उल्लिखित आचरण उलङ्घन गर्ने निजामती कर्मचारीलाई अख्तियारवालाले विभागीय कारवाही गर्नेछ ।

(१०) यो ऐन प्रारम्भ हुनु अघि दर्ता भएका निजामती कर्मचारीका राष्ट्रियस्तरका ट्रेड युनियन यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ।

(११) निजामती कर्मचारीको ट्रेड युनियनको दर्ता, सो सम्बन्धी शर्त, प्रक्रिया र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३०. निजामती कर्मचारीको पीरमर्का, गुनासो र सुनुवाईको व्यवस्था: (१) निजामती कर्मचारीले यो ऐन वा प्रचलित कानून बमोजिम अन्यत्र उजुरी वा पुनरावेदन गर्न पाउने व्यवस्था भएकोमा बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्रदान गरिएका सेवा, शर्त, सुविधा र कर्मचारीसँग सरोकार राख्ने विषयमा आफूलाई मर्का परेको छ भन्ने लागेमा वा सो सम्बन्धमा सम्बन्धित निकायलाई जानकारी गराउँदा समेत कारबाही नभएमा निजले आफूलाई परेको पीरमर्का तथा गुनासो मन्त्रालयमा तोकिए बमोजिम राख्न सक्नेछ ।

(२) निजामती कर्मचारीको पीरमर्का, गुनासो र सुनुवाई सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३१. बरबुझारथ गर्नुपर्ने: कुनै निजामती कर्मचारीले आफूले बुझाउनुपर्ने नगदी, जिन्सी वा कागजात तोकिएको अवधिभित्र सम्बन्धित कर्मचारीलाई बुझाई दिनु पर्नेछ र सो बुझ्नु पर्नेले पनि सोही म्यादभित्र बुझी लिनु पर्नेछ ।

१३२. अपाङ्गता भएको कर्मचारीका लागि विशेष व्यवस्था: (१) अपाङ्गता भएको कर्मचारीको पदस्थापन वा सरुवा गर्दा निजको अपाङ्गताको अवस्थालाई ध्यान दिई सम्भव भएसम्म उपयुक्त स्थानमा गरिनेछ ।

(२) अपाङ्गता भएको कर्मचारीको कार्य सहजताका लागि कार्य वातावरण र कार्यालयको विन्यास अपाङ्ग मैत्री बनाउन तथा निजको कामलाई सहजीकरण गर्न कार्यालय प्रमुखले आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

१३३. कर्मचारी कल्याण कोषको स्थापना र सञ्चालन: (१) सङ्घीय निजामती सेवाका बहालवाला कर्मचारी, अवकाश प्राप्त कर्मचारी र निजको परिवारको सदस्यको कल्याणका लागि कल्याणकारी कोष स्थापना गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको स्थापना तथा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३४. नेपाल सरकारले सेवा निवृत्त पूर्व कर्मचारीको सेवा लिन सक्ने: (१) सङ्घीय निजामती सेवाबाट अवकाश प्राप्त गरी निवृत्तिभरण पाईरहेका कर्मचारीसँग नेपाल सरकारले आवश्यक सेवा लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा उपलब्ध गराउनु त्यस्ता सेवानिवृत्त पूर्व कर्मचारीको कर्तव्य हुनेछ ।

१३५. नेतृत्व परीक्षण: (१) राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहका कर्मचारीहरूको तोकिए बमोजिमको समितिबाट नेतृत्व परीक्षण गरिनेछ।

(२) उपदफा (१) बमोजिम नेतृत्व परीक्षण गर्दा देहायको आधारमा गर्नु पर्नेछ:-

(क) निजामती कर्मचारीले नेतृत्व गरेको संस्थाको वार्षिक कार्यक्रमको प्रगति,

(ख) नीति विश्लेषण क्षमता, कार्य सम्पादन गर्दा नेतृत्व लिन सक्ने क्षमता,

(ग) निर्णय गर्ने क्षमता,

(घ) सेवाग्राहीको सन्तुष्टी,

(ङ) बेरुजु फछ्र्यौटको प्रगति,

(च) संवैधानिक निकायको वार्षिक प्रतिवेदनमा औंल्याएको बेरुजु,

(छ) सामूहिक कार्य प्रणाली, पेशागत संवेदनशीलता,

(ज) अन्तरवैयक्तिक सम्बन्ध, र

(झ) कार्यरत निकायमा गरेको रचनात्मक वा सिर्जनात्मक सुधार।

(३) उपदफा (१) बमोजिमको समितिले नेतृत्व मूल्याङ्कन गर्दा सम्बन्धित निजामती कर्मचारी कार्यरत निकायका कर्मचारीबाट गोप्य रूपमा काम प्रतिको व्यवहार र आचरणको सूचना सङ्कलन गर्न सक्नेछ।

(४) यस दफा बमोजिम गरिने नेतृत्व परीक्षणको नतिजाको आधारमा उपदफा (१) बमोजिमका कर्मचारीलाई जिम्मेवारी दिईनेछ।

१३६. <u>कार्यसम्पादन मापन गर्ने</u>: (१) नेपाल सरकारले राजपत्राङ्कित निजामती कर्मचारीले सामूहिक रुपमा सम्पादन गरेको कामको नियमित रुपमा अभिलेख, सुपरिवेक्षण र मूल्याङ्कन हुने गरी कार्यसम्पादन मापन प्रणालीको विकास गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यसम्पादन मापन गर्नको लागि राजपत्राङ्कित निजामती कर्मचारीले आफूले सम्पादन गरेको कामको विवरण मासिक रुपमा आफ्नो सुपरिवेक्षक समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम विवरण पेश भए पछि सम्बन्धित सुपरिवेक्षकले प्रत्येक महिना भुक्तान भएको सात दिन भित्र कार्यसम्पादन टिप्पणी गरी कुनै कुरा सुधार गर्नु पर्ने भएमा अवधि तोकी सो बमोजिम सुधार गर्न सम्बन्धित कर्मचारीलाई लिखित जानकारी गराउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम गरिने कार्यसम्पादन मापनलाई निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा तथा निजामती कर्मचारीलाई थप वा विशेष जिम्मेवारी दिंदा, पुरस्कार प्रदान गर्दा, वैदेशिक अध्ययन वा भ्रमणको अवसर प्रदान गर्दा तथा विभागीय सजाय गर्दा आधार मान्नु पर्नेछ।

(५) कार्यसम्पादन मापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३७. <u>व्यवस्थापन परीक्षण</u>: (१) लोक सेवा आयोगको कार्यक्षेत्रभित्रका विषयहरू बाहेक मन्त्रालयले नेपाल सरकारका विभिन्न निकायहरुमा कार्यरत निजामती कर्मचारीले प्रचलित कानून तथा अन्य प्रशासकीय नियम र कार्यविधिको पालना गरे नगरेको सम्बन्धमा सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गरी व्यवस्थापन परीक्षण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्थापन परीक्षण गर्दा आवश्यकता अनुसार निर्देशन दिन तथा कुनै प्रशासकीय अनियमितता देखिएमा सम्बन्धित निजामती कर्मचारी उपर विभागीय कारवाही गर्न सम्बन्धित अधिकारीलाई लेखी पठाउन सकिनेछ ।

(३) मन्त्रालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले नब्बे दिनभित्र व्यवस्थापन परीक्षणको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदन उपर छानबिन गरी नेपाल सरकारले सम्बन्धित निकाय वा पदाधिकारीलाई आवश्यक निर्देशन दिनेछ। त्यस्तो निर्देशन पालना नगर्ने सम्बन्धित पदाधिकारीलाई विभागीय कारबाही गरिनेछ।

१३८. <u>अधिकार प्रत्यायोजन</u>: (१) नेपाल सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरू नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको निजामती कर्मचारी वा अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्ने छ ।

(२) यस ऐन बमोजिमको कुनै अधिकारीलाई प्राप्त अधिकार आफ्नो सामान्य रेखदेखमा रही प्रयोग गर्ने गरी निजले आफू मातहतका निजामती कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

तर दफा १०३ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सफाईको मौका दिने प्रयोजनका लागि अधिकार प्रत्यायोजन गर्ने बाहेक विभागीय सजाय गर्ने सम्बन्धी अधिकार प्रत्यायोजन गर्न पाइने छैन ।

१३९. <u>कर्मचारी अभिलेख सम्बन्धी व्यवस्था</u>: (१) सङ्घीय निजामती सेवा र अन्य सरकारी सेवाका कर्मचारीको अभिलेख राष्ट्रिय किताबखानाले राख्नेछ । यसरी अभिलेख राख्ने प्रयोजनका लागि राष्ट्रिय किताबखानाले माग गरेको विवरण उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

(२) प्रदेश सरकारले प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा र प्रदेशस्तरीय स्थानीय सेवाका कर्मचारीको अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) प्रदेश वा स्थानीय तहले उपलब्ध गराएको विवरणको आधारमा राष्ट्रिय किताबखानाले प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा र प्रदेशस्तरीय स्थानीय सेवाका कर्मचारीको एकिकृत अभिलेख राख्नेछ।

(४) कर्मचारीको व्यक्तिगत विवरण अद्यावधिक गर्ने गराउने दायित्व कर्मचारी कार्यरत निकाय, राष्ट्रिय किताबखाना र सम्बन्धित कर्मचारी समेतको हुनेछ।

१४०. <u>आचारसंहिता जारी गर्न सक्ने</u>: नेपाल सरकारले निजामती कर्मचारीका लागि अलग्गै आचारसंहिता जारी गर्न सक्नेछ। त्यस्तो आचारसंहिताको पालना गर्नु सबै निजामती कर्मचारीको कर्तव्य हुनेछ।

१४१. <u>नियम बनाउने अधिकार</u>: (१) यस ऐनको कार्यान्वयनका लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा नेपाल सरकारले सङ्घीय निजामती सेवाका सबै सेवामा सामान्य रूपले लागू हुने वा बेग्ला बेग्लै सेवाका लागि पृथक रूपले लागू हुने गरी बनाउन सक्नेछ।

१४२. <u>निर्देशिका वा कार्यविधि बनाउन सक्ने</u>: यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।

१४३. <u>खारेजी र बचाउ</u>: (१) निजामती सेवा ऐन, २०४९ खारेज गरिएको छ।

(२) निजामती सेवा ऐन, २०४९ बमोजिम भए गरेका काम कारबाहीहरू यस ऐन बमोजिम भए गरेको मानिनेछ।